"बनाऔं पौरखी हातहरुले आफ्नो भविष्य आफै ।"

# बंगलामुखी

## बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## Bangalamukhi Saving and Credit Co-operative Ltd.


**केन्द्रीय कार्यालय** : सूर्यविनायक नगरपालिका वडा नं. २, बसिडोल, बालकोट, भक्तपुर फोन नं. ०१-५२१११६७, ०१-५९०८७०४

**सेवा केन्द्र** : शंखधरचोक, मध्यपुर थिमि, भक्तपुर, फोन नं. ०१-५०९३२४४, ग्वार्को, ललितपुर, फोन नं. ०१-५२०१२०१, ०१-५२०३०७४

Email: banglamukhisaving@hotmail.com, Facebookpage: Banglamukhi Saving and Credit Co-operative Ltd

Website: banglamukhisaving.coop.np


१८ औं वार्षिक साधारणसभा




## १८ औं वार्षिक साधारणसभा

## 18th Annual General Meeting

६ असोज २०८२, सोमबार

ने.सं. ११४५ कौलाथ्व, पारु

"सक्षम सदस्य
उत्कृष्ट वित्तिय सहकारी"



# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२

# बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.

## सञ्चालक समितिका पदाधिकारीहरु



**मोहन कृष्ण श्रेष्ठ**
अध्यक्ष



**सरु श्रेष्ठ**
उपाध्यक्ष



**बाल कृष्ण श्रेष्ठ**
सचिव



**श्याम प्रधान**
कोषाध्यक्ष



**विवेक श्रेष्ठ**
सञ्चालक सदस्य



**बाबुकृष्ण श्रेष्ठ**
सञ्चालक सदस्य



**नविनमान श्रेष्ठ**
सञ्चालक सदस्य



**करुणा महर्जन**
सञ्चालक सदस्य



**अनिता अवाले श्रेष्ठ**
सञ्चालक सदस्य

## लेखासुपरीवेक्षण समितिका पदाधिकारीहरु



**श्रीराम श्रेष्ठ**
संयोजक



**अबन्तिका श्रेष्ठ**
सदस्य



**रमिता ख्वाँउजू**
सदस्य

## ऋण लगानी उपसमिति



**बाबुकृष्ण श्रेष्ठ**
संयोजक



**रिदिप महर्जन**
सदस्य



**करण श्रेष्ठ**
सदस्य

## थिमि सेवा केन्द्र व्यवस्थापन उपसमिति



**सरु श्रेष्ठ**
संयोजक



**अमुना श्रेष्ठ**
सदस्य



**रुपालक्ष्मी श्रेष्ठ**
सदस्य

## ग्वार्को सेवा केन्द्र व्यवस्थापन उपसमिति



**श्याम प्रधान**
संयोजक



**ध्रुब महर्जन**
सदस्य



**लक्ष्मी महर्जन**
सदस्य

दर्ता नं. २५७/१३६/०६४/०६५
स्थायी लेखा नं. ३०२६५६७०७

"बनाऔं पौरखी हातहरुले आफ्नो भविष्य आफैं।"

नेफ्स्कून

# बंगलामुखी
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Bangalamukhi Saving and Credit Co-operative Ltd.

पत्र संख्या : २०८२/०८३
चलानी नं :२७

मिति : २०८२/०५/०३

आदरणिय शेयर सदस्य श्री ...................................................................

बिषयः **१८ औं बार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

यस संस्थाको मिति २०८२/०४/३१ गते शनिवार बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.को १८ औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषय उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा यहाँको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : २०८२ साल असोज ६ गते बिहिबार
समय : विहान ११ बजेदेखि २ बजेसम्म
स्थान : संस्थाको केन्द्रीय कार्यालय, बालकोट, भक्तपुर

**छलफलका बिषयहरूः**

(क) सञ्चालक समितिको तर्फबाट अध्यक्ष, सचिव र कोषाध्यक्षज्यूको प्रतिवेदन सम्वन्धमा ।
(ख) आ.ब. २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन सम्वन्धमा ।
(ग) आ.ब. २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक सम्वन्धमा ।
(घ) लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकको प्रतिवेदन सम्बन्धमा ।
(ङ) सञ्चालक समितिले सिफारिस गरे बमोजिम लाभांस वितरण प्रस्ताव स्विकृत गर्ने सम्बन्धमा ।
(च) सञ्चालक समितिको निर्णयहरू अनुमोदन गर्ने सम्वन्धमा ।
(छ) निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधी नियुक्ती गर्ने सम्वन्धमा ।
(ज) आन्तरीक कार्यबिधि शंसोधनलाई अनुमोदन गर्ने सम्वन्धमा ।
(झ) नियामक निकायले दिएको निर्देशन तथा सुझाव कार्यान्वयन सम्बन्धमा ।
(ञ) सञ्चालक समितिको बैठक भत्ता तोक्ने र प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(ट) बिबिध ।

**बाल कृष्ण श्रेष्ठ**
**सचिब**

पुनश्च :

१) साधारण सभामा उपस्थितीका लागि संस्थाबाट प्रदान गरीएको परीचय पत्र वा सदस्यता खुल्ने कागजात लिएर आउनुहुन अनुरोध छ । साधारण सभामा स्वयम उपस्थित हुने शेयर सदस्यहरूलाई यातायात खर्चको व्यवस्था गरिएको छ ।
२) २०८१ सालको एसईई (SEE) परिक्षा उतिर्ण गरेको शेयर सदस्यका छोराछोरीहरूलाई बंगलामुखी शैक्षिक सम्मान गरिने कार्यक्रम रहेको हुँदा लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी २०८२ असोज २ गते भित्र कार्यालय समय भित्रमा निवेदन सहित संस्थामा पेश गर्नु हुन शेयर सदस्यहरूमा अनुरोध गरिन्छ । साथमा जन्म दर्ताको प्रतिलिपि अनिवार्य हुनु पर्ने छ ।
३) शेयर सदस्यहरूले कुनै पनि प्रस्ताव तथा सुझावहरू भएमा मिति २०८२ असोज २ गतेसम्म यस संस्थाको कार्यालयमा दर्ता गराई साधारण सभाको एजेण्डाको रुपमा राख्न सकिनेछ ।
(४) नगद लाभांस मिति २०८२ असोज ७ गते सम्बन्धित शेयर सदस्यहरूको बचत खातामा जम्मा गरिने छ ।
(५) सदस्य पहिचान फाराम (KYM) भर्न बाँकी शेयर सदस्यहरूले नागरिकताको प्रतिलिपि र १ प्रति फोटो लिई आउनु हुन अनुरोध छ ।

**केन्द्रीय कार्यालय** : सूर्यविनायक नगरपालिका वडा नं. २, बसिडोल, बालकोट, भक्तपुर फोन नं. ०१-५२१११६७, ०१-५९०८७०४
**सेवा केन्द्र** : शंखधरचोक, मध्यपुर थिमि, भक्तपुर, फोन नं. ०१-५०९३२४४,
ग्वार्को, ललितपुर, फोन नं. ०१-५२०१२०१, ०१-५२०३०७४
Email: banglamukhisaving@hotmail.com, Facebookpage: Banglamukhi Saving and Credit Co-operative Ltd
Website: banglamukhisaving.coop.np

Website: banglamukhisaving.coop.np

सक्षम सदस्य
उत्कृष्ट वित्तिय सहकारी

# बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.को
# १८ औं बार्षिक साधरण सभा समक्ष
# अध्यक्ष श्री मोहन कृष्ण श्रेष्ठज्यूको मन्तब्य

यस गरिमामय १८ औं बार्षिक साधारण सभाका, प्रमुख अतिथि ज्यू तथा अतिथि ज्यूहरू, बर्तमान संचालक समिति, लेखा तथा सुपरिवेक्षण समिति एवमं अन्य उपसमितिका सहकर्मी साथीहरू, प्रेरणादायी ब्यक्तित्व ज्यूहरू, उपस्थित पत्रकार मित्रहरू र शुभचिन्तक महानुभावहरू,

सहकारी विकासको अभियानमा छुट्टै पहिचान बोकेको बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.को स्थापना बि.स. २०६४ श्रावण १६ गते भक्तपुर जिल्लाको डिभिजन सहकारी कार्यालयमा दर्ता भई हाल एकिकरण भई भूमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बागमती प्रदेश, हेटौडा मकवानपुरमा दर्ता भई संचालनमा रहेको जानकारी गराउन चाहन्छौं । एकिकरण पश्चात सुर्यविनायक नगरपालिका भरिको कार्यक्षेत्रलाई बिस्तार गरी हाल यो संस्था भक्तपुर जिल्ला, ललितपुर जिल्लामा र काठमाण्डौं महानगरपालिकामा समेत आफ्नो कार्यक्षेत्र बिस्तार गर्दै सबल संस्थाको रुपमा परिचित भैसकेको छ । यस संस्थालाई बर्तमान अवस्थासम्म ल्याई पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने एवमं अहोरात्र खट्नु हुने आदरणिय शेयर सदस्यज्यूहरू, भु.पु. अध्यक्षज्युहरू एवमं पदाधिकारीज्यूहरू, विगतदेखि बर्तमानसम्मका समिति, उपसमिति, प्रमुख कार्यकारी अधिकृतज्यु , प्रबन्धक एवमं कर्मचारी मित्रहरू प्रति आभार तथा धन्यवाद प्रकट गर्न चाहन्छु ।

साथै यस सहकारीमा योगदान गर्दै बिभिन्न कारणबाट दिंवगत हुनु भएका सम्पूर्ण शेयर सदस्यहरूमा यो सहकारी गहिरो दु:ख ब्यक्त गर्दैछौं ।

**आदर्णीय शेयर सदस्य महानुभावहरू,**

म अध्यक्षको रुपमा यस सहकारीको जिम्मेवारी सम्हालेदेखी मैले यस सहकारीको आर्थिक तथा सामाजिक बिकास गर्नको लागि र सहकारीलाई सामाजिक व्यबसायको रुपमा संचालन गर्नु पर्ने भएको हुनाले यस क्षेत्रमा समय समयमा भिबिन्न परिवर्तन भइ रहने भएको हुनाले ४ बर्षको पुर्बानुमान गरी बजारमा देखापर्ने बिभिन्न प्रतिस्पर्धी अबस्थामा सफलता प्राप्त गर्ने लक्ष्य सहित रणनितिक योजना निर्माण गरि सहकारी संचालन गर्दै आएको जानकारी गराउन चाहन्छु ।

सहकारी ऐनको मुल्य मान्यता र सिद्धान्तहरूलाई आत्मसाथ गर्दै संस्थाको आन्तरीक कार्यबिधि र प्रविधिको प्रयोग गर्दै सदस्यको हितमा केन्द्रित हुँदै सहकारीलाई पारदरसी तरिकाले संचालन गर्दै आएको जानकारी गराउन चाहन्छु ।

यस सहकारी संस्थाले आजको दिनसम्म आईपुग्दा अनेकौं आरोह-अबरोहहरूलाई पन्छाउँदै, अनेकौ चुनौतिहरूलाई पार गर्दै आधुनिक बदलिदो परिवेश र प्रविधिमैत्री संचारको समयमा सदस्यको ईच्छा र चाहना अनुसार संस्थाले आफ्ना कार्यक्रम र सेवालाई हरेक तहसम्म पुऱ्याउने प्रयास अनुरुप प्रविधिको भरपुर प्रयोग गर्दै आईरहेको छ । पूँजी परिचालन र पूँजीको प्रतिफल लगानीकर्तासम्म पुऱ्याउन आर्कषक एवमं प्रतिस्पर्धात्मक ब्याज प्रदान गरी **मासिक बचत, दैनिक बचत, साधारण बचत, महिला बचत, विशेष बचत, बाल बचत, बंगलामुखी सुपर बचत र मुद्दति बचत** लगायत विभिन्न किसिमका बचत कार्यक्रमहरू संचालन गरिएको छ ।

**आदरणिय शेयर सदस्य महानुभावहरू,**

यस अवधिमा गत वर्षको वार्षिक साधारण सभाले निर्देशित गरेको निति तथा कार्यक्रम र बार्षिक योजना

अनुरुप तय गरेको कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा नियमित तथा आकस्मिक गरी पटक पटक संचालक समितिको बैठक साथै लेखा तथा सुपरिवेक्षण समिति र उपसमितिहरूको पनि औपचारिक तथा अनौपचारिक बैठकहरू सम्पन्न गर्दै कार्य संचालनमा थप चुस्तता ल्याउन सबै तहका बैठकलाई नियमित गरिएको छ। बार्षिक योजना अनुसार बर्षभरि नै सदस्यता खुल्ला राखी सदस्य बृद्धिका साथसाथै कारोवार बृद्धि हुदै जादा नियमित बचत गर्ने र नियमित ऋण असुली कार्यलाई निरन्तर रुपमा बढाउदै लगेको छु। संस्थागत गतिविधि एवं सुचनालाई सदस्यसम्म पुऱ्याउनका लागि विभिन्न माध्यमको अवलम्बन गरि संस्थागत सूचना तथा जानकारी सदस्यसम्म पुऱ्याउने कामलाई निरन्तरता दिईएको छ। नियमक निकाय नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(NEFSCUN), सहकारी विभाग, नगरपालिका र प्रदेश मार्फत समय समयमा संस्थाको निरिक्षणको क्रममा दिईएका सुझावहरूलाई सहकारीको मर्म र भावना अनुसार परिमार्जन तथा सुधार गरिएको छु भने नियमित रुपमा सम्बन्धित ठाउँमा विवरण पेश गर्ने गरिएका छौं। प्रत्यक कर्मचारीलाई कार्यविवरण अनुसार लक्ष निर्धारण गरी जिम्मेवारी दिने गरिएको छ। संस्थामा भएको तरता र वित्तिय बजारको विश्लेषण गरी हेर्दा ऋणको सिमालाई कायम राखिएको छ भने ऋण लगानी प्रकृयालाई सरल, सहज, छिटो र प्रभावकारी बनाउन एवम असल ऋणी संख्यामा बृद्धि गर्न सेवाकेन्द्र प्रमुखलाई पनि सिमा तोकी ब्यवस्थापन समितिको सिफारिसमा ऋण स्वीकृत गर्ने अधिकार प्रत्यायोजन कामलाई निरन्तरता दिईएको छ।संस्था निति, विधि र प्रविधि मार्फत संचालित हुनु पर्छ भन्ने दृढ मान्यताका साथ हरेक कृयाकलापलाई अझ बढि सुब्यवस्थित, प्रतिस्पर्धी एवमं ब्यवसायिक बनाउनका लागि आवश्यक निति, नियम एवमं कार्यविधिको तर्जुमा र मौजुदा निति, नियम एवमं कार्यविधिको समयानुकुल परिमार्जिन गर्ने कार्य यस बर्ष पनि निरन्तर रहयो। हाल संस्थामा संस्थाको मुल कानुन विनियमको अलावा आन्तरिक कार्यविधि एवमं निर्देशिका अनुसार सम्पूर्ण कार्य सम्पादन हुने गरेको छ। सहकारी कार्यक्षेत्र भित्र विभिन्न निकायहरूले आयोजना गरेका सरसफाई, वातावरणमैत्री, बालमैत्री, खेलकुद, हनुमन्ते सफाई अभियानमा यस संस्थाको सहभागिता रहदै आएको छ। यस्तै यस सहकारी संस्थाले बिभिन्न चाडपर्वको संरक्षण गर्दै होलि, पुर्णिमा, तिज, शिवरात्री, बिस्केत जात्रा, भैल जात्रा जस्ता चाडपर्वहरूको सस्कृति बचाउन बिभिन्न कार्यक्रमहरू आयोजना गरी चाडपर्व भव्यताका साथ मनाउने कार्यलाई निरन्तरता दिंदै आएको र आगामी दिनहरूमा समेत निरन्तरता दिने कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छु। संस्थामा प्रत्यक्ष रुपमा संलग्न जनशक्तिको क्षमता विकास गर्दै जाने क्रममा संचालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, ऋण उपसमिति एवमं कर्मचारीहरूका लागि विभिन्न चरणमा प्रविधि मार्फत तालिम, अध्ययन तथा अन्तरक्रिया कार्यक्रमहरू आयोजना गरेका छौं। देश बाहिर रहनु हुने समुदायका सदस्यले पठाउनु भएको रकमलाई संस्था मार्फत विप्रेशन सेवा प्रदान गरिएको छ भने देश भित्र पनि रकम पठाउने तथा पाउने ब्यवस्थालाई ब्यापक र ब्यवस्थित गर्दै सम्पूर्ण सेवा केन्द्रबाट सेवा दिदै आएका छौं। आधुनिक प्रविधियुक्त सेवालाई सर्वशुलभ तरिकाले सदस्यहरूको घरदैलोमा नै पुऱ्याउने संस्थाको प्रतिवद्धता अनुसार टेलिफोन बील भुक्तानी, विधुत बील भुक्तानी, पानी महशुल आदि जस्ता नियमित उपभोग्य महशुलहरू संस्था मार्फत भुक्तानी गर्ने ब्यवस्था गरिनुका साथै सहकारीको आफ्नै मोवाईल बैंकिङ एप्सको प्रयोग गरी सहकारीमा रहेको आफ्नो कुनै पनि खातासंग सम्बन्धित रहेर Phonepay (QR Code) मार्फत रकम भुक्तानी गर्न सक्ने छ साथै प्रिपेड, पोष्टपेड, ल्याण्डलाईन टेलिफोन र एडिएसएल रिचार्ज, विजुली भुक्तानी, रकम रकमान्तर लगायतका सबै सेवा विस्तार गरिएको छ। यस सहकारीबाट शेयरधनीहरूको समयको महत्वलाई ख्यालमा राखी यातायात ब्यवस्था कार्यालयसम्म जान नपर्ने गरी यस संस्थाबाट नै सवारी दर्ता प्रमाण पत्र नविकरण, सवारी दर्ता प्रमाण पत्र प्रतिलिपि उपलब्ध गराउने, बिमा जारी गराउने कार्य सहजिकरण गर्ने तथा यातायात व्यवस्था कार्यालयमा गर्नु पर्ने अन्य काम सम्बन्धी आवश्यक सेवा उपलब्ध गराउने कामलाई निरन्तरता दिईएको छ। नयाँ प्रविधि र उपकरणको प्रयोग गरी सदस्यहरूलाई प्रभावकारी र प्रविधियुक्त आधुनिक सेवा दिने उदेश्यले संस्थाले आधुनिक बैंकिङ सफ्टवेयर जडान गरी संचालनमा ल्याई सदस्यहरूले घरमै

बसी आफ्नो मोबाईलबाट SMS मार्फत आफ्नो खातामा रहेको रकमको जानकारी, खाताको संक्षिप्त विवरण, रकम जम्मा गरेको तथा निकालेको जानकारी, चेकबुक अनुरोध, चेक लक सेवाका साथै मोबाईल रिचार्ज, टेलफोन तथा एडिएसएल बील भुक्तानी जस्ता सेवाहरू पनि घरमै बसी बसी लिन सकिने ब्यवस्था मिलाईएको छ । ऐन नियम एवमं निर्देशन अनुसार विभिन्न नियमनकारी निकायहरूमा पठाउनु पर्ने प्रतिवेदन, सूचना, जानकारीहरू यथासमयमा पठाउने गरेको छौं । संस्थालाई अझ बढि ब्यवस्थित गर्न सुशासन निति अनुसार कार्यान्वयनमा ल्याएका छौं ।

**आदरणिय शेयर सदस्य महानुभावहरू,**

अन्त्यमा, यस सहकारीको बार्षिक योजना तथा कार्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन तपाई सम्पुर्ण शेयर सदस्यहरूको अतुलनिय योगदान रहने कुरा अनुरोध गर्दै तपाईहरूको यस संस्थामा अर्थपूर्ण सहभागिता भएमा मात्र यी योजना तथा कार्यक्रमहरूको उपलब्धी हासिल गर्न सकिने छ । तसर्थ योजना तथा कार्यक्रममा सहभागी भई संस्थाको लक्ष हासिल गर्न सहयोग गरिदिनु हुन अनुरोध गर्दछु । साथै मलाई सहयोग गर्नु हुने यस सहकारी संस्थाका कार्य समितिका सम्पुर्ण साथीहरू, लेखा समितिका सम्पुर्ण साथीहरू र अन्य समितिका सम्पुर्ण साथीहरू लगायत यस सहकारी संस्थालाई आजको अवस्थासम्म ल्याउनको लागि अहोरात्र खटिनु भएका सम्पुर्ण कर्मचारीहरूमा हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्दै उपस्थित शेयर सदस्य महानुभावहरूको निरन्तर सहयोग प्राप्त भईरहने आशा राख्दै मेरो भनाई यही अन्त्य गर्दछु । धन्यबाद । जय सहकारी ।

**मोहन कृष्ण श्रेष्ठ**
**अध्यक्ष**

# बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.को १८ औं बार्षिक साधारण सभा समक्ष सचिव श्री बाल कृष्ण श्रेष्ठद्वारा प्रस्तुत सचिव प्रतिवेदन

यस गरिमामय १८ औ वार्षिक साधारण सभाका सभापति, प्रमुख अतिथिज्यु, तथा अतिथिज्यू, बर्तमान संचालक समिति,लेखा सुपरीवेक्षण समिति एवंम अन्य उपसमितिका पदाधिकारीहरू, प्रिय सदस्यज्यूहरू, उपस्थित पत्रकार मित्रहरू र शुभचिन्तक महानुभावहरू तथा उपस्थित सबैमा हार्दिक नमस्कार ।

सर्वप्रथम, यो वार्षिक साधारणसभामा उपस्थित भई हाम्रो सहकारी संस्थाप्रतिको सद्भाव र विश्वास प्रकट गरिदिनुभएकोमा सचिवको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । विगत सभामा प्रस्तुत प्रतिवेदनलाई अनुमोदन गर्दै संस्थालाई अझ सबल बनाउन दिनुभएको सुझाव र सहयोग आज पनि प्रेरणाको स्रोत बनेको छ ।

## १. संस्थागत अवस्था

बंगलामुखी बचत तथा ऋण सहकारी संस्था दर्ता नंम्वर २५७ ।१३६।०६४।०६५ मिति २०६४।०४।१६ मा दर्ता भई हालसम्म निरन्तर सेवाप्रदान गर्दै आएको छ। हालसम्म संस्थामा सदस्य संख्या पुरुष १८२४ जना र महिला सदस्य संख्या १८२० गरी जम्मा शेयर सदस्य ३६४४जना पुगेको छ । संस्थाको सेवा केन्द्र ग्वार्को र थिमि गरी २ वटा स्थानमा सञ्चालन भइरहेको छ भने कर्मचारी संख्या जम्मा १९ जना रहेको छ। कार्यलय समय बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म शनिबार र सार्वजनिक बिदा बाहेक हरेक दिन कार्यलय संचालन गर्दे आइरहेका छौ । साथै प्रत्येक वर्ष कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म कार्यलय समय बिहान १० बजेदेखि ४ बजेसम्म कायम गरिएको छ ।

## २. आर्थिक अवस्था

### क) सदस्य बचत संकलन

सहकारी संस्थाको पहिलो र प्रमुख काम सदस्यको बचत संकलन गर्नँ हो। सदस्यहरूले नियमित मासिक बचत, आवधिक बचत, विशेष बचत (शिक्षा, स्वास्थ्य, आवास) योजनामा पैसा जम्मा गर्छन यसले सहकारीलाई पूँजी उपलब्ध गराउँछ र सदस्यलाई भविष्यका लागि सुरक्षित बचतको माध्यम बनाउँछ ।

■ फाइदास् सदस्यलाई अनुशासित बचत गर्न सहयोग हुन्छ र भविष्यमा ठूलो रकम आवश्यक पर्दा सजिलै प्रयोग गर्न सकिन्छ।

### ख) ऋण प्रवाह (Loan Disbursement)

संकलित रकमलाई सहकारीले आफ्ना सदस्यहरूलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउँछ। ऋणका प्रकारहरूस् कृषि ऋण, व्यवसाय ऋण, शिक्षा ऋण, आपतकालीन ऋण।

■ फाइदा सदस्यहरूले बैंक वा साहुबाट महँगो ब्याजमा ऋण लिनुपर्ने समस्या हुँदैन।

### ग) निक्षेप व्यवस्थापन

सहकारीले संकलित रकमलाई बैंकमा स्थायी निक्षेप, सरकारी धितोपत्र, वा सुरक्षित व्यवसायमा लगानी गर्न सक्छ। केही सहकारीहरूले आफ्नै पसल, कृषि फार्म वा सेवा व्यवसाय पनि सञ्चालन गर्छन

■ फाइदा सदस्यहरूको पूँजी सुरक्षित रहन्छ र संस्थालाई अतिरिक्त आम्दानी हुन्छ।

### घ) शेयर पूँजी संकलन

■ प्रत्येक सदस्यले सहकारीमा निश्चित शेयर लिनुपर्छ। शेयरधनी सदस्यलाई संस्थाको निर्णयमा भाग लिन, लाभांश पाउन र संस्थाको सह-मालिक बन्न अधिकार हुन्छ।

■ फाइदा सदस्यले संस्थामा आफ्नो हिस्सेदारी (Ownership) पाउँछन ।

**घ) आम्दानी र नाफा वितरण**

सहकारीले गरेको व्यवसाय वा लगानीबाट आएको आम्दानी खर्च कटाएर बाँकी नाफा सदस्यलाई लाभांशका रूपमा बाँडिन्छ। केही नाफा शिक्षा, जगेडा कोष,संरक्षित पूँजिफिर्ताकोष, सहकारी प्रवर्दन कोष, कर्मचारी बोनस कोष, घाटापूर्ति कोष,स्थिरीकरण कोष, जोखिम व्योर्हने कोष आदिमा राखिन्छ।

- फाइदा सदस्यले प्रत्यक्ष रुपमा आर्थिक लाभ पाउँछन

**ङ) बीमा तथा कल्याणकारी कार्यक्रम**

सहकारीले सदस्यहरूको स्वास्थ्य बीमा, दुर्घटना बीमा, तथा विपद् सहयोग कार्यक्रम सञ्चालन गर्छ। आकस्मिक मृत्यु वा दुर्घटनामा परिवारलाई सहयोग रकम रुरु १०,०००। दिइन्छ।

- फाइदा सदस्यलाई सामाजिक सुरक्षा र मानसिक शान्ति मिल्छ।

**च) व्यवसायिक तथा उत्पादनमूलक गतिविधि**

उपभोक्ता पसल, मल-बिज भण्डारण, किराना, कृषि व्यवसाय, सेवा क्षेत्र (जस्तै ट्याक्सी, सिलाइ-बुनाइ केन्द्र) सञ्चालन गर्ने। यसले स्थानीय उत्पादनलाई प्रोत्साहन दिन्छ र सदस्यलाई रोजगारी सिर्जना गर्छ। सदस्यहरूले बनाएको सामानलाई संस्थाको हरेक कार्यकममा स्टल राखेर बिकी बितरण गर्नमा संस्थाले सहयोग गर्दे आइरहेको जानकारी पनि गराइन्छौ । साथै उक्त उत्पादित सामानलाई संस्थाको कार्यलयमा समेत राखेर बिकी बितरणमा सहयोग गदै आइरहेको छु ।

- फाइदा आय आर्जन, उत्पादन वृद्धि, तथा रोजगारीको अवसर ।

## ३. गतिविधि

संस्थाले आ.व २०८१ ।०८२ को निति तथा कार्यक्रम अनुसार साउन १ गतेदेखि ५ गतेसम्म संस्थाका संचालक समिति, लेखासुपरीवेक्षण समिति, उपसमिति तथा कर्मचारीहरूको लागि ५ दिनको उदघोषण तालिम संचालन गरियो । जसको उदेश्य भनेको कुनै पनि कार्यकममा जादा निर्धक भएर बोल्न सक्ने बनाउने हो । मिति २०८१ साल साउन १६ गते संस्थाको १७ औ स्थापना दिवस तथा रक्तदान कार्यकम गरी संस्थाको केन्द्रिय कार्यलयमा संचालन गरियो । मिति २०८२ साल भाद्र १ र २ गते संस्थाका कर्मचारीहरूको लागि कर्मचारी क्षमता अभिवृदि तालिम कार्यकम संचालन गरियो । मिति २०८२ साल असोज १७ गते संस्थाको १७औं वार्षिक साधारणसभा थिमि व्यान्क्वेट चारदोबाटोमा भव्यरुपमा सफल गयौ । सो कार्यकममा संस्थाका शेयर सदस्यका छोराछोरीलाई एस.ई.ई पास ३३ जनालाई पनि बंगलामुखी शैक्षिक सम्मान गरियो । संस्थाले नयाँ संचालक समिति र लेखासुपरीवेक्षण समितिलाई निर्वाचित भएको ३ महिनाभित्र क्षमता अभिबृदि कार्यकम गर्नुपर्ने भएकोले सोही नियमको पालना गर्दे २०८१ साल कार्तिक २७ गतेदेखि मंसिर १ गतेसम्म साकोस संचालकहरूको क्षमता अभिबृदि कार्यकम संचालन गरियो । मिति २०८१ साल पौष १३ गते शेयर सदस्यहरूको लागि सदस्य शिक्षा तथा बिस्तारित मंञ्च कार्यकम संचालन थिमि व्यान्क्वेटमा गरियो । जसमा भक्तपुर जिल्ला बचत संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजूको प्रमुख आथित्यमा र मोतिभेसनल स्पिीकर तारा प्रसाद गिरीबाट कार्यकम संचालन भयो ।मिति २०८१ साल माघ १२ गते संस्थाको केन्द्रिय कार्यलयमा तनाव व्यवस्थापन कार्यकम श्रीहरि कायष्थबाट संचालन गरियो । संस्थाले यस वर्षदेखि सदस्यहरूको लागि मिति २०८१ साल चैत्र २ गते पिकनिकको आयोजना गरियो । सो पिकनिकमा सदस्यहरू ७०० जनाको उपस्थिति रहयो । पिकनिक गुण्डुको लिखानारायणमा लगेका थियो । मिति २०८१ साल चैत्र २० गते सहकारी दिवसको उपलक्ष्यमा सुर्यविनायक नगरपालिकाको आयोजनामा बिहान र्‍यालीको आयोजना संस्थाले भाग लिइयो । संस्थाकै निति तथा बजेत कार्यकम अनुसार मिति २०८२ साल जेठ ९ गतेदेखि ११ गतेसम्म नगरकोटस्थित होटल हिमालयन भिल्लामा नेफस्कुनको प्राविधिक सहयोगमा संस्थाको ४ वर्षिय रणनितिक व्यवसायिक योजना कार्यकम गरी, संस्थाको दिगो विकासका लागि टेवा पुयाउने हेतुले कार्यकम बनायौ । संस्थाको आ.व २०८२। ०८३ को लागि बार्षिक योजना तथा बजेत तर्जुमा मिति २०८२ साल असार १४ गते संस्थाको केन्द्रिय

कार्यलयमा आयोजना गरी बार्षिक बजेत निमार्ण गरियो ।

सहकारी संस्थामा शेयर सदस्यले आफ्नो अहम भूमिका निभाउदै आउनुभएका , दिंवगत शेयर सदस्यहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछौ । शेयर सदस्य नं ००२०००३०३ का बद्री कुमार चितुवा श्रेष्ठ , सदस्य नं ००३०००६२ का गणेश रसिक तथा सदस्य न००१००२१३८ का रत्न बहादुर श्रेष्ठ गरी ३ जना सदस्यको स्र्वार्गारहोण भएको जानकारी गराउँन चाहान्छौ । साथै आ.व २०८१।०८२ सालमा औषधि उपचार पाउनुभएका शेयर सदस्यहरू क्रमश सदस्य नं ००१००२०६२ का निर्मला खवास, सदस्य नं ००१०००५४४ का जित बहादुर खवास, सदस्य नं इजा बरुवाल,सदस्य नं ००१००२९९४ का रंञ्जु अधिकारी, सदस्य नं ००१००१३१२ का श्याम सुन्दर श्रेष्ठ, सदस्य नं ००१००१६७७ का सर्वजित रानाभाट,सदस्य नं ००१००२७३७ का अंकुर खड्का, सदस्य नं ००१०००९१३ का मोती केशरी श्रेष्ठ,सदस्य नं ००२०००७५४ का भवानी लक्ष्मी श्रेष्ठ, गरी जम्मा १० जना सदस्यहरूले संस्थाबाट उपचार खर्च दिएको जानकारी गराँउन चाहान्छौ ।

**डिजिटल सेवाको प्रयोग आरम्भ (मोबाइलरअनलाइन सेवा)**

सहकारीमा डिजिटल सेवा भन्नाले सहकारीका सदस्यलाई वित्तीय र गैर-वित्तीय सेवा सहज, छिटो र पारदर्शी ढंगले उपलब्ध गराउन सूचना प्रविधि (ICT) प्रयोग गर्ने प्रणालीलाई जनाउँछ । यस अन्तर्गत मोबाइल बैंकिङ वा सहकारी एपमार्फत जम्मा-निकासी गर्ने, ऋणको किस्ता तिर्ने, खाताको विवरण हेर्ने, त्तच् वा अनलाइन भुक्तानी गर्ने सुविधा सदस्यलाई दिइन्छ । साथै, सहकारीले INFINITY प्रयोग गरी सदस्यको विवरण, सेयर, बचत-ऋण, लाभांश, नगद किताब, नाफा-नोक्सान जस्ता सबै वित्तीय विवरणलाई डिजिटल र सुरक्षित रुपमा राख्न सक्छ । यसले लेखा प्रणालीमा पारदर्शिता ल्याउँछ, समयमै तथ्यांक उपलब्ध गराउँछ ।

यसैगरी डिजिटल सेवा अन्तर्गत सूचना प्रवाहलाई पनि प्रभावकारी बनाउन सकिन्छ । सहकारीले सदस्यलाई क्रक्रइमेलमार्फत बैठक, किस्ता मिति वा अन्य सूचना तुरुन्तै दिन सक्छ । वेबसाइट वा सामाजिक सञ्जालमार्फत गतिविधि सार्वजनिक गर्न सक्छ । अनि अनलाइन बैठक वा तालिममार्फत सदस्यलाई जोड्न सक्छ । यस्ता प्रविधिले सदस्यलाई सेवामा सजिलो मात्र होइन, सहकारीलाई विश्वासिलो, पारदशी र आधुनिक बनाउन पनि सहयोग पुर्याउँछ । तर यसका लागि डिजिटल साक्षरता, पर्याप्त प्रविधि पूर्वाधार र साइबर सुरक्षालाई प्राथमिकतामा राख्न आवश्यक हुन्छ । संस्थाले निम्न प्रकारको सुविधाहरू सदस्यहरूलाई दिइरहेको जानकारी गराउन चाहान्छौ ।

१. संस्थाको लेखा व्यवस्थापनका लागि ईन्फोडेभलोपर्स प्रा.लि. को ईन्फिनिटि सफ्टवेयर प्रयोगमा रहेको छ ।

२ संस्थाको ऋण कागजात व्यवस्थापनका लागि आकाश डिजिटल म्यानेजमेन्ट सिस्टम प्रयोग गर्ने गरिएको छ ।

३ संस्थाको अभिलेख सुरक्षणका लागि सुरक्षित क्लाउड व्याकअपको व्यवस्था गरिएको छ ।

४ सुचना प्रबिधि जोखिम निराकरणका लागि संस्थाले फोर्टीगेट सेवा प्रयोग गर्दै आईरहको छ ।

५. सम्पत्ती सुद्धिकरण निवराण सम्बन्धी बिवरणहरू पेश गर्नका लागि डाटम TRUST AML सिस्टम प्रयोग गरिएको छ ।

६. संस्थाले बजार प्रतिनिधि मार्फत बजारबाट बचत संकलनका लागि ट्याबलेट कलेक्सन सेवा प्रयोग गर्दै आईरहेको छ ।

७. संस्थाका सदस्यहरूका लागि बंगलामुखी स्मार्ट एप मार्फत डिजिटल बैंकिङ्ग सेवा उपलब्ध गराईएको छ ।

८. डिजिटल बैंकिङ्ग अर्न्तगत फोन पे क्युआर भुक्तानी सेवा, मोबाईल, टेलिफोन, टिभि, ईन्टरनेट, बिजुली, खानेपानी, ईन्स्योरेन्स बिल भुक्तानी सेवा, ईसेवा, आईएमई, खल्ती वालेट लोड सेवा, सहकारी सहकारी,

सहकारी बैंक, बैंक सहकारी रकमान्तर सेवा लगायतका सेवाहरू संचालनमा रहेका छन ।

९ संस्थाले बचत जम्मा तथा फिर्ताका लागि ईटेलर सेवा प्रदान गर्दै आईरहेको छ ।

१० .संस्थाले मिसकल मार्फत मोबाईल रिचार्ज तथा व्यालेन्स जानकारी सेवा प्रदान गर्दै आईरहेको छ।

११ संस्थाका सदस्यहरूको व्यावसायीक कारोबारमा भुक्तानी प्राप्त गर्नका लागि फोन पे क्युआर सेवा पनि प्रदान गर्दै आईरहेको छ ।

१२ सदस्यहरूमा सुचनाहरू फोन तथा मेसेज मार्फत प्रदान गर्नका लागि टिङ्गटिङ्ग सेवा संचालनमा रहेको छ ।

१३ कालोसुची सिस्टम सि आइ सि नेपालको सेवा प्रयोग गरेको जानकारी गराउन चाहान्छौ ।

**कार्यक्रममा सहभागिता**

संस्थाले तपशिल बमोजिमको सहकारी संस्थाहरूमा संस्थाको तर्फबाट सहभागिता जनाइयो ।

| क.सं. | कार्यक्रमको नाम |
|---|---|
| १ | बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. को २५ औं स्थापना दिवश प्रभातफेरी कार्यक्रम |
| २ | बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. को २५ औं स्थापना दिवश तथा रजत महेत्सव कार्यक्रम |
| ५ | शंखधर बचत तथा ऋण सहकारी संस्था लि. को १७ औं बार्षिक साधारण सभा |
| ४ | बालकोट बचत तथा ऋण सहकारी संस्था लि. को २३ औं बार्षिक साधारण सभा |
| ५ | बाबा बचत तथा ऋण सहकारी संस्था लि. को १९ औं बार्षिक साधारण सभा |
| ६ | मैत्रिय बचत तथा ऋण सहकारी संस्था लि. को १७ औं बार्षिक साधारण सभा |
| ७ | चमेरो बचत तथा ऋण सहकारी संस्था लि. को १५ औं बार्षिक साधारण सभा |
| ८ | गाम्चा बचत तथा ऋण सहकारी संस्था लि. को १६ औं बार्षिक साधारण सभा |
| ९ | दिव्यश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को १७ औं बार्षिक साधारण सभा |
| १० | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को २० औं बार्षिक साधारण सभा |
| ११ | सृजना बचत तथा ऋण सहकारी संस्था लि. को १९ औं बार्षिक साधारण सभा |
| १२ | खल्पीटार बचत तथा ऋण सहकारी संस्था लि. को १६ औं बार्षिक साधारण सभा |
| १३ | आपसी मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लि. को १८ औं बार्षिक साधारण सभा |
| १४ | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. को ३३ औं बार्षिक साधारण सभा |
| १५ | बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. को २४ औं बार्षिक साधारण सभा |
| १६ | महिला अभियान बचत तथा ऋण सहकारी संस्था लि. को १७ औं बार्षिक साधारण सभा |

संस्थाले तपशिल बमोजिमको तालिममा संस्थाको तर्फबाट सहभागिता जनाइयो ।

१ नेपाल बचत तथा ऋण केन्दिय सहकारी संघ लि. आयोजनामा AML, CFT

२ ईन्फोडेभलोपर्स प्रा.लि. को आयोजनामा साईबर सेक्युरीटी तालिम

३. भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को आयोजनामा एन एफ आर एस तालिम

४. नेपाल बचत तथा ऋण केन्दिय सहकारी संघ लि. आयोजनामा धितो लिलामीको कानुनी प्रक्रिया तालिम

५. प्रथम बागमती प्रदेश सहकारी सम्मेलन २०८१

६. आयाम बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा पन्ध्रौं कार्यकुशलता तथा सिकाई कार्यशाला

७. बनेपा बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा सोह्रौं कार्यकुशलता तथा सिकाई कार्यशाला

८. भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को कुल व्याज योगदानमा प्रथम हुन सफल

९. प्याबसन भक्तपुरबाट सम्मानित

## ४. प्रमुख उपलब्धि

सहकारी क्षेत्र अहिले नेपालको ग्रामीणदेखि शहरी क्षेत्रमा आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ। सदस्यको सानो-सानो बचतलाई संकलन गरी ठूलो पूँजी निर्माण गर्ने, ऋण तथा वित्तीय सेवा प्रदान गर्ने, उत्पादन, विपाेषणन र रोजगारी सिर्जना गर्ने जस्ता गतिविधिहरूले सहकारीको महत्व बढाइरहेका छन्। विशेष गरी कृषि, पशुपालन, महिला सशक्तीकरण र विपन्न वर्गको आर्थिक सशक्तीकरणमा सहकारीले ठूला उपलब्धि हासिल गरेको छ।

अहिलेका प्रमुख उपलब्धिहरूमा सदस्य संख्या वृद्धिसँगै पूँजी संकलनमा वृद्धि, आधुनिक प्रविधि, (मोबाइल बैंकिङ, QR पेमेन्ट) प्रयोग, महिलाको नेतृत्वमा सहकारी विस्तार, सामुदायिक पूर्वाधार विकासमा योगदान, वित्तीय साक्षरतामा सुधार, र सरकारसँगको सहकार्यमार्फत नीति-कार्यक्रममा सहभागिता उल्लेखनीय छन्। यसका अतिरिक्त, सहकारीले स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने, बेरोजगार युवालाई स्वरोजगारतर्फ प्रोत्साहित गर्ने, र सामाजिक उत्तरदायित्वका काम (-शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन+) मा पनि सक्रियता देखाएको छ।

## ५। चुनौती र समस्या

सहकारी संस्थाहरूले नेपालको ग्रामीणदेखि शहरी क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका भए पनि यस क्षेत्रमा विभिन्न चुनौती र समस्याहरू पनि विद्यमान छन यी चुनौतीहरूलाई सम्बोधन नगरेसम्म सहकारीको दिगो विकास कठिन हुन्छ।

**सहकारीमा प्रमुख चुनौती र समस्या**

१. **संस्थागत समस्या**

- व्यवस्थापन कमजोरी-प्राविधिक सीप, दक्षता र अनभवयुक्त व्यवस्थापक अभाव ।

- नियमावली पालनमा कमी- आन्तरिक नियम, सरकारी निर्देशन र कानुनी प्रावधानलाई पूर्णरूपमा पालना नगर्नु ।

- पारदर्शिता र जवाफदेहिता अभाव- सदस्यलाई आवश्यक वित्तीय विवरण समयमै नदिने।

२. **वित्तीय समस्या**

- पूँजी अभाव- ठूलो परियोजना वा लगानी गर्न पर्याप्त पूँजी नहुनु ।

- ऋण चुक्ता नगर्ने समस्या- सदस्य वा ग्राहकले समयमै ऋण नतिर्ने (Non-performing loan) दर उच्च हुनु ।

- जोखिम व्यवस्थापन कमजोरी- बीमा, ग्यारेन्टी वा ऋण सुरक्षाको व्यवस्थामा कमी ।

३. **प्राविधिक र प्रविधि सम्बन्धी समस्या**

- डिजिटल सेवाको पहुँच कम- ग्रामीण क्षेत्रमा इन्टरनेट, मोबाइल बैंकिङ जस्ता सेवा नपुग्नु ।

- डिजिटल साक्षरताको कमी- सदस्य र कर्मचारीमा प्रविधि प्रयोग गर्ने सीप अभाव ।

- साइबर सुरक्षा जोखिम- डिजिटल कारोबारमा ह्याकिङ, डाटा चुहावटको सम्भावना ।

४. मानव संसाधन समस्या

प्रशिक्षित जनशक्ति अभाव- सहकारी लेखा, MIS, डिजिटल व्यवस्थापनमा दक्ष जनशक्ति कम।

कर्मचारी अस्थिरता- काममा निरन्तरता र प्रतिबद्धता अभाव।

सदस्यमा चेतना कमी- सहकारीलाई आफ्नै संस्था भन्ने भावना नहुनु।

५. कानुनी र नीतिगत समस्या

कानुन कार्यान्वयन कमजोरी- सहकारी ऐन, नियमावली र नीतिहरूको पूर्ण कार्यान्वयनमा समस्या ।

निगरानी र अनुगमन कमजोर - सरकारी निकाय र संघ-महासंघबाट पर्याप्त निगरानी नहुनु ।

नीति असंगति- सहकारी, बैंक र माइक्रोफाइनान्सबीचको स्पष्ट कार्यविभाजन नहुनु ।

६. सामाजिक समस्या

विश्वास घट्ने समस्या- कतिपय सहकारी घोटाला वा अनियमितताले गर्दा सदस्यको विश्वास घट्नु ।

राजनीतिक हस्तक्षेप- सहकारी सञ्चालनमा अनावश्यक दबाब र हस्तक्षेप हुनु।

सदस्य सक्रियता कमी- धेरै सदस्य केवल सेयरधनी बनेर बस्ने तर गतिविधिमा सहभागी नहुनु।

## ६. आगामी योजना

सहकारी संस्थाले आफ्नो दिगो विकास, सदस्यमैत्री सेवा प्रवाह र समुदायको आर्थिक उत्थानका लागि भविष्यमा स्पष्ट अगामी योजना (Future Plan) तयार गर्न आवश्यक हुन्छ। सहकारीका आगामी योजनाहरूलाई वित्तीय, सामाजिक, प्रविधि, संस्थागत र कानुनीरनीतिगत पक्षमा हेर्न सकिन्छ ।

**सहकारीका आगामी योजनाहरू**

१. वित्तीय पक्ष

पूँजी संकलनमा वृद्धि( सदस्यको नियमित बचत, सेयर वृद्धि, बाह्य लगानी आकर्षित गर्ने योजना ।

विविधीकरण गरिएको लगानी( कृषि, पशुपालन, साना उद्योग, व्यवसाय, नवीकरणीय ऊर्जा आदिमा लगानी बढाउने ।

जोखिम व्यवस्थापन प्रणाली( बीमा, ग्यारेन्टी कोष र ऋण चुक्ता गर्न विशेष संयन्त्र विकास गर्ने।

२. सामाजिक पक्ष

महिला र युवाको सहभागिता( नेतृत्व तहमा महिलाको प्रतिनिधित्व र युवालाई उद्यमशीलतामा आकर्षित गर्ने।

सामुदायिक सेवा विस्तार( शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन, सामाजिक उत्तरदायित्व कार्यक्रमलाई सुदृढ बनाउने।

रोजगारी सिर्जना( स्वरोजगार तालिम, सीप विकास कार्यक्रम र सहकारीमार्फत उद्यम स्थापना।

३. प्रविधि पक्ष

डिजिटल सेवा विस्तार( मोबाइल एप, त्तच् पेमेन्ट, अनलाइन कारोबारलाई ग्रामीण तहसम्म पुर्‍याउने।

software प्रणालीलाई मजबुत बनाउने ( सदस्य व्यवस्थापन, लेखा र वित्तीय रिपोर्टिङलाई पूर्णरूपमा डिजिटलमा लैजाने ।

साइबर सुरक्षा सुदृढीकरण( डेटा संरक्षण, सुरक्षित सर्वर र नियमित ब्याकअप प्रणाली।

४. संस्थागत पक्ष

मानव संसाधन विकास (कर्मचारीलाई तालिम, क्षमता अभिवृद्धि, प्राविधिक दक्षता दिने।

सदस्य सक्रियता अभिवृद्धि (नियमित छलफल, सचेतना कार्यक्रम र निर्णय प्रक्रियामा सहभागिता बढाउने।

पारदर्शिता र जवाफदेहिता( आन्तरिक लेखापरीक्षण, सूचना सार्वजनिक गर्ने प्रणाली सुदृढ गर्ने।

५. कानुनी र नीतिगत पक्ष

कानुनी पालना सुदृढ गर्ने( सहकारी ऐन, नियमावली र नीतिहरूको पूर्ण पालना गर्ने ।

निगरानी प्रणाली मजबुत बनाउने (सरकारी निकाय र महासंघसँग सहकार्य गरी अनुगमन र मूल्याङ्कन गर्ने ।

सहकारी र सहकारी बैंक बीच समन्वय- कार्यविभाजन स्पष्ट पार्दै प्रतिस्पर्धा होइन सहकार्यमा जोड दिने ।

## ७. निष्कर्ष

सहकारीमा निष्कर्ष (Conclusion) भन्नाले सहकारीको सञ्चालन, उपलब्धि, चुनौती, आगामी योजना र सदस्य तथा समुदायमा यसको प्रभावको आधारमा तयार गरिएको समग्र मूल्याङ्कनलाई जनाउँछ। निष्कर्षले सहकारीको वर्तमान अवस्था, सुधारका आवश्यकता र भविष्यको दिशा स्पष्ट पार्छ।

**सहकारीको निष्कर्षका मुख्य बुँदा**

१. उपलब्धि र योगदान

सहकारीले सदस्यको सानो-सानो बचतलाई ठूला पूँजीमा परिणत गरी ऋण, बचत, सेयर, बीमा लगायतका वित्तीय सेवा उपलब्ध गराएको छ। यसले स्थानीय उत्पादन प्रवर्द्धन, रोजगारी सिर्जना, महिला र युवाको आर्थिक सशक्तीकरण र सामुदायिक विकासमा योगदान पुर्याएको छ। डिजिटल सेवा, सफट्योर प्रणाली र मोबाइल बैंकिङको प्रयोगले सहकारीलाई आधुनिक, छरितो र पारदशी बनाएको छ।

२. चुनौती र सुधारको आवश्यकता

सहकारीले अझै केही चुनौतीहरू सामना गर्दैछ–जस्तै पूँजी अभाव, ऋण चुक्ता नगर्ने समस्या, डिजिटल पहुँचको कमी, मानव संसाधन र दक्षताको अभाव, कानुनीरनिगरानी कमजोरी। यी चुनौतीहरूको समाधानका लागि सहकारीले रणनीति, प्रशिक्षण, प्रविधि सुधार, पारदर्शिता र सदस्यको सक्रियता सुनिश्चित गर्न आवश्यक छ ।

३. भविष्य र दिगोपना

सहकारीले आफ्नो दिगो विकासका लागि आगामी योजना तयार गरेको छ–डिजिटल सेवा विस्तार, वित्तीय विविधीकरण, महिला र युवाको सहभागिता, सामाजिक उत्तरदायित्व, जोखिम व्यवस्थापन, पारदर्शिता र कानुनी पालनामा जोड। यी योजनाले सहकारीलाई सदस्य केन्द्रित, आर्थिक रूपमा सबल, आधुनिक र विश्वासिलो संस्था बनाउने लक्ष्य राख्छ।

४. समग्र मूल्याङ्कन

निष्कर्षमा, सहकारी सदस्यको हित र समुदायको विकास केन्द्रमा राखेर सञ्चालन हुने संस्था हो। यसको सफल सञ्चालनमा उपलब्धि, चुनौती र आगामी योजना सबैले सन्तुलित भूमिका खेल्छ। सक्रिय नेतृत्व, दक्ष मानव संसाधन, सदस्यको सहभागिता र आधुनिक प्रविधि प्रयोगले सहकारीको दिगोपना सुनिश्चित गर्दछ ।

अन्त्यमा, यस सहकारी संस्थालाई सफलतापूर्वक अघि बढाउन संचालक समितिका पदाधिकारीज्यूहरू, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीज्यूहरू, उपसमितिका पदाधिकारीज्यूहरू,संस्थाका कर्मठ कर्मचारीहरू, संस्थाका सम्पूर्ण शेयरसदस्यज्यूहरूले दिनुभएको निरन्तर माया ममताप्रति सचिवको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु। आगामी दिनहरूमा पनि यही विश्वास, सहकार्य र प्रतिबद्धता निरन्तर रहनेछ भन्ने आशा व्यक्त गर्दछु साथै हिन्दुहरूको महान चाड बडा दशै २०८२, आउदै गरेको दिपावली तथा नेपाल सम्वत ११४६ र छठ पर्वको सुखद उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ । धन्यवाद ।

**बाल कृष्ण श्रेष्ठ**
**सचिव**

# बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.को
# १८ औ वार्षिक साधारणसभा समक्ष सञ्चालक समितिको तर्फबाट
# कोषाध्यक्ष श्री श्याम प्रधानबाट प्रस्तुत प्रतिवेदन
# आ.व. २०८१/०८२

आजका सभाका सभापति, प्रमुख अतिथि, उपस्थित अतिथिज्यूहरू, संचालक समितिका पदाधिकारीज्यू लगायत सम्पूर्ण अन्य पदाधिकारीज्यू, संस्थालाई गति दिने मेरुदण्ड अर्थात कर्मचारी वर्गहरू, समस्त अत्यन्त महत्वपूर्ण समस्त शेयर सदस्यज्यूहरूमा आउँदै गरेको महान चाड विजयादशमी, दीपावली, छठ लगायत अन्य धर्मावलम्बीहरू समेतको आउँदै गरेको समस्त चाडपर्वका लागि समेत लक्षित गरी यस बगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.को तर्फबाट म कोषाध्यक्षका हैसियतले हृदय देखि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विगतका वर्षहरूको आर्थिक अस्वस्थताको असर यस वर्ष पनि प्रत्यक्ष हामी सबैले अनुभूत नगरेका होइनौ, तर समस्या आउदैमा हाम्रा अनुभवी नेतृत्व एक इन्ची पनि नडगमगाई व्यवस्थापनलाई सकारात्मक हौसला दिंदै दिशा निर्देश गरेका कारण आज हामी गत वर्षको तुलनामा सानो पाइला नै सही अगाडी बढेका छौं । यो गति प्राप्त गर्न समस्त शेयर सदस्यज्यूहरूको पनि सकारात्मक साथ पाएकोलाई पनि संबोधन गर्नं पर्ने नै हुन्छ । यसै वर्ष संचालक समितिले नूतन काँचुली फेरको छ नयाँ सञ्चालक समिति पनि पूर्ण अनुभवि साथ संस्थाको हितलाई सर्वोपरि राख्दै व्यक्तिगत पद राखी हामी क्रमशः लक्ष्यमा लम्की राखेका छौं । आशा गर्दे भविश्यमा पनि यसरी नै सम्पूर्ण शेयर धनी सदस्यज्यूहरूले हामी लाई सकारात्मक साथ दिनु हुने छ । आजको यो वासलातको प्रस्तुति त्यसैको परिणाम हो भनी रहनु नपर्ला । लेखा प्रणाली लाई समय सापेक्ष चुस्त दुरुस्त राखी आधुनिकतम प्रविधिको प्रयोग गरि व्यवस्थापन गरिएको छ । सरकारबाट निर्दिष्ट सम्पूर्ण निर्देशनको पालना गरिएको छ । साथै अन्तर्राष्ट्रिय मापदण्ड को समेत नजीक रही वित्तिय चित्रण गरेका छौ ।

अव म यस संस्थाको आ.व.२०८१।०८२ मा उपलब्धी गरेको वित्तिय विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**आम्दानी तर्फ**

| संकेत नं. | आम्दानी शिर्षक | आ.ब. २०८०।०८१ यथार्थ | आ.ब.२०८१।०८२ यथार्थ | आ.ब.२०८२।०८३ अनुमानित |
|---|---|---|---|---|
| १६०.१.१ | शेयर लगानीबाट आम्दानी | ८६३,६५७ | ९४५,४०७ | ६९९,४०५ |
| १६०.१.२ | बचत लगानीबाट आम्दानी | ४,०३८,८२८ | ३,१८६,८५० | ३,२४९,०४३ |
| १६०.१.३ | मुद्दती लगानीबाट आम्दानी | १,१०१,५७५ | २,६३०,१४४ | ३,९७१,०५२ |
| १६०.१.४ | सुरक्षणपत्र लगानीबाट आम्दानी | - | - | - |
| १६०.१.५ | अन्य लगानीबाट आम्दानी | - | - | - |
| १६०.३ | ऋण लगानीबाट आम्दानी | १६६,२१८,८८६ | १५७,३४६,७८३ | १५१,८७८,१०० |
| १६०.४ | सेवा संचालनबाट आम्दानी | ९,४८७,८६९ | ७,६१४,२२३ | - |
| १६०.५ | बिकिबाट आम्दानी | ८,९६५,७३१ | ३,९१६,५९० | ५,२८५,९६८ |
| १६०.६.१ | प्रवेश शुल्क आम्दानी | १४,००० | २०,९०० | १८,५०० |
| १६०.६.२ | छुट तथा कमिशन आम्दानी | ३४२,७५० | २५०,६४७ | - |
| १६०.६.३ | अन्य आम्दानी | ५३९,०४४ | ७८३,७२३ | २३४,४०० |
| १६०.७ | ऋण जोखिम व्यवस्थाबाट आम्दानी | - | - | - |

| खर्च तर्फ | | | | |
|---|---|---|---|---|
| संकेत नं. | खर्च शिर्षक | आ.ब. २०८०।०८१ यथार्थ | आ.ब. २०८१।०८२ यथार्थ | आ.ब. २०८२।०८३ अनुमानित |
| १५०.३.१.१.१ | कर्मचारी तलब र ग्रेड खर्च | ५,९६८,४६० | ५,९२५,८३५ | ६,२८८,९७१ |
| १५०.३.१.१.२ | कर्मचारी भत्ता खर्च | १,५५९,१५७ | १,३७८,४२५ | १,१८२,००० |
| १५०.३.१.१.४ | सामाजिक सुरक्षा कोष | १,१३०,६३३ | १,०४३,०२३ | १,१२९,३५६ |
| १५०.३.१.१.५ | कर्मचारी पोशाक खर्च | १०६,०५९ | ५६,८७५ | ११२,५०० |
| १५०.३.१.१.६ | कर्मचारी औषधि उपचार खर्च | ४२९,०७० | ४१०,४९३ | ४८३,७६७ |
| १५०.३.१.१.८ | कर्मचारीलाई अन्य सुबिधा | ३२१,२७६ | २६२,७०७ | ४२१,८८४ |
| १५०.३.१.२ | पानी, बिजुली तथा सरसफाई खर्च | १९७,२९२ | १८५,४६१ | २३४,००० |
| १५०.३.१.३ | बैंक शुल्क | १३,६८९ | ८,००० | ९,६०० |
| १५०.३.१.४ | मसदन्द तथा छपाई खर्च | ५६६,९८६ | ७७९,४०१ | ३६०,००० |
| १५०.३.१.५ | सूचना तथा संचार खर्च | ११०,१४९ | ९५,४०३ | २१८,४०० |
| १५०.३.१.६ | भाडा खर्च | ८१८,६१५ | ८७४,४४० | ९३९,६०० |
| १५०.३.१.७ | लेखापरीक्षण शुल्क | २२६,००० | ३१६,४०० | ५२०,००० |
| १५०.३.१.८ | लेखापरीक्षण खर्च | - | - | - |
| १५०.३.१.९ | व्यवसायिक परामर्श शुल्क | ३१६,४०० | २५९,९०० | ५७५,००० |
| १५०.३.१.१० | मर्मत तथा संभार खर्च | ६०,४७२ | ११३,५६४ | १७१,८९८ |
| १५०.३.१.११ | ईन्धन खर्च | २८,५४८ | २९,१४० | ६०,००० |
| १५०.३.१.१२ | बीमा प्रीमियम खर्च | २६४,०९० | ३४२,३०५ | १३०,००० |
| १५०.३.१.१३ | बैठक भत्ता खर्च | २,२१६,००० | १,७५६,००० | २,३१०,००० |
| १५०.३.१.१५ | दर्ता, नविकरण तथा अन्य कर | ९३३,६२० | ८००,८०७ | ९४०,००० |
| १५०.३.१.१६ | प्रशिक्षण र गोष्ठी खर्च | १,००७,८२१ | १,८२७,०३५ | २,१३०,००० |
| १५०.३.१.१७ | शिक्षा तथा तालिम खर्च | ६३,०८० | ७,००० | ३१,०७२ |
| १५०.३.१.१८ | सम्मान तथा पुरस्कार खर्च | २९,००० | ५,००० | ३६६,५०० |
| १५०.३.१.१९ | साधारण सभा तथा बिस्तारीत मञ्च खर्च | १,६६४,२४६ | १,६७२,९२० | २,१४८,२७५ |
| १५०.३.१.२० | बिपद व्यवस्थापन खर्च | - | - | २०,००० |
| १५०.३.१.२१ | उत्सव तथा प्रोत्साहन खर्च | ५६,०२५ | ४५,५८५ | ६७०,००० |
| १५०.३.१.२२ | अध्ययन तथा अवलोकन खर्च | - | २०,००० | - |
| १५०.३.१.२४ | अतिथि सत्कार खर्च | ४०४,०४५ | ३९२,९१५ | - |
| १५०.३.१.२६ | बजारीकरण तथा प्रर्बधन खर्च | ९३,६९० | ११०,७८० | ४९०,००० |
| १५०.३.१.२७ | यातायात तथा दैनिक भ्रमण भत्ता खर्च | - | - | २५,००० |
| १५०.३.१.२८ | ऋण प्रक्रियागत खर्च | १८,००० | - | - |

| | | | | |
|---|---|---|---|---|
| १५०.३.१.२९ | ह्रास खर्च | १,६६७,०८० | १,६७४,४३५ | १,१३६,३०९ |
| १५०.३.१.३१ | बिबिध खर्च | ९,०५४,६७५ | ३,८९४,५४३ | ४००,००० |
| १५०.३.१.३२ | सदस्य हेरचाह खर्च | ७१,९१० | १२१,९४० | २०,००० |
| १५०.३.२.१ | बचतमा तिरेको व्याज खर्च | ११५,४९५,२१० | १२०,९२१,९३७ | ९१,९५०,१४९ |
| १५०.३.२.२ | ऋणमा तिरेको व्याज खर्च | १८,६२२,१३१ | ४,६९८,६७१ | - |
| १५०.३.३ | जोखिम व्यवस्था खर्च | ५,३०१,५७० | ६,७०८,१८४ | - |
| १५०.३.४ | स्थगन कर खर्च/आम्दानी | - | - | - |
| | जम्मा खर्च | १६८,८१४,९९९ | १५६,७३९,१२२ | ११५,४७४,२८१ |
| | नाफा नोक्सान | २२,७५७,३४१ | १९,९५६,१४४ | ४९,८६२,१८७ |

उपरोक्त आय व्ययको विस्तृत तालिकाले संस्थाको स्थिति स्पष्ट पारेका छौं । यो सब संस्थाको मेरुदंड अर्थात कर्मचारी वर्गहरू तथा नेतृत्वमा रहेका प्रमुख कार्यकारी अधिकृत र नीति निर्माणमा रहेका विभिन्न विधाका विशिष्टता हासिल गरेका कुशल, दक्ष अध्यक्ष तथा संचालक समितिको नीति निर्माणको परिणामबाट यो हुन आएको हो । आगामी समयमा हामी सबै लाई यसरी नै सकारात्मक साथ, निर्देशन, सल्लाहको अपेक्षा गर्दै आ.ब. २०८१/०८२ को यथार्थ र आगामी आ.व. २०८२/०८३ को अनुमानित बजेट लेखा परिक्षण प्रणाली अनुसार प्रस्तुत गरिएको प्रतिवेदनलाई करतल ध्वनीका साथ पास गरी हामीलाई हौसला प्रदान गर्नु हुनेछ भन्ने कुरामा विश्वस्त छौं । जय सहकारी । जय बंगलामुखी ।

**श्याम प्रधान**
**कोषाध्यक्ष**

# बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि. को १८ औं वार्षिक साधारणसभामा लेखासुपरीवेक्षण समितिको तर्फबाट संयोजक श्रीराम श्रेष्ठबाट प्रस्तुत प्रतिवेदन आ.व २०८१/०८२

आदरणीय अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका सहकर्मीहरू, समस्त सदस्य महानुभावहरू, कर्मचारी साथीहरू, पत्रकार मित्रहरू, आदरणीय अतिथिज्यूहरू तथा साधारणसभामा उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक नमस्कार । सबैभन्दा पहिले, लेखा सुपरीवेक्षण समितिको तर्फबाट म आजको यस १८ औं वार्षिक साधारणसभामा सम्पूर्ण शेयर सदस्यहरूलाई स्वागत तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**समितिको कामको संक्षेप**

गत आर्थिक वर्षभरि समितिले संस्थाको वित्तीय अवस्था, प्रशासनिक खर्च, लगानी, ऋण वितरण, निक्षेप परिचालन, लेखापरीक्षण प्रतिवेदन तथा नियामक निकायको निर्देशनअनुसारको पालना जस्ता विषयमा गहन अध्ययन र मूल्याङ्कन गरेको छ ।

**कानुनी दायित्व स्मरण**

सहकारी ऐन २०७४, नियमावली २०७५ र सहकारी विभागले जारी गरेका निर्देशन अनुसार लेखा सुपरिवेक्षण समितिको दायित्व संस्थाको सम्पूर्ण आर्थिक गतिविधि, आन्तरिक नियन्त्रण, पारदर्शिता र वित्तीय शुद्धताको मूल्यांकन गरी सदस्यहरूलाई वस्तुगत प्रतिवेदन प्रस्तुत गर्नु हाम्रो मुख्य दायित्व हो ।

**बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.** को १८ वार्षिक साधारण सभामा **लेखा सुपरिवेक्षण समितिको संयोजक**को हैसियतमा, म आज यहाँ बंगलामुखी बचत तथा ऋण सहकारी संस्थाको विगत आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदन प्रस्तुत गर्दैछु ।

**प्रमुख तथ्याङ्क (Special Highlights)**

| | |
|---|---|
| कुल सदस्य | : ३६४४ जना |
| कुल निक्षेप | : रु. ११६०४१०८७० |
| कुल ऋण लगानी | : रु.१०६२३४२४३० |
| शेयर पूँजी | : रु.१४३८३१२०० |
| नाफा/घाटा | : रु.१७६९८८६९ |

**१. वित्तीय विवरणको विश्लेषण आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को तुलना आधारमा**

**क. शेयर पूाजी/इक्विटी** (Equity):

- जम्मा सम्पत्तिको कम्तिमा १०% बराबर स्वामित्व पूँजी (भ्त्रगष्तथ) हुनु जरुरी छ ।
- शेयर पूँजी २०८०/८१ मा रु. १४,५०,०८,८०० → २०८१/८२ मा रु. १४,३८,३१,२०० (०.८१% कमी) ।
- संस्थाको शेयर पूँजीमा गत बर्ष भन्दा ०.८१% ले कमी भएतापनि पूँजी पर्याप्तता अनुपात (Capital Adequacy Ratio – CAR) १०% भन्दा माथि हुनुपर्नेमा हाम्रो सहकारीको अनुपात १०.४७ % रहेको छ, जसले सदस्यहरूको लगानी सुरक्षामा थप विश्वास दिलाएको छ ।

**ख. निक्षेप (कुल बचत)/ दायित्व** (Liabilities):

- प्रमुख दायित्व सम्बन्धी मापदण्ड (Liabilities Standards)
- जम्मा निक्षेप = Total Assets को ७०-८०% भन्दा बढी हुनुहुँदैन भन्ने सामान्य अन्तर्राष्ट्रिय (PEARLS) guideline छ ।
- बाह्य ऋण (External Borrowing)-सहकारीले आफ्ना सदस्यबाहेक अन्य निकाय/बैंक वा व्यक्तिबाट लिएको ऋण कुल सम्पत्तिको ५% भन्दा बढी हुनु हुँदैनायसले सहकारीलाई अत्यधिक ऋण-निर्भर हुनबाट रोक्छ ।
- कुल निक्षेप २०८०/८१ मा रु. १,००,०२,३०,१६३ → २०८१/८२ मा रु. १,१६,०४,१०,८७० वृद्धिदरः करिब १६%
- सहकारीप्रति सदस्यको विश्वास उच्चस्तरमा रहेको पुष्टि हुन्छ ।

**ग. ऋण लगानी**

- २०८०/८१: रु. १,११,९१,८४,१४४ → २०८१/८२: रु. १,०६,२३,४२,४३० कमी: करिब ५.०८%
- संस्थाको ऋण लगानीमा गत बर्ष भन्दा ५.०८% ले कमी भएतापनि कुल सम्पतीमा खुद ऋणको अनुपात ७० देखि ८०% हुनुपर्नेमा ७७.३४% रहेको छ, जसले सदस्यहरूको लगानी सुरक्षामा थप विश्वास दिलाएको छ ।
- जम्मा सम्पत्ति (Total Assets)
- जम्मा सम्पत्ति २०८०/८१ मा रु. १,३३,४०,२६,०५९ → २०८१/८२ मा रु. १,३७,३५,३८,७२४ (२.९६% वृद्धि) ।
- संस्थाको कुल वित्तीय आधार बलियो हुँदै गएको छ ।

**ङ. आम्दानी-खर्च /शुद्ध नाफा** (Net Profit)

- कुल आम्दानी २०८०/८१ मा रु. १९,१५,७२,३४१ बाट २०८१/८२ मा रु. १७,६६,९५,२६६ पुगेको छ ।

→ करिब ७.७६% ले कमी भएको देखाउँछ।

- कुल खर्च २०८०/८१ मा रु. १६,८८,१४,९९९ बाट २०८१/८२ मा रु. १५,६७,३९,१२२ पुगेको छ।
  → करिब ७.१५% ले कमी भएको देखाउँछ।

**च. शुद्ध नाफा:**

- २०८०/८१: रु. १,९८,०४,६४५ बाट २०८१/८२: रु. १,७६,९८,५६९ कमीदर: करिब १०.६३%
- शुद्ध नाफामा १०.६३% कमी, आम्दानी र खर्चबीचको अनुपातलाई ध्यानमा राख्दा संस्थाको सञ्चालन क्षमता र लागत व्यवस्थापन सुधार गर्नुपर्ने देखिन्छ।

## २. अघिल्लो साधारणसभाका निर्णयहरूको पालना

- अघिल्लो साधारणसभाबाट गरिएका प्रमुख निर्णयहरूको कार्यान्वयन भएको
- सफलतापूर्वक कार्यान्वयन भएका, आंशिक कार्यान्वयन भएका र अझै कार्यान्वयन गर्न बाँकी रहेका पक्षहरू

## ३. २०८१/८२ मा बसेका बैठकहरूको समीक्षा

| क्र.सं. | बिवरण | बैठक संख्या |
|---|---|---|
| १. | संचालक समिति | २० |
| २. | लेखा सुपरिवेक्षण समिति | ४ |
| ३. | महिला उपसमिति | ३ |
| ४. | ऋण उपसमिति | ६ |
| ५. | थिमिसेवा केन्द्र व्यवस्थापन उपसमिति | ४ |
| ६. | ग्वार्को सेवा केन्द्र व्यवस्थापन उपसमिति | ४ |

## ४. ऋण लगानी प्रक्रिया र सहकारीमा गरिएको अभ्यास

क) ऋण लगानी प्रक्रियामा संस्थाको ऋण नीतिमा भएको व्यवस्था अनुसार भएको देखिन्छ।

ख) ऋण निति अर्न्तगत ऋण प्रवाह गर्दा (C5) को विश्लेषण गरेको छ।

ग) संस्थाले ऋण जोखिम कोषको पनि उचित व्यवस्था गरेको देखिन्छ। जस अन्तरगत लगानीमा रहेका सम्पूर्ण कर्जाहरूलाई सहकारी मापदण्ड अनुसार असल, कमसल, शंकास्पद र खराब कर्जामा वर्गिकरण गरी क्रमश १%, २५%, ५०% र १००%, ले हुन आउने रकम सम्भावित नोक्सान व्यवस्था गरिएको छ।

## ५. सहकारी मापदण्ड (Standards) का मुख्य बुदा र पालना

सहकारी मापदण्ड २०६८ अनुसार प्रत्येक महिनाको समाप्त भएको ७ दिनभित्र सबन्धित निकायलाई प्रतिवेदन पठाईएको छ।

## ६. अनुगमन, निर्देशन र सुझाव तथा प्रतिवेदनको पालना

नियामक निकायबाट समय-समयमा अनुगमन पश्चात् जारी भएका निर्देशनहरूलाई संस्थाले गम्भिरताका साथ सम्पूर्ण कार्यहरू तदारुकताका साथ गर्दै आइरहेको छ।

## ७. पदाधिकारीहरूको पारिश्रमिक र भत्ता

संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिका पदाधिकारीज्युहरूले सहकारी ऐन तथा मापदण्ड विपरित कुनै पारिश्रमिक, भत्ता र सुविधा लिएको पाईन्छ। संस्थाको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिलाई रु.५,०००।- बिभिन्न उपसमितिका पदाधिकारीज्यूहरू रु. ३,०००।- का दरले प्रति बैठक भत्ता बुझ्ने गरिएको छ।

**कानुनी आधार (Legal Basis)**

**सहकारी ऐन,** २०७४ (Cooperative Act, 2017)

- **दफा ३७ र ४० अनुसार:**
  – भत्ता तथा पारिश्रमिक सहकारीको आर्थिक क्षमता, वार्षिक बजेट, र साधारण सभाको अनुमोदन अनुसार तय गर्नुपर्छ।

**सहकारी नियमावली,** २०७५ (Cooperative Regulations, २०१८)

- **पदाधिकारी भत्ता:**
  – संचालक समिति सदस्य: बैठक भत्ता वा मासिक भत्ता, सहकारीको वार्षिक आम्दानी अनुसार निर्धारण।
  – कार्यकारी अधिकृत/प्रबन्धक: तलब सहकारीले तय गरेको संरचना अनुसार।
- **साधारण सभा अनुमोदन अनिवार्य:**
  – वार्षिक साधारण सभाले पारिश्रमिक/भत्ता संरचना स्वीकृत गर्नुपर्छ।

**अन्य कानुनी प्रावधानहरू**

- **कर सम्बन्धी नियम:**

– भत्ता वा पारिश्रमिकमा लागू हुने कर (Income Tax) कटौती गरिनु अनिवार्य ।

- **लेखा प्रतिवेदनमा देखाउने:**

– पदाधिकारीको भत्ता, सुविधा, बोनस आदि वार्षिक प्रतिवेदनमा स्पष्ट देखाउनुपर्छ ।

**नीति** (Practical Policy / Guidelines)

**पदाधिकारीको पारिश्रमिक निर्धारण गर्ने आधारहरू**

१. **सहकारीको आर्थिक क्षमता:**

– नगद प्रवाह, बचत, नाफा अनुसार मात्र भत्ता दिनु ।

२. **पद र जिम्मेवारी:**

– अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी अनुसार फरक ।

३. **बैठक भत्ता** (Meeting Allowance):

– संचालक समिति र अन्य समितिका बैठक भत्ता बजेट अनुसार ।

४. **अन्य सुविधा:**

– यात्रा भत्ता, कार्यालय खर्च भत्ता, स्वास्थ्य/बीमा सुविधा ।

**व्यवस्थापन र नियन्त्रण**

| **बुँदा** | **विवरण** |
|---|---|
| पारिश्रमिक स्वीकृति | वार्षिक साधारण सभा (Annual General Meeting) |
| भुक्तानी स्रोत | सहकारीको बजेट/आम्दानी अनुसार |
| लेखा/अडिट | वार्षिक लेखा प्रतिवेदनमा स्पष्ट उल्लेख |
| कर दायित्व | लागू हुने Income Tax कटौती अनिवार्य |

## ८. कर्मचारी सुशासन

क) मानव संसाधन व्यवस्थापन आन्तरीक कार्यविधि भएको र सोको कार्यान्वयन पनि भइरहेको छ ।

ख) कर्मचारी भर्ना प्रक्रिया पारदर्शी एवं प्रतिस्पर्धात्मक भएको ।

ग) कर्मचारीहरूमा कार्य विभाजन गरी कार्य सम्पादन गर्ने गरिएको तथा कर्मचारीहरूमा आपसी समन्वय रहेको छ ।

घ) संस्थाको प्रमुख कार्यकारी अधिकृत त्रिभुवन विश्व विद्यालयबाट व्यबस्थापन विषयमा स्नातकोत्तर उर्तीण गर्नुभएको छ । उहाँ शैक्षिक एवं समाजिकरुपले योग्य हुनुका साथै व्यबसायिक पक्षमा पनि दक्ष तथा सक्षम हुनुहुन्छ । संस्थामा गर्नुपर्ने सम्पूर्ण कामहरू दक्षताका साथ सम्पन्न गर्नु भएको र अगामी दिनहरूमा पनि यसरी नै सफलताका साथ अघि बढनु हुन्छ भनी आशा राख्दछु ।।

## ९. बजेटअनुसारको आर्थिक र प्रशासनिक नीति

**आर्थिक नीति** (Financial Policy)

सहकारीको आर्थिक नीति मुख्य रूपमा नगद प्रवाह, ऋण लगानी, बचत, लगानी, र नाफा वितरण सम्बन्धि हुन्छ ।

**मुख्य बुँदाहरू:**

१. **आय-व्यय नियन्त्रण**

– बजेटमा निर्धारण गरिएको खर्च सीमा भन्दा बाहिर खर्च नगर्ने ।

– प्रत्येक खर्चको प्रमाण (Voucher/Bill) अनिवार्य ।

२. **नगद र तरल सम्पत्ति व्यवस्थापन**

– दैनिक/साप्ताहिक खर्च अनुसार नगद राख्ने ।

– बैंक मार्फत भुक्तानी प्राथमिकता ।

३. **ऋण/लगानी नीति**

– सदस्यहरूलाई ऋण दिने नियम र प्राथमिकता स्पष्ट ।

– ब्याज दर, किस्ता भुक्तानी, सुरक्षा/Collateral नीति स्पष्ट ।

४. **संचय/बचत नीति**

– सदस्यको बचत सुरक्षित र नियमन अनुसार बैंकमा राख्ने ।

– नियमित बचत प्रवर्धन कार्यक्रम ।

५. **नाफा/अन्तरिम लाभ वितरण**

– वार्षिक नाफा बजेटअनुसार जगेडा कोष, विकास कोष, सदस्य लाभांश वितरण ।

६. **आर्थिक प्रतिवेदन र लेखा निरीक्षण**

– त्रैमासिक/वार्षिक लेखा प्रतिवेदन ।

– लेखा अधिकृत र लेखा समिति द्वारा अनुगमन ।

**प्रशासनिक नीति (Administrative Policy)**

सहकारीको प्रशासनिक नीति मुख्य रूपमा मानव संसाधन, कार्यालय सञ्चालन, बैठक र निर्णय, र नियम पालन सम्बन्धि हुन्छ ।

मुख्य बुँदाहरू:

१. **मानव संसाधन व्यवस्थापन**
- कर्मचारी नियुक्ति, तलब, भत्ता, तथा पुरस्कार नीति ।
- जिम्मेवारी र कार्य विवरण (Job Description) स्पष्ट ।

२. **बैठक र निर्णय प्रक्रिया**
- संचालक समिति, लेखा समिति, साधारण सभा नियम अनुसार सञ्चालन ।
- बैठक नोट/Minute of Meeting तयार पार्ने ।

३. **दस्तावेज/रेकर्ड प्रबन्धन**
- नगद, बैंक, सम्पत्ति, ऋण, तथा सदस्य अभिलेख सुरक्षित राख्ने ।
- कानुनी/नियामक कागजात अद्यावधिक ।

४. **संचालन नीति**
- कार्यालय सञ्चालन बजेट अनुसार ।
- उपकरण, सवारी साधन, र भौतिक सम्पत्ति प्रयोग नीति ।

५. **अनुगमन र नियन्त्रण**
- आन्तरिक लेखा/समीक्षा ।
- बजेटभन्दा बढी खर्च रोक्ने ।

**निष्कर्ष**

बजेटअनुसारको नीति भनेको:

- आर्थिक नीति ⟶ आय-व्यय, नगद, ऋण, लगानी, नाफा व्यवस्थापन ।
- प्रशासनिक नीति ⟶ कर्मचारी, बैठक, रेकर्ड, सम्पत्ति, नियम पालन ।

## १०. PEARLS मापदण्ड अनुसारको अवस्था

| | *Indicators* (सुचकहरू) | लक्ष्य | *Numerator* | *Denominator* | *Result* |
|---|---|---|---|---|---|
| ***P = Protection* (सुरक्षण)** | | | | | |
| P1 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था | १००% | १,१८,८८,५९६ | १,१८,८८,५९६ | १००.०० |
| P2 | ६ महिना देखि १२ महिना सम्म भाषा नाघेको ऋणको लागि कोषको व्यवस्था | ५०% | ८१,७८,४१३ | १,६३,५६,८२७ | ५०.०० |
| | ३ महिना देखि ६ महिना सम्म भाषा नाघेको ऋणको लागि कोषको व्यवस्था | २५% | ४७,६०,५९४ | १,९०,४२,३७५ | २५.०० |
| P2x | भाखा ननाघेको असल ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोषको अवस्था | १% | १,०४,३४,९१४ | १,०४,३४,९१,४११ | १.०० |
| P6 | तिर्न सक्ने सक्षमता | ११०५ भन्दा बढी | १,४०,४७,३२,७८३ | १,३०,४२,४२,०७० | १०७.७० |
| ***E = Effective financial structure* (प्रभावकारी बित्तिय संरचना)** | | | | | |
| E1 | कुल सम्पतिमा खुद ऋणको अनुपात | ७०%–८०% | १,०६,२३,४२,४३० | १,३७,३५,३८,७२४ | ७७.३४ |
| E2 | कुल सम्पत्तिको अनुपातमा तरल लगानी | बढीमा १६% | २५,०७,७७,६१८ | १,३७,३५,३८,७२४ | १८.२६ |
| E3 | कुल सम्पत्तिको अनुपातमा वित्तीय लगानी | बढीमा २% | ३,३३,५०,३९४ | १,३७,३५,३८,७२४ | २.४३ |
| E4 | कुल सम्पत्तिको अनुपातमा गैर वित्तीय लगानी | ०% | - | १,३७,३५,३८,७२४ | - |
| E5 | कुल सम्पतिमा बचतको अनुपात | ७०%–८०% | १,१६,०४,१०,८७० | १,३७,३५,३८,७२४ | ८४.४८ |
| E6 | कुल सम्पतिमा बाह्य ऋणको अनुपात | ५% भदा कम | - | १,३७,३५,३८,७२४ | - |
| E7 | कुल सम्पतिमा शेयरपुँजीको अनुपात | बढीमा २०% | १४,३८,३१,२०० | १,३७,३५,३८,७२४ | १०.४७ |
| E9 | कुल सम्पतिमा खुद संस्थागत पुँजीको अनुपात | कम्तीमा १०% | ४,४७,१६,७६१ | १,३७,३५,३८,७२४ | ३.२६ |
| ***A = Assets quality* (सम्पतिको गुणस्तर)** | | | | | |
| A1 | कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण | ५% भन्दा कम | ८,१९,१८,२७१ | १,०९,७६,०४,९४७ | ७.४६ |
| A2 | कुल सम्पतिमा नकमाउने सम्पतिको अनुपात | ५% भन्दा कम | २,७०,६८,२८३ | १,३७,३५,३८,७२४ | १.९७ |
| A3 | शुद्ध लागतरहित कोषमा आय आर्जन नगर्ने सम्पतीको अनुपात | २००% भन्दा बढी | ४,४७,१६,७६१ | २,७०,६८,२८३ | १६५.२० |

| | | | | | |
|---|---|---|---|---|---|
| ***R = Rate of return*** **(आम्दानी र खर्चको प्रतिफल दर)** | | | | | |
| R1 | औषत कुल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी | औषत ब्याजदर | १५,७३,४६,७८३ | १,०९,०७,६३,२८७ | १४.४३ |
| R2 | औषत तरल सम्पत्तीको अनुपातमा तरल लगानीबाट प्राप्त आम्दानी | बजार दर | ३१,८६,८५० | १९,४५,७२,४०८ | १.६४ |
| R3 | औषत वित्तिय लगानीको अनुपातमा वित्तिय लगानीबाट प्राप्त आम्दानी | बजार दर | २६,३०,१४४ | ४,०८,२८,०४९ | ६.४४ |
| R5 | औषत बचतको अनु पातमा बचतमा तिरेको ब्याज खर्च | बजार दर | १२,०९,२१,९३७ | १,०८,०३,२०,५१६ | ११.१९ |
| R6 | औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको ब्याज खर्च | बजार दर | ४६,९८,६७१ | ६,१५,०६,८६१ | ७.६४ |
| R7 | औषत शेयर पुँजीको अनुपातमा लाभांस वितरण | बजार दर >= R5 | ६६,३९,५०७ | १४,४४,२०,००० | ४.६० |
| R9 | औषत सम्पतिमा संचालन खर्चको अनुपात | ५% भन्दा कम | २,४४,१०,३३० | १,३५,३७,८२,३९२ | १.८० |
| ***L = Liquidity*** **(तरलता)** | | | | | |
| L1 | कुल निक्षेपमा तलरता | १६% | २५,०७,७७,६१८ | १,१६,०४,१०,८७० | २१.६१ |
| L3 | कुल सम्पतिमा आय आर्जन नगर्ने तरल सम्पतिको अनुपात | १% भन्दा कम | ७,३८,१०४ | १,३७,३५,३८,७२४ | ०.०५ |
| ***S = Sign of growth*** **(वृद्धिका संकेतहरू)** | | | | | |
| S10 | सदस्य बृद्धिदर | १५% भन्दा बढी | ७२ | ३,५७२ | २.०२ |
| S11 | कुल सम्पति बृद्धिदर | मुद्रा स्फिति भन्दा बढी | ३,९५,१२,६६५ | १,३३,४०,२६,०५९ | २.९६ |

**११. नगद, तरल तथा भौतिक सम्पत्तिको उपयोग**

- नगद र बैंक खाताको स्थिति
- स्थायी सम्पत्ति (जग्गा, भवन, फर्निचर आदि)
- सही प्रयोग / संरक्षणको अवस्था
- नगद, तरल तथा भौतिक सम्पत्तिको उपयोग (Cash, Liquid & Physical Assets Utilization)

१. **नगद** (Cash)

- नगद भनेको बैंक तथा हातमा रहेको तुरुन्त प्रयोग गर्न मिल्ने रकम हो ।

**उपयोगका उदाहरणः**

- सञ्चालन खर्चः कार्यालय भाडा, विजुली, पानी, टेलिफोन, पत्र-पत्रिका आदिमा प्रयोग।
- कर्मचारी भत्ता/तलबः स्थायी तथा अस्थायी कर्मचारीलाई तलब भुक्तानी।
- छोटो अवधिको ऋण भुक्तानीः सहकारी/संस्थाबाट लिएको अल्पकालीन ऋणको किस्ता भुक्तानी ।
- आपतकालीन खर्चः आकस्मिक आवश्यकताका लागि आपतकालीन नगद उपलब्ध गराउनु।

**नियन्त्रणः**

- दैनिक नगद खाता (ऋबकज द्ययथप) अद्यावधिक राख्ने।
- दैनिक/साप्ताहिक नगद व्ययको प्रमाणपत्र (ख्यगअजभच) संगै राख्ने ।

२. **तरल सम्पत्ति** (Liquid Assets)

- तरल सम्पत्ति भन्नाले तुरुन्त नगदमा रूपान्तरण गर्न सकिने सम्पत्ति बुझिन्छ। जस्तैः बैंकमा जम्का रकम, बैंक फिक्स्ड डिपोजिट, ट्रेजरी बिल आदि ।

**उपयोगका उदाहरणः**

- ऋण लगानीः सदस्यहरूलाई ऋण दिनु ।
- भुक्तानी स्थापनः ठूलो रकमको भुक्तानी (बैंक मार्फत) गर्नु।
- लगानीको अवसरः अल्पकालीन लगानीमा लगानी गरेर ब्याज आम्दानी बढाउनु।

**नियन्त्रणः**

- बैंक स्टेटमेन्टको नियमित मिलान (Reconciliation)।
- लगानी नीति अनुसार मात्र तरल सम्पत्ति प्रयोग गर्नु।
- तरलता २१.६१ प्रतिशत

३. **भौतिक सम्पत्ति** (Physical÷Fixed Assets)

- भौतिक सम्पत्ति भन्नाले भवन, सवारी साधन, फर्निचर, कम्प्युटर, उपकरण आदि ।

**उपयोगका उदाहरणः**

- सञ्चालन सहयोगः कार्यालय सञ्चालन र सदस्य सेवा सुविधामा प्रयोग ।
- लगानी उद्देश्यः नयाँ भवन, सवारी साधन वा उपकरण खरिद ।
- मर्मत/सुधारः भौतिक सम्पत्तिको मर्मत र दुरुस्तीमा खर्च ।

**नियन्त्रणः**

- भौतिक सम्पत्ति अभिलेख (Fixed Asset Register) अद्यावधिक राख्ने ।
- मूल्यह्रास (Depreciation) अनुसार लेखा अभिलेख राख्ने।
- अनधिकृत प्रयोग रोक्ने ।

**१२. सहकारी शिक्षा र तालिमहरू**

- सदस्य र कर्मचारीलाई दिइएका तालिमको विवरण
- शिक्षा कार्यक्रमको प्रभावकारिता
- अझै आवश्यक देखिएका तालिम / दक्षता

**१३. विगतका सुझावहरूको पालना स्थिति**

- समितिले विगतमा दिएको सुझावहरू कति कार्यान्वयन भए
- बाँकी रहेका सुधारका आवश्यकता

**१४. प्रविधिको प्रयोग**

- कम्प्युटराइज्ड लेखा प्रणाली
- मोबाइल / अनलाइन सेवा सुविधा
- सदस्यमैत्री प्रविधि प्रयोगको स्तर

**१५. नयाँ सुझावहरू**

१. ऋण चुक्ता प्रणालीलाई अझै कडाइ गर्नुपर्ने
२. प्रशासनिक खर्च न्यूनिकरण गर्नुपर्ने
३. प्रविधि प्रयोगलाई अझ प्रभावकारी बनाउनुपर्ने
४. सदस्य शिक्षा, तालिम र सचेतना कार्यक्रममा जोड दिनुपर्ने
५. सहकारी मूल्य-मान्यतामा अझै ध्यान दिनुपर्ने
६. उपयोगको व्यवस्थापन र जिम्मेवारी

| **सम्पत्ति** | **प्रयोग** | **जिम्मेवार व्यक्ति/समिति** | **नियन्त्रण** |
|---|---|---|---|
| नगद | दैनिक खर्च, तलब भुक्तानी, आकस्मिक खर्च | लेखा अधिकृत / कोषाध्यक्ष | Cash Book, Voucher |
| तरल सम्पत्ति | ऋण लगानी, बैंक भुक्तानी, लगानी | लेखा अधिकृत / संचालक समिति | Bank Reconciliation, Investment Ledger |
| भौतिक सम्पत्ति | कार्यालय सञ्चालन, नयाँ उपकरण खरिद, मर्मत | व्यवस्थापक / लेखा अधिकृत | Fixed Asset Register, Depreciation Accounting |

**निष्कर्ष / Closing**

समग्रमा, बंगलामुखी बचत तथा ऋण सहकारी संस्था विगत आर्थिक वर्षमा सन्तोषजनक रुपमा अघि बढेको देखिन्छ। तर, अझै केही सुधारका पक्षहरूलाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ ।

लेखा सुपरिवेक्षक समितिको तर्फबाट, संस्थाका पदाधिकारी, कर्मचारी र सदस्यज्यूहरूको सहयोग र प्रतिबद्धताको कदर गर्दै, आगामी दिनमा अझ पारदर्शी, दिगो र साझा समृद्धितर्फ सहकारी अघि बढोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद।

**श्रीराम श्रेष्ठ**
**संयोजक**

# बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.को
# १८औं वार्षिक साधारणसभा समक्ष
# प्रमुख कार्यकारी अधिकृत जगतकृष्ण श्रेष्ठको मन्तव्य

हाम्रो सहकारी संस्था विगतदेखि नै सदस्यहरूको विश्वास, माया र निरन्तर सहयोगका कारण निरन्तर प्रगतिको बाटोमा अघि बढिरहेको छ। पारदर्शिता, उत्तरदायित्व र सदस्य-हित नै हाम्रो मूल आधार हो। हामीले बचत तथा ऋण सेवामार्फत सदस्यहरूलाई सहज सुविधा उपलब्ध गराउनुका साथै आर्थिक सबलीकरणमा योगदान पुऱ्याउँदै आएका छौं।आगामी दिनमा डिजिटल प्रविधि, सीप विकास तालिम तथा समुदायमुखी योजनामा जोड दिई सहकारीलाई अझ सक्षम र उदाहरणीय बनाउने हाम्रो लक्ष्य छ। यस यात्रामा तपाईंहरूको निरन्तर साथ र सक्रिय सहभागिताले मात्र हाम्रो सपना साकार हुनेछ भन्नेमा म दृढ छु ।

**१) औपचारिक शैली**

हाम्रो सहकारी संस्था विगतदेखि निरन्तर सदस्यहरूको विश्वास र सहयोगले सुदृढ हुँदै आएको छ। पारदर्शी आर्थिक व्यवस्थापन, दिगो योजना, र उत्तरदायित्वपूर्ण सेवा प्रवाह हाम्रो संस्थाको प्रमुख आधार हो। हामीले बचत, ऋण तथा अन्य सहकारी सेवामार्फत सदस्यहरूको आवश्यकता पूरा गर्ने मात्र नभई समुदायलाई आत्मनिर्भर बनाउन योगदान पुऱ्याइरहेका छौं।

आगामी दिनमा संस्थालाई अझ व्यवस्थित, आधुनिक र पारदर्शी बनाउन हामी डिजिटल प्रणाली, सीप विकास तालिम र दीर्घकालीन योजनामा जोड दिनेछौं। यस क्रममा सदस्य, कर्मचारी र सरोकारवालाको निरन्तर साथ र सक्रिय सहभागिता नै हाम्रो प्रेरणादायी शक्ति हुनेछ भन्नेमा हामी दृढ छौं।

**२) प्रेरणादायी शैली**

सहकारी भनेको केवल संस्था होइन, सामूहिक शक्तिको प्रतिक हो। जब हामी सबै मिलेर एउटै लक्ष्यतर्फ अघि बढ्छौं, तब असम्भव लाग्ने काम पनि सम्भव हुन्छ। आज हाम्रो सहकारीले गरेको प्रगति प्रत्येक सदस्यको प्रतिबद्धता र सहयोगको परिणाम हो। आगामी यात्रामा अझ ठूलो सफलता हासिल गर्न हामी सबैले आफ्नो भूमिका अझ जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्छ। सहकार्य, विश्वास र निरन्तर प्रयासमार्फत हाम्रो सहकारीलाई उदाहरणीय संस्था बनाउन सकिन्छ। हरेक सदस्यको सक्रिय सहभागिता नै हाम्रो उज्ज्वल भविष्यको आधार हुनेछ।

**३) भावनात्मक शैली**

हाम्रो सहकारी केवल आर्थिक लेनदेन गर्ने थलो मात्र होइन, यो त हामी सबैको परिवार हो। यहाँ हरेक सदस्यको पसिना, मेहनत र सपना मिसिएको छ। सदस्यहरूको सुखदुःखमा साथ दिने उद्देश्यले हामी यो संस्थालाई अझ नजिकको साथीको रूपमा अघि बढाउन चाहन्छौं। हामी सबै मिलेर हाँसेर, दुख-सुख बाँडेर यो सहकारीलाई अझ मजबुत बनाउन सक्छौं। तपाईंहरूको माया, विश्वास र योगदानले नै संस्थालाई आजसम्म ल्याएको हो, र यही आत्मीयता र सम्बन्धले भविष्यमा पनि हामीलाई थप सफलतापथमा अगाडि बढाउनेछ।

हाम्रो सहकारी संस्थाप्रति विश्वास राखी निरन्तर साथ र सहयोग पुऱ्याउँदै आउनु भएका सबै सदस्य, पदाधिकारी, कर्मचारी तथा सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। तपाईंहरूको सक्रिय सहभागिता, माया र समर्थनकै कारण आज संस्था यस स्थानमा पुग्न सफल भएको छ। आगामी दिनमा पनि यही आत्मीयता र सहकार्यलाई निरन्तरता दिई सहकारीलाई अझ सुदृढ, पारदर्शी र उदाहरणीय बनाउन सबैको साथ रहने विश्वास लिएको छु। नेपालीहरूको महान् चाड विजया दशमीको पावन अवसरमा म सबै सदस्य, पदाधिकारी, कर्मचारी तथा आदरणीय समुदायजनप्रति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। माता दुर्गाको दिव्य शक्तिले हामी सबैमा सत्य, न्याय र धर्मको मार्गप्रति अडिग रहन प्रेरणा दिइरहोस्। यो पर्वले आपसी मेलमिलाप, सद्भाव, आत्मीयता र समृद्धिको भाव बढाउँदै सहकार्य र एकताको संस्कारलाई अझ दृढ पारोस् भन्ने कामना गर्दछु।

जगतकृष्ण श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

**SUDIP PANDEY & ASSOCIATES**
CHARTERED ACCOUNTANTS
**Firm Registration no: 979**
**COP No: 1097**
**PAN: 120284043**
**Email:** casudippandey@gmail.com.
sudippandeyandassociates@gmail.com
**Phone:** 9801910442; 9862724417
**Address**- Chandragiri, Kathmandu

## बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका
## शेयरधनी सदस्य महानुभावहरू समक्ष
## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले यसै साथ संलग्न **बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** २०८२ आषाढ ३२ को वित्तीय अवस्थाको विवरण, र सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानको विवरण, नगद प्रवाहको विवरण, इक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण, र प्रमूख लेखा नीति तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**कैफियत सहित राय (Qualified Opinion)**
हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिइएका स्पष्टीकरणहरू बमोजिम माथिका वित्तीय विवरणहरूले संस्थाको मिति २०८२ आषाढ ३२ गतेको वित्तीय अवस्था, सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सानको विवरण, इक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण र नगद प्रवाह विवरणले तल रायका आधारमा उल्लेख गरिएका विषय वस्तु बाहेक नेपाल वीत्तिय प्रतिवेदनमा बमोजिम उचित तथा यथार्थ चित्रण गर्दछ ।

**रायका आधारहरू (Basis of Qualified Opinion)**
आर्थिक वर्षको अवधिमा, सहकारीले सहकारी ऐन, २०७४ को दफा ५०(५) विपरीत बक्यौता ब्याजलाई पूँजीकृत गर्दै मूल ऋण शेषमा थप गरी आम्दानीका रु.७.०४ करोड थप गरेको छ। यसका कारण ब्याज आम्दानी, ऋण रकम, कुल सम्पत्ति सोहि रकमले बढी देखिएको छ ।

यसका अतिरिक्त यस प्रतिवेदनको "अन्य कानुनी तथा नियमक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन" अनुच्छेदमा उल्लेखित बुँदा नं.(ख) देखि (घ) को पालना नभएको र यस सम्बन्धि विषयवस्तुबाट पर्न जाने असरहरूलाई वित्तीय विवरणहरूमा समावेश नगरिएकोले कैफियत सहितको राय पेश गरेका छौं ।

हामीले नेपाल लेखापरीक्षण मानहरू (Nepal Standards on Auditing) तथा प्रचलित सिद्धान्तको आधारमा लेखापरिक्षण सम्पन्न गरेका छौ । यी मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रुपमा त्रुटि रहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाई तदअनुसार लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछन् । लेखापरीक्षण अन्तर्गत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासलाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धि सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुतिहुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तिय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेको छौ । वित्तीय विवरणहरूमा उल्लेखित रकम र खुलस्त गरिएको अन्य विवरणहरूलाई पुष्ट्याई गर्ने प्रमाणको नमुना परिक्षण (Test Check) समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा

समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तब्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**विषयगत जोडहरू (Emphasis of Matter):**

- हामी वित्तीय विवरणको नोट नम्बर ४.३ मा ध्यानाकर्षण गर्न चाहन्छौं, जसभित्र सिमित व्यक्तिहरूको नाममा प्रवाह गरिएको ऋण संस्थाको कुल ऋणको ४२.७५ प्रतिशत रहेको छ, जुन कुल संस्थाको ऋण पोर्टफोलियोको महत्वपूर्ण हिस्सा हो।

- हामी वित्तीय विवरणको नोट नम्बर ४.२५ मा ध्यानाकर्षण गर्न चाहन्छौं, जसमा सहकारीले आफ्ना सदस्यहरूलाई भुक्तानी गरेको रकमलाई वित्तीय विवरणको "अन्य खर्च" अन्तर्गत प्रस्तुत गरेको छ ।

  यद्यपि, यि विषयहरूको कारण हाम्रो रायमा कुनै परिवर्तन आएको छैन ।

**मुख्य लेखापरीक्षण व्यहोराहरू (Key Audit Matters) :**

मुख्य लेखापरीक्षण व्यहोराहरू ती विषयहरू हुन् जुन हाम्रो पेशागत निर्णयका आधारमा लेखापरीक्षण गरिएको हालको अवधिको वित्तीय विवरणहरूसँग सबैभन्दा महत्त्वपूर्ण थिए ।

| क्र.सं. | मुख्य लेखा परीक्षण व्यहोरा | लेखा परीक्षण उक्त विषय कसरी सम्बोधन गरियो |
|---|---|---|
| १ | **भाका नाघेको ऋणहरूको प्रावधान**<br>सहकारीका सदस्यहरूलाई दिइएको ऋण सो अवधिको अन्त्यमा सहकारीको कुल सम्पत्तिको ७९.९५% रहेको छ, जसको परिमाण रु. १० ९.७६ करोड छ। यसमा रु.३.५२ करोडको प्रावधान कटाइएपछि बाँकी रकम देखाइएको छ। ऋणको जोखिम प्रावधानलाई प्रमुख लेखा परीक्षण विषयको रूपमा पहिचान गरिएको छ, किनभने यसमा व्यवस्थापनको महत्वपूर्ण निर्णय संलग्न छ र बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकिय मापदण्ड, २०८२ को पालना आवश्यक हुन्छ । | हामीले ऋण क्षति प्रावधानको चेक जाँच सम्बन्धमा तलका कार्यविधिहरू लागू गरेका छौं:<br>• ऋणीको फाइलको समीक्षा, जसमा ऋणीको भुक्तानी व्यवहारको मूल्याङ्कन, धितो/सुरक्षाको पर्याप्तता, आवश्यक कानूनी कागजातहरूको प्राप्ति समावेश हुन्छ।<br>• बक्यौता भुक्तानीका आधारमा ऋण क्षति प्रावधान प्रदान गर्न सूचना प्रविधि प्रणालीको समीक्षा।<br>• नमूना आधारमा, सूचना प्रविधि प्रणालीद्वारा गणना गरिएको प्रावधानको प्रयाप्तता साथै नमूना आधारमा म्यानुअल गणना।<br>• सक्रिय ऋणीहरूका लागि व्यवस्थापनले गरेको व्यक्तिपरक निर्णयहरूको उपयुक्तताको मूल्याङ्कन। |

**अन्य विषयबस्तु (Other Matters )**

सहकारीको सूचना प्रविधि प्रणाली लेनदेनहरू प्रशोधन गर्न र प्रतिवेदनहरू तयार गर्न व्यापक रूपमा प्रयोग गरिएको थियो। यद्यपि मूल प्रशोधन सामान्यतया भरपर्दो देखियो, तर केही maker–checker नियन्त्रणहरू निरन्तर रूपमा लागु गरिएको पाइएन।

अन्य जानकारीहरू व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरण सँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदनहरू पर्दछन् । त्यस्ता प्रतिवेदनहरू यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरू वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरू सँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरूको आधारमा, यदि अन्य जानकारीहरू सारभूत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरूको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो । यस सम्बन्धमा हामीले प्रतिवेदन दिनु पर्ने कुनै तथ्यहरू छैन ।

हामीलाई त्यस्ता प्रतिवेदनहरू प्राप्त भए पश्चात सो को अध्ययन गरी कुनै सारभूत असंगत तथ्यहरू रहेको निचोड निस्किएमा हामीले त्यस्तो तथ्यहरूको बारेमा शासकीय भूमिका बहन गर्नेहरू समक्ष सूचित गर्नु आवश्यक छ ।

Sudip Pandey & Associates Kathmandu Chartered Accountants

**वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरूको जिम्मेवारी :**

प्रचलित वित्तीय प्रतिवेदन ढाँचा वमोजिम वित्तीय विवरणहरू तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरू सारभूत रुपमा गलत आँकडा रहितको हुन निजहरूले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरूको जिम्मेवारी बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा रहेको छ ।वित्तीय विवरणहरू तयार गर्दा, सस्थाको अविच्छिन्न रुपमा जारि रहनसक्ने क्षमताको मूल्यांकन गर्ने, लागु भएमा, अविच्छिन्नता सम्बन्धि कुराहरूको, खुलासा गर्ने र व्यवस्थापनको मनसाय संस्था वा कारोबार बन्द गर्ने वा त्यस्तो गर्ने बाहेक अन्य कुनै यथार्थ परक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्नता आधारको लेखाको प्रयोग गर्न व्यवस्थापन जिम्मेवार छ । शासकीय भूमिका वहन गर्नेहरूको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरूको निरीक्षण गर्नु हो ।

**वित्तीय विवरणको लेखापरिक्षणको लागि लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरू समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिको कारणले हुने सारभूत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभूति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभूत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgment) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौं ।

**यस क्रममा, हामीले :**

- जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरू सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरू प्राप्त गरेका छौं । जालसाजी (fraud) मा मिलीभगत (Collusion), जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढि हुन्छ ।

- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षण सँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।

- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरूको उपयुक्तता (Appropriateness) र लेखा अनुमानहरूको व्यवहारिकता (Reasonableness) तथा ती सँग सम्बन्धित खुलासाहरूको मूल्याङ्कन गरेका छौं ।

- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरूको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शेयरधनीहरूको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवदेन जारी गर्ने मिति सम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।

- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरू लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र

Sudip Pandey & Associates Kathmandu Chartered Accountants

सामग्रीको मूल्याङ्कन गरेका छौं ।

- लेखापरीक्षकको रायव्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं । हामी लेखापरीक्षणको निर्देशन, पर्यवेक्षण

तथा कार्यसम्पादनको लागी जिम्मेवार छौं । हामी हाम्रो लेखापरीक्षण रायको लागि मात्र जिम्मेयवार रहन्छौं ।

हामीले शासकीय भूमिका वहन गर्नेहरू समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरू सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरू समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रता सगँ सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभावपार्ने सबै सम्बन्धहरू र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरूको बारेमा पनि सूचित गरेका छौं ।

**अन्य कानूनी र नियमनकारी व्यवस्थाहरू सम्बन्धी प्रतिवेदन**

माथि उल्लिखित व्यहोराका अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा देहाय बमोजिम थप प्रतिवेदन पेश गर्दछौं :

**क)** हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेको सबै सूचना तथा स्पष्टिकरणहरू उपलब्ध भएका छन् ।

**ख)** सहकारी विभागद्वारा जारी “सहकारी संघसंस्थामा सुशासन प्रबर्द्धनका लागि एकिकृत निर्देशन, २०८२” को बुंदा ३८ अनुसार, संस्थाको कायम रहको प्राथमिक पूजीं कोषको १५ प्रतिशत भन्दा बढि हुने गरी प्रति सदस्य ऋण प्रवाह गर्न नपाउने व्यवस्था व्यवस्था रहकोमा सो सिमा विपरित, २०८२/०३/३२ को पूजीं कोषको आधारमा, संस्थाको लगानीमा रहको ऋण रु ३०.१३ करोड रहेको छ ।

**ग)** बोनस ऐन, २०३० को दफा ५(१) बमोजिम संस्थाको खुद मुनाफको १० प्रतिशत बराबरको रकम कर्मचारीलाई बोनस बापत (बोनस व्यवस्था) छुट्टयाउनु पर्छ र सो ऐनको दफा ७ को अधिनमा रहि बोनस बाड्नु पर्नेमा यस सहकारीले उक्त रकम बोनसको लागि व्यवस्था गरेर भुक्तानी गरेको छैन। संस्थाले हाल कोषबाट जगेडा कोषको व्यवस्था पछिको रकमबाट १० प्रतिशत रकम कर्मचारी बोनस कोषमा छुट्याउने गरेको छ र उक्त रकम कर्मचारीहरूलाई संचालक समितिको निर्णयबाट भुक्तानी गर्ने गरेको छ।

**घ)** संस्थाले सहकारी सहकारी ऐन, २०७४ को दफा ७०(२) को व्यवस्था बमोजिम सहकारी प्रबर्द्धन कोषको रकम कोषमा जम्मा गरिएको छैन ।

Sudip Pandey

Sudip Pandey & Associates Kathmandu Chartered Accountants

.............................................

**सि.ए. सुदिप पाण्डे**
**सुदिप पाण्डे एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

पेशागत प्रमाणपत्र नं १०९७

UDIN No : 250919CA01609S3zcG

मिति : २०८२।०५।०५

स्थान : भक्तपुर

**बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.**
**Banglamukhi Saving & Credit Co-operative Ltd.**
सूर्यविनायक न.पा. वडा नं. २, बसिडोल, बालकोट, भक्तपुर

## वित्तीय अवस्थाको विवरण

२०८२ आषाढ ३२

| विवरण | नोट | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद सरह | ४.१ | २५०,७७७,६१८ | १३८,३६७,१९८ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | २५,५००,३९४ | ४०,४५५,७०३ |
| सदस्यलाई ऋण लगानी | ४.३ | १,०६२,३४२,४३० | १,११९,१८४,१४४ |
| लगानी धितोपत्रहरू | ४.४ | ७,८५०,००० | ७,८५०,००० |
| चालु कर सम्पत्ति | ४.५ | ४५९,२५७ | ९२,७०३ |
| लगानी सम्पत्ति | ४.६ | १,८४०,२६२ | १,८९४,३८७ |
| सम्पत्ति तथा उपकरण | ४.७ | २०,९४४,५०२ | २२,२३०,४०६ |
| ख्याति तथा अमूर्त सम्पत्ति | ४.८ | २,३२९,९०५ | २,४११,७३६ |
| स्थगन कर सम्पत्ति | ४.९ | - | - |
| अन्य सम्पत्ति | ४.१० | १,४९४,३५७ | १,५३९,७८२ |
| **जम्मा सम्पत्ति** | | १,३७३,५३८,७२४ | १,३३४,०२६,०५९ |
| | | | |
| **दायित्व** | | | |
| सदस्यबाट निक्षेप | ४.११ | १,१६०,४१०,८७० | १,०००,२३०,१६३ |
| तिर्न बाँकी कर्जा सापटी | ४.१२ | - | १२३,०१३,७२२ |
| चालु कर दायित्व | ४.५ | - | - |
| व्यवस्था | ४.१३ | - | - |
| स्थगन कर दायित्व | ४.९ | १२७,०४८ | १०२,९८९ |
| अन्य दायित्व | ४.१४ | ३,९४१,४१० | ५,०२५,९२९ |
| **जम्मा दायित्व** | | १,१६४,४७९,३२८ | १,१२८,३७२,८०३ |
| | | | |
| **ईक्विटी** | | | |
| शेयर पूँजी | ४.१५ | १४३,८३१,२०० | १४५,००८,८०० |
| संचित मुनाफा | | ६,८२५,७३८ | ६,८२५,७३८ |
| जगेडा तथा अन्य कोषहरू | ४.१६ | ५८,४०२,४५८ | ५३,८१८,७१८ |
| | | | |
| **जम्मा ईक्विटी** | | २०९,०५९,३९६ | २०५,६५३,२५६ |
| **जम्मा दायित्व र ईक्विटी** | | १,३७३,५३८,७२४ | १,३३४,०२६,०५९ |

लेखा टिप्पणीहरू १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार ।

| | | | | | |
|---|---|---|---|---|---|
| विवेक श्रेष्ठ<br>सञ्चालक | श्याम प्रधान<br>कोषाध्यक्ष | बालकृष्ण श्रेष्ठ<br>सचिव | सरु श्रेष्ठ<br>उपाध्यक्ष | मोहनकृष्ण श्रेष्ठ<br>अध्यक्ष | सि.ए. सुदिप पाण्डे<br>सुदिप पाण्डे एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |
| बाबुकृष्ण श्रेष्ठ<br>सञ्चालक | नविनमान श्रेष्ठ<br>सञ्चालक | करुणा महर्जन<br>सञ्चालक | अनिता अवाले श्रेष्ठ<br>सञ्चालक | जगतकृष्ण श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | श्रीराम श्रेष्ठ<br>संयोजक<br>लेखासुरीवेक्षण समिति |

**बंगलामुखी** बचत तथा ऋण सहकारी संस्था लि.
Banglamukhi Saving & Credit Co-operative Ltd.
सूर्यविनायक न.पा. वडा नं. २, बसिडोल, बालकोट, भक्तपुर

# नाफा वा नोक्सानको विवरण

## २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको

| विवरण | नोट | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|---|
| व्याज आम्दानी | ४.१७ | १६३,१६३,७७७ | १७१,३७७,५६३ |
| व्याज खर्च | ४.१८ | १२५,६२०,६०८ | १३४,११७,३४१ |
| **खुद व्याज आम्दानी** | | ३७,५४३,१६९ | ३७,२६०,२२२ |
| शुल्क तथा कमिशन आम्दानी | ४.१९ | ११,७८१,४५९ | १८,७९६,३४९ |
| शुल्क तथा कमिशन खर्च | ४.२० | १२३,७७४ | २४०,७१७ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | ११,६५७,६८५ | १८,५५५,६३२ |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | | ४९,२००,८५४ | ५५,८१५,८५४ |
| खुद व्यापारिक आम्दानी | ४.२१ | - | - |
| अन्य संचालन आम्दानी | ४.२२ | १,७५०,०३० | १,३९८,४२९ |
| **कुल संचालन आम्दानी** | | ५०,९५०,८८३ | ५७,२१४,२८३ |
| कर्जा तथा अन्य सम्पतिमा भएको नाक्सानी/(फिर्ता) | ४.२३ | ६,७०८,१८४ | ५,३०१,५७० |
| **खुद संचालन आम्दानी** | | ४४,२४२,७०० | ५१,९१२,७१३ |
| **संचालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.२४ | ९,५०६,४२८ | ९,०८५,५८८ |
| अन्य संचालन खर्च | ४.२५ | १३,१०५,६९२ | १८,४०२,७०३ |
| ह्रास तथा परिशोधन खर्च | ४.२६ | १,६७४,४३५ | १,६६७,०८० |
| **संचालन नाफा** | | १९,९५६,१४४ | २२,७५७,३४१ |
| गैर संचालन आम्दानी | | - | - |
| गैर संचालन खर्च | | - | - |
| **आयकर अघिको नाफा** | | १९,९५६,१४४ | २२,७५७,३४१ |
| **आयकर खर्च** | | | |
| चालु कर | | २,२३३,२१६ | २,९५२,९५४ |
| स्थगन कर | | २४,०५९ | (२५७) |
| **यस आर्थिक बर्षको नाफा** | | १७,६९८,८६९ | १९,८०४,६४५ |

लेखा टिप्पणीहरू १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार।

| | | | | | |
|---|---|---|---|---|---|
| विवेक श्रेष्ठ<br>सञ्चालक | श्याम प्रधान<br>कोषाध्यक्ष | बालकृष्ण श्रेष्ठ<br>सचिव | सरु श्रेष्ठ<br>उपाध्यक्ष | मोहनकृष्ण श्रेष्ठ<br>अध्यक्ष | सि.ए. सुदिप पाण्डे<br>सुदिप पाण्डे एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |
| बाबुकृष्ण श्रेष्ठ<br>सञ्चालक | नविनमान श्रेष्ठ<br>सञ्चालक | करुणा महर्जन<br>सञ्चालक | अनिता अवाले श्रेष्ठ<br>सञ्चालक | जगतकृष्ण श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | श्रीराम श्रेष्ठ<br>संयोजक<br>लेखासुरीवेक्षण समिति |

**बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.**
**Banglamukhi Saving & Credit Co-operative Ltd.**
सूर्यविनायक न.पा. वडा नं. २, बसिडोल, बालकोट, भक्तपुर

# नगद प्रवाहको विवरण

## २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---:|---:|
| **कारोवार संचालनबाट नगद प्रवाह** | | |
| व्याज आम्दानी | १६३,१६३,७७७ | १७१,३७७,५६३ |
| शुल्क तथा अन्य आम्दानी | ११,७८१,४५९ | १८,७९६,३४९ |
| अन्य संचालन कारोवारहरूबाट आम्दानी | ८०४,६२३ | ५३४,७७१ |
| व्याज खर्च | (१२५,६२०,६०८) | (१३४,११७,३४१) |
| कमिशन तथा शुल्क खर्च | (१२३,७७४) | (२४०,७१७) |
| कर्मचारी खर्च | (९,५०६,४२८) | (९,०८५,५८८) |
| अन्य खर्च | (१३,१०५,६९२) | (१८,४०२,७०३) |
| **संचालन सम्पत्ति तथा दायित्वको परिवर्तन अघिको संचालन नगद प्रवाह** | २७,३९३,३५६ | २८,८६२,३३४ |
| **संचालन सम्वन्धि चालु सम्पत्तिमा कमि/(बृद्धि)** | | |
| सदस्यलाई दिएको कर्जा तथा सापट | ५०,१३३,५३१ | ३,१९०,७४७ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | १४,९५५,३०९ | (३५,०९२,२९८) |
| अन्य सम्पत्ति | ४५,४२५ | १०,१४४,५९३ |
| **संचालन सम्वन्धि चालु दायित्वमा (कमि)/बृद्धि** | | |
| सदस्यको निक्षेप | १६०,१८०,७०७ | १२६,१४९,५७८ |
| अन्य दायित्व | (१,०८४,५१९) | (७४१,५२३) |
| **आयकर भूक्तानी अघिको कारोवार संचालनबाट खुद नगद प्रवाह** | २५१,६२३,८०९ | १३२,५१३,४३२ |
| आयकर भूक्तानी | (२,५९९,७७०) | (३,२५६,७७२) |
| **कारोवार संचालनबाट खुद नगद प्रवाह** | २४९,०२४,०३९ | १२९,२५६,६६० |
| | | |
| **लगानी कारोवारबाट नगद प्रवाह** | | |
| सम्पत्ति तथा उपकरणहरूको खरिद | (२५२,५७५) | (४६,४२०) |
| सम्पत्ति तथा उपकरणहरूको विक्रिवाट प्राप्ती | - | - |
| अमुर्त सम्पत्तिको खरिद | - | - |
| व्याज आम्दानी | - | - |
| लाभांश आम्दानी | ९४५,४०७ | ८६३,६५७ |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | ६९२,८३२ | ८१७,२३७ |
| | | |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | | |
| बैंक तथा वित्तीय संस्थाबाट सापटी | - | - |
| अन्य संस्थाबाट सापटी | - | - |
| बैंक तथा वित्तीय संस्थाको सापटी फिर्ता | - | - |
| अन्य संस्थाको सापटी फिर्ता | (१२३,०१३,७२२) | (६८,६८३,६३३) |
| शेयर निष्काशनबाट प्राप्ती | २,२४५,४०० | २,३२०,२०० |
| शेयर फिर्ताबापटको भुक्तानी | (३,४२३,०००) | (२,४३६,२००) |
| लाभांश खर्च | (१०,३४८,६६८) | (१०,१४५,३२२) |
| अन्य प्राप्ती/भुक्तानी | (२,७६६,४६२) | (३,०९६,३६६) |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह** | (१३७,३०६,४५२) | (८२,०४१,३२०) |
| | | |
| **नगद प्रवाहमा भएको खुद (कमी)/बृद्धि** | ११२,४१०,४१९ | ४८,०३२,५७७ |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | १३८,३६७,१९८ | ९०,३३४,६२१ |
| नगद तथा नगद समानमा विनिमय दर परिवर्तनको असर | | |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | २५०,७७७,६१८ | १३८,३६७,१९८ |

लेखा टिप्पणीहरू १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार ।

| | | | | | |
|---|---|---|---|---|---|
| **विवेक श्रेष्ठ**<br>सञ्चालक | **श्याम प्रधान**<br>कोषाध्यक्ष | **बालकृष्ण श्रेष्ठ**<br>सचिव | **सरु श्रेष्ठ**<br>उपाध्यक्ष | **मोहनकृष्ण श्रेष्ठ**<br>अध्यक्ष | **सि.ए. सुदिप पाण्डे**<br>सुदिप पाण्डे एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |
| **बाबुकृष्ण श्रेष्ठ**<br>सञ्चालक | **नविनमान श्रेष्ठ**<br>सञ्चालक | **करुणा महर्जन**<br>सञ्चालक | **अनिता अवाले श्रेष्ठ**<br>सञ्चालक | **जगतकृष्ण श्रेष्ठ**<br>प्रमुख कार्यकारी अधिकृत | **श्रीराम श्रेष्ठ**<br>संयोजक<br>लेखासुपरीवेक्षण समिति |

**बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि.**
**Banglamukhi Saving & Credit Co-operative Ltd.**
सूर्यविनायक न.पा. वडा नं. २, बसिडोल, बालकोट, भक्तपुर

# अन्य विस्तृत आम्दानीको विवरण

**२०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| यस वर्षको मुनाफा | १७,६९८,८६९ | १९,८०४,६४५ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | |
| **क) नाफा/नोक्सानमा पुन:वर्गिकरण नगरिने बुँदाहरू** | | |
| उचित मूल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएका नाफा/(नोक्सान) | - | - |
| पुन:मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | - | - |
| परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएका बुँदाहरूको आयकर | - | - |
| **नाफा/नोक्सानमा पुन:वर्गिकरण नगरिएका खुद अन्य विस्तृत आम्दानी** | - | - |
| **ख) नाफा/नोक्सानमा पुन:वर्गिकरण गरिएका वा गर्न सकिने बुँदाहरू** | | |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | - | - |
| वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएका बुँदाहरूको आयकर | - | - |
| नाफा/नोक्सानमा वर्गिकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी | - | - |
| **नाफा/नोक्सानमा पुन:वर्गिकरण गरिएका वा गर्न सकिने खुद अन्य विस्तृत आम्दानी** | - | - |
| **ग) इक्विटी विधिबाट लेखांकन गरिएको सम्बद्ध संस्थाको अन्य विस्तृत आम्दानीमा हिस्सा आयकर पछिको यस वर्षको अन्य विस्तृत आम्दानी** | - | - |
| **कुल यस वर्षको विस्तृत आम्दानी** | १७,६९८,८६९ | १९,८०४,६४५ |
| कुल विस्तृत आम्दानीको बाँडफाँड | | |
| इक्विटी शेयर धनी | १७,६९८,८६९ | १९,८०४,६४५ |
| | | |
| कुल विस्तृत आम्दानी | १७,६९८,८६९ | १९,८०४,६४५ |

लेखा टिप्पणीहरू १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार।

| | | | | | |
|---|---|---|---|---|---|
| विवेक श्रेष्ठ<br>सञ्चालक | श्याम प्रधान<br>कोषाध्यक्ष | बालकृष्ण श्रेष्ठ<br>सचिव | सरु श्रेष्ठ<br>उपाध्यक्ष | मोहनकृष्ण श्रेष्ठ<br>अध्यक्ष | सि.ए. सुदिप पाण्डे<br>सुदिप पाण्डे एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |
| बाबुकृष्ण श्रेष्ठ<br>सञ्चालक | नविनमान श्रेष्ठ<br>सञ्चालक | करुणा महर्जन<br>सञ्चालक | अनिता अवाले श्रेष्ठ<br>सञ्चालक | जगतकृष्ण श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | श्रीराम श्रेष्ठ<br>संयोजक<br>लेखासुपरीवेक्षण समिति |

**बंगलामुखी** बचत तथा ऋण सहकारी संस्था लि.
Banglamukhi Saving & Credit Co-operative Ltd.
सूर्यविनायक न.पा. वडा नं. २, बसिडोल, बालकोट, भक्तपुर

# इक्विटीमा भएको परिवर्तनको विवरण

## २०८० श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको

| विवरण | सहकारीका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शेयर पुँजी | जगेडा कोष | पुजीफिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | लाभांश कोष | कर्मचारी बोनश कोष | सहकारी बिकास कोष | सहकारी शिक्षा कोष | घाटापुर्ति कोष | डुबन्ते ऋण कोष | सदस्य शिक्षा कोष | अन्य जोखिम व्यहोर्ने कोष | सामुदायिक बिकास कोष | स्थिरीकरण कोष | संचित मुनाफा | जम्मा |
| १ श्रावण २०८० सालको मौज्दात | १४५,१२४,८०० | २७१५३५९० | '३,६३८,९२५ | २७४,२३८ | ६,५०६,३९७ | १,०८४,४०० | ५४२,२०० | ५४२,२०० | २,८८३,००८ | २,५१६,२१५ | - | | | १,२८७,०२२ | १,२६७,३३६ | १९२,८२०,३२९ |
| समायोजन/पुन:स्थापना | | | | | | | | | | | | | | | | - |
| **१ श्रावण २०८० को समायोजीत/पुन:स्थापित मौज्दात** | १४५,१२४,८०० | '२७१५३५९० | ३,६३८,९२५ | २७४,२३८ | '६,५०६,३९७ | १,०८४,४०० | ५४२,२०० | ५४२,२०० | २,८८३,००८ | २,५१६,२१५ | - | | | १,२८७,०२२ | १,२६७,३३६ | १९२,८२०,३२९ |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | | | | | - |
| यस वर्षको मुनाफा | | | | | | | | | | | | | | | १९,८०४,६४५ | १९,८०४,६४५ |
| कर पछिको अन्य विस्तृत आम्दानी | | | | | | | | | | | | | | | | - |
| उचित मुल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | - |
| पुन: मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | - |
| परिभाषित लाभ योजनाको बिमाङ्किक (actuarial) नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | - |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | - |
| वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परि र्तन गर्दा हुने सटही नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | - |
| **यस वर्षको विस्तृत आम्दानी** | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १९,८०४,६४५ | १९,८०४,६४५ |
| जगेडा कोषमा सारिएको रकम | | ४,२५६,५२८ | | | | | | | | (२,५१६,२१५) | | | | (१,७४०,३१४) | | - |
| एकिकृत संस्था (सुलभ)को कोषबाट स्थानान्तरण भएको रकम | | | | | | | | | | | | | | | | - |
| एकिकृत संस्था (हार्दिक)को कोषबाट स्थानान्तरण भएको रकम | | | | | | | | | | | | | | | | - |
| नाफाबाट कोषमा स्थानान्तरण भएको रकम | | '४,९५१,१६१ | ३,७१३,३७१ | ७४,२६७ | ६,६३९,५०७ | १,१०६,५८५ | ५५३,२९२ | ५५३,२९२ | ५५३,२९२ | - | - | ५५३,२९२ | ५५३,२९२ | '५५३,२९२ | (१९,८०४,६४५) | - |
| कोषबाट स्थानान्तरण भएको रकम | | | | | | | | | | | | | | | ५,५५८,४०२ | ५,५५८,४०२.०० |
| **इक्विटीमा सिधै देखाइएको शेयरधनीसागको कारोवार** | | | | | | | | | | | | | | | | |
| शेयर निष्काशन | २,३२०,२०० | | | | | | | | | | | | | | | २,३२०,२०० |
| शेयर फिर्ता | (२,४३६,२००) | | | | | | | | | | | | | | | (२,४३६,२००) |
| शेयरधनीलाई लाभांश वितरण | | | | | | | | | | | | | | | | - |
| नगद लाभांश भुक्तानी | | | (३,६३८,९२५) | | (६,५०६,३९७) | | | | | | | | | | | (१०,१४५,३२२) |
| अन्य भुक्तानी | | | | | | (१,०८४,४००) | (५४२,२००) | (५४२,२००) | | | - | | | (१००,०००) | | (२,२६८,८००) |
| **जम्मा** | (११६,०००) | - | (३,६३८,९२५) | - | (६,५०६,३९७) | (१,०८४,४००) | (५४२,२००) | (५४२,२००) | - | - | - | | | (१००,०००) | - | (१२,५३०,१२२) |
| **आषाढ मसान्त २०८१ को मौज्दात** | '१४५,००८,८०० | ३६,३६१,२८० | '३,७१३,३७१ | ३४८,५०५ | '६,६३९,५०७ | १,१०६,५८५ | ५५३,२९२ | '५५३,२९२ | ३,४३६,३०१ | - | '- | ५५३,२९२ | ५५३,२९२ | (०) | ६,८२५,७३८ | २०५,६५३,२५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| विवेक श्रेष्ठ<br>सञ्चालक | श्याम प्रधान<br>कोषाध्यक्ष | बालकृष्ण श्रेष्ठ<br>सचिव | सरु श्रेष्ठ<br>उपाध्यक्ष | मोहनकृष्ण श्रेष्ठ<br>अध्यक्ष | सि.ए. सुदिप पाण्डे<br>सुदिप पाण्डे एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |
| बाबुकृष्ण श्रेष्ठ<br>सञ्चालक | नविनमान श्रेष्ठ<br>सञ्चालक | करुणा महर्जन<br>सञ्चालक | अनिता अवाले श्रेष्ठ<br>सञ्चालक | जगतकृष्ण श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | श्रीराम श्रेष्ठ<br>संयोजक<br>लेखासुरीवेक्षण समिति |

Sudip Pandey & Associates, Kathmandu, Chartered Accountants

## सहकारीका साधारण शेयरधनीका निमित्त

| विवरण | शेयर पूँजी | जगेडा कोष | पूँजीफिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | लाभांश कोष | कर्मचारी बोनश कोष | सहकारी बिकास कोष | सहकारी शिक्षा कोष | घाटापुर्ति कोष | डुबन्ते ऋण कोष | सदस्य शिक्षा कोष | अन्य जोखिम व्यहोर्ने कोष | सामुदायिक बिकास कोष | स्थिरीकरण कोष | संचित मुनाफा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ श्रावण २०८१ सालको मौज्दात | १४५,००८,८०० | ३६,३६१,२८० | ३,७१३,३७१ | ३४८,५०५ | ६,६३९,५०७ | १,१०६,५८५ | '५५३,२९२ | '५५३,२९२ | ३,४३६,३०१ | - | - | ५५३,२९२ | ५५३,२९२ | (०) | ६,८२५,७३८ | २०५,६५३,२५४ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | | | | | - |
| यस वर्षको मुनाफा | | | | | | | | | | | | | | | १७,६९८,८६९ | १७,६९८,८६९ |
| कर पछिको अन्य विस्तृत आम्दानी | | | | | | | | | | | | | | | | |
| उचित मुल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | |
| पुन: मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | |
| परिभाषित लाभ योजनाको बिमाङ्किक (actuarial) नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | |
| वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान) | | | | | | | | | | | | | | | | |
| यस वर्षको विस्तृत आम्दानी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | | १७,६९८,८६९ | १७,६९८,८६९ |
| जगेडा कोषमा सारिएको रकम | | - | | | | | | | | - | | | | - | | - |
| नाफाबाट कोषमा स्थानान्तरण भएको रकम | | ४,४२४,७१७ | '३,३१८,५३८ | ६६,३७१ | '५,९३३,५४६ | ९८८,९२४ | ४९४,४६२ | ४९४,४६२ | ४९४,४६२ | | | ४९४,४६२ | ४९४,४६२ | ४९४,४६२ | '(१७,६९८,८६९) | - |
| कोषमा सारिएको भएको | | | | | | | | | | | | | | | - | - |
| **इक्विटीमा सिधै देखाइएको शेयरधनीसागको कारोवार** | | | | | | | | | | | | | | | | |
| शेयर निष्काशन | २,२४५,४०० | | | | | | | | | | | | | | | '२,२४५,४०० |
| शेयर फिर्ता | (३,४२३,०००) | | | | | | | | | | | | | | | (३,४२३,०००) |
| शेयरधनीलाई लाभांश वितरण | | | | | | | | | | | | | | | | - |
| नगद लाभांश भुक्तानी | | | '(३,७१३,३७१) | | (६,६३५,२९७) | | | | | | | | | | | (१०,३४८,६६८) |
| अन्य भुक्तानी | | | | | | (१,१०६,५८५) | (५५३,२९२) | (५५३,२९२) | | | | - | '(५५३,२९२) | | | '(२,७६६,४६२) |
| कोष समायोजन | | | | | | | | | | | | | | | | - |
| **जम्मा योगदान** | (१,१७७,६००) | - | '(३,७१३,३७१) | - | '(६,६३५,२९७) | (१,१०६,५८५) | (५५३,२९२) | (५५३,२९२) | - | - | - | - | '(५५३,२९२) | - | - | (१४,२९२,७२९) |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | १४३,८३१,२०० | ४०,७८५,९९७ | ३,३१८,५३८ | ४१४,८७५ | '५,९३७,७५६ | ९८८,९२४ | ४९४,४६२ | ४९४,४६२ | ३,९३०,७६३ | - | '- | '१,०४७,७५४ | ४९४,४६२ | ४९४,४६२ | ६,८२५,७३८ | '२०९,०५९,३९६ |

**विवेक श्रेष्ठ**
सञ्चालक

**श्याम प्रधान**
कोषाध्यक्ष

**बालकृष्ण श्रेष्ठ**
सचिव

**सरु श्रेष्ठ**
उपाध्यक्ष

**मोहनकृष्ण श्रेष्ठ**
अध्यक्ष

**सि.ए. सुदिप पाण्डे**
सुदिप पाण्डे एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

**बाबुकृष्ण श्रेष्ठ**
सञ्चालक

**नविनमान श्रेष्ठ**
सञ्चालक

**करुणा महर्जन**
सञ्चालक

**अनिता अवाले श्रेष्ठ**
सञ्चालक

**जगतकृष्ण श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**श्रीराम श्रेष्ठ**
संयोजक
लेखासुरीवेक्षण समिति

**१.　सामान्य जानकारी**

बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लिमिटेड २०६४ साल श्रावन १६ गते देखि डीभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता भई संचालनमा आएको हो । यसको दर्ता कार्यालय तथा प्रधान कार्यालय सूर्यविनायक नगरपालिका वडा नं. २ बसीडोल, बालकोट, भक्तपुर नेपालमा रहेको छ। यसको दुई वटा सदस्य सेवा केन्द्र- शंखघर चोक, मध्यपुर थिमि, भक्तपुर र ग्वार्को, ललितपुरमा रहेको छ।

यो सहकारी बचत तथा ऋण सहकारी संस्था भएकोल यसले आफनो कार्यक्षेत्र अर्न्तगत सदस्यहरूबाट बचत संकलन तथा उनीहरूलाई कर्जा प्रवाह गर्ने कार्य गर्दछ। यस संस्थाले सुलभ महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड र हार्दिक प्रतीक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडसँग सफलतापूर्वक एकीकरण भई २०७७ साल श्रावण ४ गतेदेखी आफ्नो कार्य संचालित गरिरकेको छ। हाल यस संस्थाको कार्यक्षेत्र सम्पूर्ण भक्तपुर जिल्ला, ललितपुर जिल्ला र काठमाडौं महानगरपालिका रहेको छ। यसको स्थायी लेखा नम्वर ३०२६५६७०७ रहेको छ।

**२.　वित्तिय विवरण तयारीका आधार**

यस सहकारीका वित्तीय विवरणहरू नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal – ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएका र नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards -NFRS) को व्यवस्था अनुसार निर्दिष्ट भएर तयार गरिएका छन्।

प्रस्तुत वित्तीय विवरणमा २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, नाफा वा नोक्सान विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाहको विवरण एवं प्रमुख लेखासम्बन्धी टिप्पणीहरू सम्मेलित छन।

**२.१　अनुपालन सम्बन्धी उद्घोषण**

प्रस्तुत वित्तीय विवरण संचालक समितिद्वारा अनुमोदित भई नेपाल वित्तीय प्रतिवेदन मानका आधारमा रही नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा अनुपालनको लागि सूचित गरिएका व्यवस्था अनुसार निर्दिष्ट भएर तयार गरिएका छन्।

प्रस्तुत लेखा नीतिहरूमा अन्यथा उल्लेख भएका अवस्थाहरू बाहेक संस्थामा लगातार रुपमा लागु हुँदै आई रहेको छ।

**२.२　प्रतिवेदन अवधि र वित्तीय विवरणहरूको अनुमोदन**

यस सहकारी संस्थाले नेपाली पात्रोअनुसार श्रावण महिनाको पहिलो दिनदेखि अर्को बर्षको आषाढ महिनाको अन्तिम दिनसम्मको आर्थिक वर्ष अवलम्वन गर्दछ। यस आर्थिक वर्षको अवधि भन्नाले नेपाली पात्रो अनुसार २०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३२ सम्मको अवधिलाई जनाउँदछ। त्यसैगरी गत आर्थिक वर्षको अवधि भन्नाले नेपाली पात्रो अनुसार २०८० श्रावण १ गते देखि २०८१ आषाढ ३१ सम्मको अवधिलाइ जनाउँदछ।

प्रस्तुत वित्तीय विवरणहरू तथा प्रमुख लेखासम्बन्धि टिप्पणीहरू संचालक समितिद्वारा २०८२ भदौ ५ गते संचालक समितिबाट अपनाइयो र त्यहीअनुसार संचालक समितिले वित्तीय विवरणहरूप्रति पूर्णरुपले जिम्मेवारी बहन गर्दछ। संचालक समितिबाट अपानाइएका वित्तीय विवरणहरूलाई १८ औं वार्षिक साधारण सभामा सदस्यहरूबाट अनुमोदनका लागि सिफारिस गरिएको छ।

**२.३　कार्यगत र प्रस्तुतिकरण गरिएको मुद्रा**

वित्तीय विवरणहरू नेपाली मुद्रामा प्रस्तुत गरिएका छन् र यस संस्थाको कार्यगत मुद्रा पनि यही रहेको छ । सम्पूर्ण वित्तीय जानकारीहरू अन्यथा उल्लेख भएका अवस्थाहरू बाहेक दशमलव पछिको अंकहरूलाई निकटतम रुपैंयामा प्रस्तुत गरिएको छ ।

**२.४ लेखा अनुमान, मान्य र स्वविवेकको प्रयोग**

नेपाल वित्तीय प्रतिवेदन मानबमोजिम वित्तीय विवरण तयार गर्दा सहकारीले निश्चित मान्यताहरूमा आधारित भई विभिन्न अनुमानहरू तयार गरी वित्तीय विवरण बनाउन उपयुक्त हुने सर्वमान्य सिद्धान्त रहि आएको छ ।

यी अनुमानहरू उपलब्ध जानकारी र सहकारी व्यवस्थापनका स्वविवेकमा आधारित हुन्छन् । यसले पछि अन्य विकल्पहरू अझ बढी उपयुक्त हुनसक्थे भन्ने पनि निर्धारण हुन सक्छ । आफ्नो परिस्थिति र सञ्चालन वातावरणको आधारमा लेखामान नीतिहरू, सहकारीको मुनाफा, वित्तीय स्थितिको विवरण र वित्तीय विवरणको प्रतिवेदनमा प्रस्तुत गरिएका अन्य सम्बन्धित बुँढाहरू टिप्पणीहरूसँगै समावेश गरिएको छ । वास्तविक वित्तीय नतिजाहरू अनुमान गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काहीं यस्ता अनुमानित भन्दा निकै फरक पनि रहन सक्छदछन् ।

नेपाल वित्तीय प्रतिवेदन मानअनुसार सहकारीले वित्तीय अनुमान र धारणा बनाउनु पर्ने हुन्छ जसले सम्पत्ति, दायित्व र संभावित दायित्व र सम्पत्तिमा असर गर्दछ । सहकारीले वित्तीय विवरण तयार गर्दा उक्त अनुमान र अन्तर्निहित मान्यतालाई लागु गर्ने गरिएको छ, उक्त मान्यताहरू समय समयमा परिमार्जन पनि गर्ने गरिएको छ । परिमार्जित अनुमानित मान्यतालाई परिमार्जन गरिएको समयसम्म लागू गर्ने गरिएको छ । साथै, परिवर्तनको प्रभाव र प्रकृति पनि उल्लेख गर्ने गरिएको छ । विवरणमा अनुमान गरिएको स्थानमा त्यसलाई उल्लेख गरिएको छ । कुनै वित्तीय नतिजाको अनुमानमा परिवर्तन हुँदा पर्ने प्रभाव र परिवर्तनलाई पनि सोको कारण सहित उल्लेख गरिएको छ ।

**२.४.१ निरन्तरता (Going Concern)**

संचालक समितिले संस्थाको स्रोत र साधानको उपयोगबाट संस्था निरन्तर संचालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा संस्था निरन्तर रुपमा संचालन हुन सक्ने पाएको छ । सो मूल्याङ्कन गर्नका लागि संचालक समितिले वर्तमान र भविष्यका अवस्था र भविष्यका प्रक्षेपण, नगद प्रवाह, पूँजीका श्रोतहरू, आदि विस्तृत जानकारीहरूमा विचार गरेको छ । साथै संचालक समितिले सहकारीको निरन्तर रुपमा संचालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ सहकारीको वित्तीय विवरणहरू निरन्तरताको अवधारणामा आधारित रहेर तयार पारिएको छ ।

**२.५ लेखा नीतिमा परिवर्तन**

अन्यथा उल्लेख नभएसम्म अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तयार गर्दा प्रयोग भएका लेखाङ्कन नितिहरूमा कुनै परिवर्तन गरिएको छैन ।

**२.६ प्रतिवेदन घोषणा (Reporting Pronouncement)**

सहकारीले वित्तीय विवरणहरू नेपाल लेखामान बोर्डबाट जारी नेपाल वित्तीय प्रतिवेदन मानका आधारमा तयार गरेको छ । नेपाल वित्तीय प्रतिवेदन मानले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (International Accounting Standard Board- ISAB) ले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (International Financial Reporting Standards- IFRS) लाई सबै हिसाबमा सम्बोधन गरेको छ ।

यद्यपी आईक्यान (ICAN) ले प्रकाशित गरेको सूचनाले NFRS मा केहि प्रावधानहरूमा वैकल्पिक लेखाङ्कन प्रस्तुतिका लागी निश्चित अवधिका लागी Carve Out पनि अपनाउन सकिने उल्लेख गरेको छ । सहकारीले यस अवधिको लागि जारी ऋबचखभ इगत लाई प्रयोग गरेको छ ।

## ३. प्रमुख लेखा नीतिहरू

वित्तीय विवरण तयार गर्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरू तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख गरिएकोमा बाहेक यी नीतिहरूको पालना निरन्तर रुपमा गरिएका छन् ।

### ३.१ मापनका आधार

तल उल्लेख गरिएका सारभुत बुँदाहरूमा बाहेक सहकारीको वित्तीय विवरण ऐतिहासिक परल मूल्यको आधारमा तयार गरिएको छ ।

- उचित मूल्यमा मापन गरिएको अन्य विस्तृत आम्दानी र नाफा नोक्सान विवरण मार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्ति तथा दायित्व । यद्यपि प्रतिवेदन मितिमा सहकारीले उचित मूल्यमा मापन गर्नुपर्ने कुनै वित्तीय सम्पत्ति तथा दायित्व रहेको छैन ।

### ३.२ वित्तीय विवरण एकीकृत गर्ने आधार

**क) व्यवसाय एकीकरण**

व्यवसाय एकीकरण अधिग्रहण मितिमा अधिग्रहण विधि प्रयोग गरी लेखाङ्कन गरिन्छ जस्तैः सहकारीमा कहिले नियन्त्रण स्थानान्तरण भयो । कुनै संस्थाको आफ्नो गतिविधिबाट कसरी लाभ लिने भनेर वित्तीय र सञ्चालन नीति सञ्चालन गर्नु नै नियन्त्रण हो ।

नियन्त्रण भनेको कुनै संस्थाको गतिविधिबाट फाइदा लिन संस्थाको वित्तीय र सञ्चालन नीतिहरू तर्जुमा गर्ने र सो अनुसार संस्था सञ्चालन गर्ने शक्ति हो । नियन्त्रणको निर्धारण गर्दा सम"हले सम्भावित मतदान अधिकारहरूलाई विचार गर्दछ जुन वर्तमानमा प्रयोगयोग्य छन् ।

अधिग्रहणको मितिमा ख्यातीलाई सहकारीले देहाय बमोजिमको रकमलाई समायोजन गरी मापन गर्छ :

- स्थानान्तरण गरिएको प्रतिफलको उचित मूल्य (fair value) अधिग्रहणमा गैर नियन्त्रित स्वार्थको लेखाङ्कन गरिएको परिमाण, साथै व्यवसाय एकीकरण चरणमै हासिल भएमा, व्यापार संयोजनमा पूर्ववत् ईक्विटी स्वार्थको उचित मुल्य, अधिग्रहण गरिएको लेखाङ्कन गर्न सकिने सम्पत्ति र लेखाङ्कन गर्न सकिने दायित्वको खुद लेखाङ्कन रकम ।
- जब अतिरिक्त रकम सकारात्मक हुन्छ वित्तिय स्थिति विवरणमा तत्काल ख्याति (goodwill) को लेखाङ्कन गरिन्छ ।
- प्रतिफल स्थानान्तरणमा पूर्ववत् सम्बन्धको चुक्ता रकम समावेश भएको हुदैन । यस्तो रकम सामान्यतया नाफा वा नोक्सानमा लेखांकन गरिन्छ ।
- ऋणपत्र वा ईक्विटी धित्तोपत्रको निष्काशन खर्च बाहेक व्यवसाय संयोजनसँग सम्बन्धित खर्च नाफा नोक्सानमा लेखाङ्कन गरिन्छ ।
- कुनै पनि तिर्नुपर्ने सम्भावित दायित्वलाई अधिग्रहण मितिमा उचित मूल्यमा मापन गरिन्छ । यदि तिर्नुपर्ने सम्भावित दायित्वलाई ईक्विटीको रूपमा वर्गीकृत गरिएको छ भने यो पुर्नमापन हुँदैन र चुक्ता रकम ईक्विटीमा समायोजन गरिन्छ । अन्यथा, मापन अवधिको समायोजन बाहेक सम्भावित प्रतिफलको उचित मूल्यमा पछिल्लो परिवर्तनहरूलाई नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिन्छ ।

आर्थिक वर्ष २०८१।८२ मा कुनै व्यापार एकीकरण गरिएको छैन ।

### ३.३ नगद तथा नगद सरह

नगद तथा नगद सरह अन्तर्गत नगद मौज्दात, बैंकमा तथा वित्तीय संस्थमा रहेको मौज्दात र माग, तिन महिना वा

सोभन्दा कम अवधि भएका अत्याधिक तरल वित्तीय सम्पत्ति तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद सरहहरूको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र सहकारीले यी सम्पत्तिहरूको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

वित्तीय स्थितिको विवरणमा नगद तथा नगद सरह परिषोधित लागत (amortized cost) मा मापन गरिएको छ ।

**३.४ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व**

**क) प्रारम्भिक पहिचान तथा लेखांकन**

सहकारीले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष (Party to Contractual Provision) हुन्छ । सहकारीले सुरुमा कर्जा र सापटी, निक्षेप र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुनबेला सहकारी उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ । ईक्विटी उपकरणमा लगानीलाई व्यापारको मितिमा, लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिन्छ ।

**ख) वर्गिकरण**

**१. वित्तीय सम्पत्ति**

सहकारीले परिषोधित लागतमा र उचित मूल्यमा पछिको मापन गरिएका वित्तीय सम्पत्तिहरूलाई, सहकारी व्यवसाय मोडलअन्तर्गत वित्तीय सम्पत्तिको व्यवस्थापन तथा अनुबन्धित नगद प्रवाह (Contractual Cash Flow) लाई आधार मानि वर्गीकरण गरेको छ ।

वित्तीय सम्पत्तिहरूको दुई वर्गहरू निम्नानुसार रहेका छन।

**१क) परिषोधित लागत (amortized cost) मा मापन गरिएका वित्तीय सम्पत्ति**

सहकारीले वित्तीय सम्पत्तिहरूलाई परिषोधित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्तिमा निम्न दुई शर्तहरू पालना गरको खण्डमा वर्गिकरण गर्ने गरको छ ।

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार ढाँचाअन्तर्गत सम्पत्ति रहेमा र
- वित्तीय सम्पत्तिको करार वा सम्झौता सर्तहरूले निर्दिष्ट मितिहरूमा नगद प्रवाह उत्पन्न गर्दछ र सो नगद प्रवाह सावा र मौज्दात रहेको सावामा ब्याजको भुक्तानीको लागि प्रयोग गर्ने भएमा।

**१ख) उचित मूल्य (fair value) मा मापन गरिएको वित्तीय सम्पत्ति**

परिषोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्तिहरूबाहेका वित्तीय सम्पत्तिहरूलाई उचित मूल्यमा मापन गरिन्छ । उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिहरूलाई पुनः दुई वर्गमा देहाय बमोजिम वर्गिकरण गरिन्छ ।

- **नाफा नोक्सान विवरणमार्फत उचित मूल्या (FVTPL) मा मापन गरिएको वित्तीय सम्पत्ति**

यदि वित्तीय सम्पत्ति व्यापारिक प्रयोजनको लागि धारण गरेको वा FVTPL मा निर्दिष्ट गरिएको भए त्यस्ता सम्पत्ति नाफा नोक्सान विवरणमार्फत उचित मूल्यको आधारमा वर्गिकरण गरिएको हुन्छ । प्रारम्भिक लेखाङ्कन पश्चात प्रत्यक्ष रुपमा अधिग्रहण अन्तर्गतको कारोबार लागतलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । व्यापारिक प्रयोजनको लागि धारण गरेको वित्तीय सम्पत्तिलाई वित्तीय विवरणमा उचित मूल्यको आधारमा लेखाङ्कन गरिन्छ र उचित मूल्यको परिवर्तनलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

- **अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्ति**

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिहरूमा इक्विटी र ऋण उपकरणहरू पर्दछन् । जुन इक्विटी लगानी "व्यापारिक प्रयोजनको निम्ति धारण" र "FVTPL मा निर्दिष्ट" अन्तर्गत समावेश भएका हुँदैनन्, त्यस्ता इक्विटी लगानीहरूलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिन्छ । परिपक्वता मितिसम्म धारण गर्ने वा भविष्यमा बेचेर लाभ कमाउने उद्देश्यले खरिद गरिएका ऋण उपकरणहरूलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिन्छ ।

**२. वित्तीय दायित्व**

सहकारीले वित्तीय दायित्वहरूलाई देहाय बमोजिम विभाजन गरेको छ ।

**२क) नाफा नोक्सान विवरणमार्फत उचित मूल्य (FVTPL) मा लेखांकन गरिएका वित्तीय दायित्व**

यदि व्यापारको लागि राखिएको हो भने वा नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्यमा निर्दिष्ट गरिएको छ भने वित्तीय दायित्व मुनाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिने वित्तीय दायित्वहरूको रूपमा वर्गीकृत गरिएको छ । प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोबार लागतहरू अधिग्रहणसंग प्रत्यक्ष रुपले सम्बन्धित भए नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिन्छ । तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण उचित मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

**२ख) परिशोधित लागत (amortized cost) मा लेखांकन गरिएको वित्तीय दायित्व**

नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन गरिएको वित्तीय दायित्वहरूलाई बाहेक अन्य वित्तीय दायित्वलाई परिशोधित लागतमा प्रभावकारी व्याजदर विधि प्रयोग गरी पछि मापन गर्ने परिशोधित लागतमा वर्गीकरण गरिन्छ ।

**ग) मापन**

**१) प्रारम्भिक मापन** (Initial Measurement)

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको उचित मूल्यमा कारोबार रकम जोडेर वा घटाएर मापन गरिन्छ । नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

**२) वित्तीय उपकरणको पछिको** (Subsequent) **मापन**

वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व वर्गीकरणका आधारमा परिषोधित लागत अथवा उचित मूल्यमा मापन गरिन्छ । परिशोधित लागतमा मापन गरिएको वर्गीकृत सम्पत्ति वा दायित्व पछि प्रभावकारी व्याजदर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ ।

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत भनेको त्यस्तो रकम हो जसमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा साँवाको पुर्न भुक्तानी, प्रभावकारी व्याज विधिद्वारा मापन गरिएको संचित परिशोधन (प्रारम्भिक रकम र परिसोधित रकमको भिन्नता) र क्षति वा असंकलनको कारण हुने कमीलाई घटाई परिणामस्वरुप आएको रकमलाई बुझिन्छ ।

**३.४.१ अपलेखाङ्कन**

**(क) वित्तीय सम्पत्तिको अपलेखाङ्कन**

वित्तीय सम्पत्तिको अपलेखाङ्कन जब बैंकको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब सहकारीले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको

सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ वा जसमा बैंकले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ तर वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन त्यसबेला बैंकले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गर्छ ।

**(ख) वित्तीय दायित्वको अपलेखाङ्कन**

दायित्व भर्पाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भयो भने वित्तीय दायित्व अपलेखाङ्कन गरिन्छ । जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफल बीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

**३.४.२ उचित मुल्य (fair value) को मापन**

उचित मूल्यको भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकम हो । दायित्वको उचित मूल्यले यसको कार्यान्वयन जोखिम प्रतिबिम्बित गर्दछ ।

निम्न तह अनुसार उचित मूल्य निर्धारण गरिन्छ :

**तह १ :** उचित मूल्य मापन भन्नाले सोही किसिमको सम्पति या दायित्वको सक्रिय बजारमा अवस्थित उदृत मूल्य जनाउँछ ।

**तह २ :** तह २ मूल्याङ्कनहरू भन्नाले उस्तै उपकरणहरूको सक्रिय या निष्क्रिय बजारमा रहेको उदृत मूल्यलाई आधार मानी एउटा मोडल अनुसार मापन गरिन्छ । मोडल तयार गर्दा सम्पूर्ण आगतहरू (input) प्रष्ट रुपमा व्याख्या हुने गरी तयार गर्नु पर्छ ।

**तह ३ :** पोर्टफोलियोहरू ती हुन् जहाँ कम्तिमा एक आगत (input), जसले उपकरणको मूल्याङ्कनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, बजारको आंकडामा आधारित हुदैनन् । सहकारीले वित्तीय उपकरणको fair value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग उपलब्धताको आधारमा मापन गर्दछ । यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् भने बजारलाई सक्रिय मानिन्छ र arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने सहकारीले मूल्याङ्कन विधि प्रयोग गरी उचित मूल्य स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक पार्टीहरू (यदि उपलब्ध छ) बीचका arm's length कारोबार समावेश हुन्छ । प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको उचित मूल्य को उत्तम प्रमाण भनेको कारोबार मूल्य हो (अर्थात दिइएको वा प्राप्त गरिएको प्रतिफलको उचित मूल्य । यद्यपि प्रारम्भिक पहिचान र लेखाङ्कनमा वित्तीय उपकरणको उचित मूल्य यसको कारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्ता उचित मूल्य उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्याङ्कन विधि प्रयोग गरी Variable मा केवल प्रत्यक्ष बजारबाट आंकडा समावेश गरिएको छ भने तब भिन्नता प्रारम्भिक पहिचान र लेखाङ्कनमा नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिन्छ । अन्य परिस्थितिमा भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखाङ्कन हुँदैन तर उपयुक्त आधारमा वा उपकरणको आयु भरिमा लेखांकन हुन्छ वा जब उपकरण साटिन्छ बेचिन्छ वा हस्तान्तरण हुन्छ ।

सबै unquoted equity लगानी लागतमा रेकर्ड गरिएको छ वासलातको मितिसम्म प्रवर्द्धक शेयरको गैरव्यापारलाई ध्यानमा राखी यस्तो शेयरको बजार मूल्य किटानका साथ निश्चित गर्न सकिदैन । तसर्थ, यस्ता लगानीहरू परल मूल्यमा नोक्सानी घटाई लेखाङ्कन गरिन्छ ।

**३.४.३ वित्तीय सम्पत्तिमा हुने नोक्सानी**

प्रत्येक प्रतिवेदन मितिमा सहकारीले सम्पत्तिमा हानी भएको वा नभएको कुनै संकेत छ कि छैन भनी मूल्याङ्कन गर्छ । यदि कुनै संकेत छ भने पुर्नप्राप्ति योग्य रकम निर्धारण गरिन्छ । वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा हानी नोक्सानी लेखाङ्कन गरिन्छ यदि सम्पत्तिको प्रारम्भिक लेखाङ्कनपछि हुने एक वा बढी घटनाहरूको परिणामको रूपमा हानीको वस्तुगत प्रमाण छ (नोक्सान घटना) र त्यो नोक्सान घटना (वा घटनाहरू) का कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्ति समूहको अनुमानित भविष्य नगदी प्रवाहमा कुनै प्रभाव छ कि छैन भनी विश्वसनीय अनुमान गर्न सकिन्छ ।

हानिको वस्तुगत मूल्याङ्कनको लागि बैंकले निम्नानुसारको बुँदालाई ध्यान दिन्छ :

- ऋणीले व्याज वा साँवाको भुक्तानी नतिरेको भए
- जब ऋणीले टाट पल्टिएको घोषणा गर्ने प्रक्रिया अघि बढाउँछ तब उसको दायित्व भर्पाईमा ढिलाई वा मुक्त हुन्छ ।
- जहाँ सहकारीले ऋणीको कर्जा दायित्वको सन्दर्भमा पुनर्प्राप्तीको कानुनी सहारा सुरु गर्छ ।
- जहाँ बैंकले ऋणको भौतिक माफी वा तोकिएको भुक्तानीहरूको स्थगनको कारण प्रदर्शन गर्छ र आर्थिक दायित्व कम हुने गरी दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ ।
- तथ्याङ्कले वित्तीय सम्पत्ति समूहको भविष्यको अनुमानित नगद प्रवाहमा मापनयोग्य कमी छ भन्ने सूचित गरे पनि यद्यपी अझै पृथक वित्तीय सम्पत्तिको कमी लेखाङ्कन गर्न सक्दैन ।

सहकारीले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिकस्तर दुबैमा तहमा विचार गर्दछ । सबै पृथक रूपमा महत्वपूर्ण सापटीहरू र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरू विशेष हानीको लागि मूल्याङ्कन गरिन्छ । विशेष हानी लेखाङ्कन नभएका कर्जा सापटीहरूको हकमा सामुहिक रुपमा हानी नोक्सानी मूल्याङ्कन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका एकल रुपमा महत्वपूर्ण नभएका कर्जा सापटी तथा परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरूलाई परिसोधित लागतमा मापन गरिएका उस्तै खाले जोखिम चरित्र भएका कर्जा सापटी र परिसोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरू सँगै राखेर सामूहिक रुपमा मूल्याङ्कन गरिन्छ । अन्य वित्तीय सम्पत्तिको क्षति परीक्षण आन्तरिक र बाह्य सूचकांक निरीक्षण गरी वार्षिक रुपमा गरिन्छ । सामूहिक क्षतिको आंकलन गर्दा बैंकले ऋण नतिर्ने सम्भावना (Probability of Default) पुर्नस्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्तिहरूको तथ्यांकीय मोडल प्रयोग गर्दछ । नोक्सान दरहरू र भविष्यको पुनर्प्राप्तीको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूको विरूद्ध बेन्चमार्क हुन्छन् ।

३.४.३. **(क) परिषोधित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्तिहरूमा हुने नोक्सानी**

NAS 39 **बमोजिम**

**आ.व. २०८०-८१ सम्म लागू हुने लेखा नीतिहरू**

परिशोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय सम्पत्तिहरू जस्तै सहकारीबाट बाँकी रकम ग्राहकलाइ दिइएको कर्जा सापटी र भुक्तानी अवधिसम्म धारण गरिएको लगानीको प्रारम्भिक लेखाङ्कनपछि एक वा एक भन्दा बढी घटनाको कारण क्षति भएको हो भन्ने ठोस प्रमाण भए हानी नोक्सान लेखाङ्कन गरिन्छ । हानीको रकम सम्पत्तिको किताबी रकम र ऋणबाट पुनर्प्राप्ती गर्न सकिने रकमको भिन्नताबाट निकालिन्छ । ठूलो रकम कर्जा सापटीको रुपमा दिइएको ग्राहक एकल हानी परीक्षणको क्रममा मूल्याङ्कन गरिन्छन् । ऋणीसँग सहकारीको पुराना अनुभव र धितोबाट प्राप्त गर्न सकिने मूल्यको आधारमा ऋणको पुनः प्राप्ती मूल्य अनुमान गरिन्छ । जसलाई एकल रुपमा मूल्याङ्कन गरिएको छ र जसको हानी छैन तिनलाई उस्तै प्रकृतिको कर्जा जोखिम विशेषता भएका वित्तीय सम्पत्तिको समुहमा राखिन्छ

र हानीको लागि सामूहिक रुपमा मूल्याङ्कन गरिन्छ। व्यवस्थापनको पुराना अनुभवको आधारमा हरेक समूहमा वर्गीकरण गरिएको कर्जा सापटीको कर्जा जोखिमको तथ्यांक निर्धारण गरिन्छ।

**आर्थिक वर्ष २०८१-८२ देखि लागू हुने लेखा नीतिहरू**

**नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण** -NFRS ९ अनुसार Expected Credit Loss **को मापन**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण NFRS ९ ले प्रारम्भिक लेखाङ्कनपछि क्रेडिट गुणस्तरमा परिवर्तनको आधारमा क्षयीकरण (impairment) को लागि 'तीन-चरण' (three Stages) मोडेलको रूपरेखा प्रस्तुत गर्दछ जुन तल संक्षेपमा दिइएको छ :

- ☐ प्रारम्भिक लेखाङ्कनमा क्रेडिट-क्षतिग्रस्त नभएको वित्तीय उपकरणलाई 'चरण १ (Stage 1)' मा वर्गीकृत गरिएको छ र सहकारी संस्थाद्वारा यसको क्रेडिट जोखिम निरन्तर निगरानी गरिन्छ।
- ☐ प्रारम्भिक पहिचान भएदेखि ऋण जोखिममा उल्लेखनीय वृद्धि ('SICR') भएमा, वित्तीय उपकरणलाई 'चरण २ (Stage 2)' मा सारिएको छ तर अझै क्रेडिट-क्षतिग्रस्त मानिएको छैन। सहकारी संस्थाले क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि कहिले भएको छ भनेर कसरी निर्धारण गर्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ।
- ☐ यदि वित्तीय उपकरण क्रेडिट-क्षतिग्रस्त छ भने, वित्तीय उपकरणलाई त्यसपछि चरण ३ (Stage 3) ' मा सारिएको छ। सहकारीले क्रेडिट-क्षतिग्रस्त (impaired) र मभाबगति लाई कसरी परिभाषित गरिन्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ।
- ☐ चरण १ (Stage 1) ' मा रहेका वित्तीय उपकरणहरूको भ्क्षी लाई आगामी १२ महिना भित्रमा हुने मभाबगति का घटनाहरूबाट हुने सम्भावित जीवनभरको अपेक्षित क्रेडिट घाटाको अंश बराबरको रकममा मापन गरिन्छ। चरण २ वा चरण ३ मा रहेका उपकरणहरूको भ्क्षी लाई जीवनभरको आधारमा अपेक्षित क्रेडिट घाटाको आधारमा मापन गरिन्छ।
- ● NFRS ९ अनुसार परिलक्षित जानकारीलाई विचारगर्ने भ्क्षी को एउटा व्यापक अवधारणा हो।
- ☐ खरिद गरिएको वा सृजीत गरिएको क्रेडिट-क्षतिग्रस्त वित्तीय सम्पत्तिहरू ती वित्तीय सम्पत्तिहरू हुन् जुन प्रारम्भिक लेखाङ्कनमा क्रेडिट- क्षतिग्रस्त हुन्छन्। तिनीहरूको भ्क्षी सधैं जीवनभरको आधारमा मापन गरिन्छ।

सामूहिक आधारमा ECL मापन गर्दा सहकारी संस्थाले कसरी उपयुक्त समूहहरू निर्धारण गर्छ भन्ने बारेमा थप व्याख्या पनि प्रदान गरिएको छ।

**ऋण जोखिममा उल्लेखनीय वृद्धि** Significant Increase in Credit Risk (SICR)

निम्न मध्ये कुनै पनि संकेत स्पष्ट हुँदा सहकारीले वित्तीय सम्पत्तिलाई ऋण जोखिममा उल्लेखनीय वृद्धि भएको मान्दछ।

- ☐ वित्तीय सम्पत्तिको भुक्तानी मिति ३० दिन भन्दा बढी नाघेको
- ☐ पुनर्संरचना/पुनःतालिकीकरणको लागि सदस्यबाट आवेदन।
- ☐ ऋणीले वित्तीय कठिनाइहरूको सामना गरिरहेको छ भन्ने संकेत गर्ने अन्य कुनै सूचक।

Default **र क्रेडिट- क्षतिग्रस्त**

सहकारीले वित्तीय साधनलाई मभाबगति को रूपमा परिभाषित गर्दछ, जुन क्रेडिट- क्षतिग्रस्त को परिभाषासँग पूर्ण रूपमा मिल्दोजुल्दो हुन्छ, जब यसले निम्न मध्ये एक वा बढी अवस्था कायम हुन्छ :

- ☐ वित्तीय सम्पत्तिको भुक्तानी मिति ९० दिन भन्दा बढी नाघेको

- ☐ ऋणीको मृत्यु भएमा
- ☐ ऋणी टाँट पल्टिएमा
- ☐ ऋणीलाई कर्जा सूचना केन्द्र (CIB) द्वारा कालोसूचीमा राखिएमा

**ECL मापन - इनपुट, स्वविवेक र अनुमान प्रविधिहरूको व्याख्या**

प्रारम्भिक लेखाङ्कन पश्चात क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि भएको वा कुनै सम्पत्ति क्रेडिट- क्षतिग्रस्त भएको आधारमा अपेक्षित क्रेडिट घाटा (ECL) १२-महिना वा जीवनकालको आधारमा मापन गरिन्छ। अपेक्षित क्रेडिट घाटा डिफल्ट हुने सम्भावना (Probability of Default (PD), डिफल्टको समयमा एक्सपोजर (Exposure at Default (EAD), डिफल्ट भएपछिको हानि (Loss Given Default) (LGD) को discounted उत्पादन हो, जसलाई निम्न रूपमा परिभाषित गरिएको छ :

डिफल्ट हुने सम्भावना (Probability of Default)

- PD (Probability of Default भन्नाले ऋणीले आफ्नो वित्तीय दायित्व (उपरोक्त "डिफल्ट र क्रेडिट-ह्रासको परिभाषा" अनुसार) पुरा गर्न असफल हुने सम्भावनालाई जनाउँछ। यो सम्भावना या त अगामी १२ महिनाभित्र (१२-महिना PD) हुने जोखिम, वा आजीवन (आजीवन PD – Lifetime PD) हुने जोखिमका रूपमा मापन गरिन्छ।

- ☐ डिफल्टको समयमा एक्सपोजर (Exposure at Default EAD सहकारी संस्थाले मभाबगति को समयमा प्राप्त हुन बाँकी रकमलाई जनाउँछ।

- ☐ डिफल्ट भएपछिको हानि Loss Given Default (LGD) ले सहकारी संस्थाको मभाबगति हुँदा जोखिममा घाटाको हदको अपेक्षालाई प्रतिनिधित्व गर्दछ। LGD प्रतिपक्षको प्रकार, दावीको प्रकार र वरिष्ठता र धितो वा अन्य क्रेडिट समर्थनको उपलब्धता अनुसार फरक हुन्छ। LGD default को समयमा प्रति एकाइ जोखिमको प्रतिशत घाटा (EAD) को रूपमा व्यक्त गरिन्छ। LGD १२-महिना वा जीवनभरको आधारमा गणना गरिन्छ, जहाँ १२-महिनाको LGD अर्को १२ महिनामा मभाबगति भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो र जीवनभर LGD ऋणको बाँकी अपेक्षित जीवनभरमा मभाबगति भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो।

ECL प्रत्येक भावी महिनाको र प्रत्येक व्यक्तिगत एक्सपोजर वा सामूहिक खण्डको लागि PD, LGD र EAD लाई प्रक्षेपण गरेर निर्धारण गरिन्छ। यी तीन तत्वलाई एकसाथ गुणान गरिन्छ र भईरहने सम्भावना (अर्थात् एक्सपोजर पहिलेको महिनामा अग्रिम वा default भएको छैन) मानी समायोजन गरिन्छ। यसले प्रभावकारी रूपमा प्रत्येक भविष्यको महिनाको लागि ECL गणना गर्छ , जसलाई त्यसपछि रिपोर्टिङ मितिमा छुट (discounted) दिइन्छ र संक्षेप गरिन्छ। ECL गणनामा प्रयोग गरिएको छुट दर सुरुवाती प्रभावकारी ब्याज दर वा त्यसको अनुमान हो।

**ECL मोडेलहरूमा समावेश गरिएको परिलक्षित जानकारी**

SICR को मूल्याङ्कन र ECL को गणना दुवैले परिलक्षित जानकारीलाई समावेश गर्दछ। सहकारी संस्थाले ऐतिहासिक विश्लेषण गरेको छ र क्रेडिट जोखिम र अपेक्षित क्रेडिट घाटालाई असर गर्ने प्रमुख आर्थिक सुचकहरू पहिचान गरेको छ।

यी आर्थिक सुचकहरू र PD, EAD / LGD मा तिनीहरूको सम्बन्धित प्रभाव वित्तीय उपकरण अनुसार फरक हुन्छ। यस प्रक्रियामा विशेषज्ञको निर्णय पनि लागू गरिएको छ। यी आर्थिक सूचकहरू ("आधार आर्थिक परिदृश्य") को पूर्वानुमान सहकारीले अर्थ मन्त्रालयद्वारा जारी गरिएको आर्थिक सर्वेक्षण प्रतिवेदनको आधारमा सङ्कलन गर्दछ

**३.५ सम्पत्ति र उपकरण**

**क) पहिचान तथा मापन**

सम्पत्ति, र उपकरणहरू यस्ता मूर्त वस्तु हुन जुन उत्पादन र सेवा प्रदानमा, भाडामा दिन वा प्रशासनिक उद्देश्यका निम्ति प्रयोग हुन्छ र एक वर्ष भन्दा बढी अवधिको लागि प्रयोग गरिने आशा राखिन्छ। सहकारीले NAS 16 को आधारमा यस्ता सम्पत्तिको लेखाङ्कन गर्दछ।

सम्पत्ति र उपकरणहरू तब लेखाङ्कन गरिन्छ जब

- त्यस सम्पत्तिबाट हुने सम्भावित आर्थिक लाभ सहकारीले प्राप्त गर्ने देखिन्छ र
- सम्पत्तिको परल मूल्यलाई यकिन गर्न सकिन्छ।

परल मूल्यमा परिमाणका आधारमा दिइने व्यापारिक छुटहरूलाई समायोजन गरि आएको सम्पत्तिको खरिद मुल्य तथा कुनै फिर्ता निहुने करहरू समावेश गरिन्छ। साथै यसमा संचालन समितिले अभिप्रेरित गरे अनुसार सम्पत्ति प्रयोग स्थान र प्रयोगमा लिएर आउनको निमित्त गरिएको अन्य खर्च समावेश गरिन्छ।

आफैले बनाएको सम्पत्तिको हकमा मालसामानको खर्च, कामदारहरूको ज्याला खर्च, अन्य कुनै प्रत्यक्ष खर्च जुन सम्पत्तिलाई चाहे अनुसार प्रयोग गर्न काम लाग्ने अवस्थामा ल्याउन लाग्दछ, ती खर्चहरू पनि सम्पत्तिको परल मूल्यमा जोडिन्छ। साथै यसमा सो सम्पत्तिलाई नष्ट गर्ने तथा हटाउने र थप सामान हटाएर सम्पत्ति भएको ठाउँलाई जस्ताको तस्तै बनाउन लाग्ने खर्च पनि जोडिन्छ। खरिद गरिएको सफ्टवेयर सम्वन्धित उपकरणको मुख्य अंग भएको खण्डमा त्यसलाई कम्प्युटर उपकरणमा पूँजीकृत गरिन्छ। यदि सम्पत्ति र उपकरणका विभिन्न सामान वा पूर्जाको उपयोगी अवधि भिन्न भए सो सामानलाई छुट्टै सम्पत्तिको रुपमा देखाइन्छ।

सम्पत्ति र उपकरणहरूको भाग फेरिनु परेमा र भविष्यको आर्थिक लाभ आर्जन गर्न त्यो भाग मुख्य भएमा र त्यो भागको मूल्याङ्कन गर्न सकिएमा त्यसको लेखाङ्कन किताबी मूल्यमा subsequent लागत अन्तर्गत गरिन्छ। सम्पत्ति र उपकरणहरूको दिन प्रतिदिन लाग्ने खर्च उक्त खर्च भएको समयमा नै नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ।

सम्पत्ति र उपकरणहरू दिन प्रतिदिनको सेवा खर्च, संचित ह्रास कट्टी र संचित हानि नोक्सानी आदि लाई घटाएको लागतमा देखाइन्छ। उपकरणको कुनै भाग फेर्न लागेको खर्चले recognition criteria पुरा गरेको छ भने त्यस्ता खर्चहरू पनि सम्पत्ति, प्लान्ट र उपकरणहरूको मूल्यमा जोडिन्छ।

रु २००० भन्दा कम मुल्य भएका सम्पत्तिहरूलाई उपयोग अवधि (useful life) बाँकि रहेता पनि खरिद गरको वर्षमा खर्चमा लेखाङ्कन गरिन्छ।

**ख. ह्रासकट्टी**

स्थिर सम्पत्तिलाई समानान्तर (Straight line) विधिको आधारमा, सम्पत्तिको लागतलाई व्यस्थापनको निर्णय अनुसार प्राप्त बाँकि रहेको उपयोग अवधि (residual useful life) मा विभाजन गरि निम्नासुर ह्रासकट्टी गरिन्छ।

| सम्पत्तिको प्रकार | उपयोग अवधि (useful life) |
|---|---|
| भवन | ४० वर्ष |
| फर्निचर तथा फिक्स्चर | ५ वर्ष |
| कम्प्युटर हार्डवेयर | ५ वर्ष |
| कार्यालय उपकरण | ५ वर्ष |
| परिवहन साधन | ८ वर्ष |
| एअर कन्डिसनर | ५ वर्ष |
| Leasehold सम्पत्ति | १० वर्ष वा भाडा अवधि मध्ये जुन कम हुन्छ। |

यदि महिनाको १४ गतेसम्म सम्पत्ति खरिद भएमा त्यस महिनाको १ गतेको खरिद र १५ गते वा त्यसपछिको खरिदको लागि आगामि महिनाको १ गतको खरिद मानि सम्पत्तिको ह्रासकट्टी गणना गरिन्छ ।

ह्रासकट्टी विधि , उपयोग अवधि तथा बाँकि रहेको उपयोग अवधि (residual useful life) लाई हरेक प्रतिवेदन मितिमा पुर्नवलोकन गरि आवश्यकता अनुसार समायोजन गरिन्छ ।

ग. **अपलेखांकन** (Derecognition)

जब सम्पत्ति र उपकरणको विक्रि गरिन्छ वा त्यस सम्पत्तिबाट भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा रहदैन ततपश्चात् त्यस सम्पत्तिको किताबी मूल्यलाई अपलेखाङ्कन गरिन्छ । विक्रीबाट सिर्जना भएको नाफा वा नोक्सानलाई विक्री भएको आर्थिक वर्षको नाफा नोक्सान विवरणमा देखाइन्छ । जब सम्पत्ति र उपकरणको किताबी मूल्यमा प्रतिस्थापित लागत लेखाङ्कन गरिन्छ तब प्रतिस्थापित भएको सम्पत्तिको बाँकी रहेको किताबी मूल्यलाई अपलेखाङ्कन गरिन्छ ।

३.६ **ख्याति र अमुर्त सम्पत्तिहरू**

**ख्याति** (Goodwill)

व्यवसाय एकीकरणअन्तर्गत हासिल गरिएका पहिचानयोग्य सम्पत्तिको उचित मुल्यभन्दा अधिक रहको अधिकरण लागत (acquisition cost) लाई ख्याति भनेर लेखाङ्कन गरिन्छ । सुरुवाति लेखाङ्कन पछि ख्यातिको मुल्यलाई संचित हानि नोक्सानी (accumulated impairment loss) सँग समायोजन गरि मूल्याङ्कन गरिन्छ ।

घटना तथा अवस्थामा परिवर्तनले ख्यातिको carrying मूल्यलाई नकारात्मक रुपमा असर पार्ने अवस्था रहेमा सोहिअनुसार र अन्यथा वार्षिक रुपमा ख्यातिमा हुन आउने हानि (impairment) मापनको लागि पुनरावलोकन गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

कम्प्युटर सफ्टवेयर तथा कम्प्युटरसँग सम्बन्धित सबै सफ्टवेयर तथा लाइसेन्सहरूको खर्च जुन कुनै कम्प्युटर हार्डवेयरको अभिन्न भाग छैन र जसलाई छुट्याएर नाप्न सकिन्छ र भविष्यमा त्यस सफ्टवेयर तथा लाइसेन्सहरूबाट आर्थिक लाभ भित्रिने सम्भावना छ, ती खर्चहरूलाई वित्तीय अवस्थाको विवरणमा अमुर्त सम्पत्तिको रुपमा वर्गीकरण गरि अपलेखन र हानि नोक्सानी घटाएर देखाइन्छ । सफ्टवेयर सम्बन्धि subsequent खर्चहरूलाई तब मात्र पूँजीकृत गरिन्छ जब त्यस खर्चको कारण भविष्यमा सफ्टवेयर बाट भित्रिने आर्थिक लाभको सम्भावना पहिले आंकलन गरेको आर्थिक लाभभन्दा बढी हुन्छ र त्यस खर्चको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । अन्य सबै खर्चहरूलाई खर्च गरेको आर्थिक वर्षमा खर्चको रुपमा देखाइन्छ ।

अमूर्त सम्पत्तिको अपलेखन प्रयोगको निम्ति उपलब्ध भएपछि ख्याति बाहेकका अमूर्त सम्पत्तिलाई समान किस्तामा नाफा नोक्सान विवरण मार्फत परिषोधन गरिन्छ ।

परिषोधन नीति, उपयोग समय र ती सम्पत्तिको अवशेष (residual) मूल्य प्रत्येक वर्ष पुनरावलोकन गरि आवश्यक भएमा उपयुक्त समायोजन गरिन्छ । सहकारीले अमूर्त सम्पत्तिको अवशेष मूल्य नरहने भनेर मान्दछ ।

३.७. **लगानी सम्पत्ति** (Investment Property)

त्यस्ता सम्पत्ति (भवन वा भवनको भाग वा दुबै) जुन भाडाबाट कमाई गर्न वा पूँजी वृद्धि गर्न वा दुबैको लागि राखिन्छ, ती सम्पत्तिहरूलाई लगानी सम्पत्ति भनिन्छ ।

**मापन**

लगानी सम्पत्तिलाई लागत मोडलमा मापन गरिन्छ । सो अनुसार सम्पत्तिको लेखाङ्कन पश्चात् सम्पत्तिलाई हानि नोक्सानी घटाई लागत मूल्यमा प्रस्तुत गरिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भएको कारणले त्यो सम्पत्तिलाई सम्पत्तिमा लगानी भनी पुनःवर्गीकरण गरिन्छ भने त्यस सम्पत्तिको पुनःवर्गीकरण गरिएको दिनको

किताबि मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानि लेखाङ्कन गरिन्छ ।

**लगानी सम्पत्तिको अपलेखांकन** (derecognition)

लगानी सम्पत्तिहरू यदि दीर्घकालिन रुपमा प्रयोगबाट हटाइएको वा विक्री गरिएको र भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा नरहेमा ती सम्पत्तिमा लगानीहरूलाई अपलेखाङ्कन गरिन्छ । प्रयोगमा परिवर्तन आएको खण्डमा मात्र लगानी सम्पत्तिमा/बाट कुनै सम्पत्तिलाई सारिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भई त्यस सम्पत्तिलाई सम्पत्ति र उपकरणको रुपमा वर्गीकरण गरिएमा त्यस सम्पत्तिको पुनःवर्गीकरण गरिएको दिनको उचित मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानी लेखाङ्कन गरिन्छ ।

सहकारीको भवनको कुल निर्मित क्षेत्रफल ४३०८ वर्गफिट मध्ये, भुई तलाको ९०५ वर्गफिटक क्षेत्रफलको भाग बंगलामुखि स्टोरलाई भाडामा दिइएको छ । भवनको किताबी मुल्यलाई क्षेत्रफलका आधारमा विभाजन गरि भाडामा दिइएको भागको मुल्यलाई लगानी सम्पत्तिमा पुनवर्गीकरण गरिएको छ । सहकारीले यस आर्थिक वर्षमा लगानी सम्पत्तिबाट भाडा बापत रु. २,१७,८०० आर्जन गरेको छ ।

**३.८ आयकर**

कर व्ययले वर्तमान र स्थगन कर खर्च समावेश गर्दछ । प्रत्यक्ष ईक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म भने चालू कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ

**चालु कर**

चालू कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र प्रतिवेदन मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरू प्रयोग गरी अनुमान गर्न सकिने तिर्नयोग्य वा पुनर्प्राप्ती योग्य कर हो ।

**स्थगन कर**

स्थगन कर वित्तीय प्रतिवेदन उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकमबीच अस्थायी भिन्नताको सन्दर्भमा लेखाङ्कन गरिन्छ । स्थगन आयकर बैंकमा लागू हुने कर दरको प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति साकार भएपछि वा स्थगन आयकर दायित्व चुक्ता हुँदा प्रतिवेदन मितिमा लागु हुने अपेक्षा गरिएको हुन्छ । भविष्यमा करयोग्य मुनाफा उपलब्ध हुने सम्भावना भए स्थगन कर सम्पत्तिहरू लेखाङ्कन गरिन्छ जसको लागि अस्थायी भिन्नताहरू प्रयोग गर्न सकिन्छ ।

**३.९ निक्षेप**

सहकारीले सदस्यबाट बचत खाता तथा आवधिक खातामा निक्षेप प्राप्त गर्दछ र सोही खाताअन्तर्गत सदस्यहरूले निक्षेप रकम जम्मा गर्ने तथा निकाल्ने गर्दछन । यि कारोबारहरूलाई सहकारीको खाता मा लेखाङ्कन गरिन्छ र प्राप्त निक्षेपको मौज्दातलाई सदस्यहरू लाई भुक्तानि गर्नु पर्ने दायित्वको रुपमा प्रस्तुत गरिन्छ

**३.१० व्यवस्थाहरू**

विगतको घटनाको परिणामस्वरूप बैंकको वर्तमान सिर्जित वा कानुनी दायित्व छ जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई सहकारीले व्यवस्थाको रुपमा लेखाङ्कन गर्छ । विगतको घटनाको परिणामस्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवतः संसाधनहरूको बहिर्गमनको आवश्यकता पर्दैन तब सम्भावित दायित्वको खुलासा गरिन्छ । जब सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम छ त्यस्तो अवस्थामा कुनै व्यवस्था वा खुलासा (Disclosure) गरिन्न ।

जब एउटा सम्झौताबाट सहकारीले लिने अपेक्षित लाभहरू सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागतभन्दा कम हुन्छ तव अत्याधिक सम्झौता (Onerous Contract) को व्यवस्था लेखाङ्कन गरिन्छ ।

व्यवस्थाहरू प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजित गरिन्छ । दायित्व चुक्ता गर्नको लागि स्रोतहरूको बर्हिगमन आवश्यक पर्ने दीर्घकालिन सम्भावना छैन भने व्यवस्था फिर्ता हुन्छ । रकम प्राप्त गर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिन्न । यदि सम्भावना छ भने सम्भावित सम्पत्तिको खुलासा गरिन्छ । तर सम्भावित सम्पत्तिलाई निरन्तर मूल्याङ्कन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखाङ्कन गरिन्छ ।

**३.११ आम्दानीको लेखांकन**

सदस्यहरूबाट अतिरिक्त योगदान प्राप्त नगरि, सहकारीको नियमित कारोबार अन्तर्गत कुनै अवधिमा प्राप्त हुने आर्थिक लाभको कुल प्रवाहले संस्थाको पूंजी वृद्धि हुने अवस्था सिर्जना हुन्छ भने सोलाई आम्दानी भनिन्छ । सहकारीलाइ आर्थिक लाभ प्राप्त हुने सम्भावना भएमा र आम्दानीको विश्वसनीय तरिकाले मापन गर्न सक्ने अवस्थामा आम्दानीको लेखाङ्कन गर्ने गरिन्छ । यदि कुनै अवधिमा रकमको असुलि हुने सम्भावना नभएमा सो अवधिमा आम्दानी जनाउने गरिदैन ।

**क) व्याज आम्दानी**

परिषोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिमा आर्जन गरको ब्याजलाई, सहकारीको सामान्य ब्याजदर जो प्रभावकारी व्याज दरको करिबी दर हुन्छ सो अनुसार व्याज आम्दानीमा लेखाङ्कन गरिन्छ ।

प्रभावकारी व्याज दर (effective interest rate) विधिको यथार्थ गणना गर्न लाग्ने खर्च उक्त विधिको पालना गर्दा हुने फाइदाभन्दा बढी हुने सहकारीको अनुमान रहेको छ । साथै ऋण तथा सापटिमा आर्जित ब्याज र प्रभावकारी व्याजदरमा आधारित ब्याज आम्दानीमा रहको भिन्नता material नभएको कारणले शुरुवाती शुल्कहरूलाई ऋण तथा सापटीको समयावधिमा परिषोधन गरिएको छैन ।

प्रभावकारी व्याज विधि भन्नाले आर्जित व्याज आम्दानी तथा आर्जित व्याज खर्चलाई वित्तीय सम्पत्तिको तथा वित्तीय दायित्वको समयावधिमा विभाजन गरी परिषोधित मुल्य गणना गर्ने विधि भन्ने बुझिन्छ । प्रभावकारी व्याज दर भनेको त्यस्तो दर हो जसले अनुमानित भविष्यको नगद प्राप्ती वा भुक्तानीलाई वित्तीय उपकरणको अनुमानित समयावधि वा उपयुक्त अवस्थामा सोभन्दा कम समयावधिको आधारमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद किताबी मूल्यलाई discount गर्दछ । सो ब्याजदर गणना गर्नको लागी सहकारीले सम्झौतामा आधारित शर्तअनुसार भविष्यमा उत्पन्न हुने वित्तीय उपकरणको अनुमानित नगद प्रवाहलाई प्रयोग गरिन्छ ।

नेपाल लेखामान बोर्डले सिफारिस गरे बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था ले NFRS कार्यान्वयन गर्नका लागि जारी गरेका carve-out अनुसार प्रभावकारी व्याज दरको गणना गर्दा, विश्वसनिय तरिकाले निर्धारण गर्न Immaterial तथा अव्यावहारिक (Impracticable) नभएसम्म, प्रभावकारी व्याज दर को अभिन्न अंगअन्तर्गतका सम्झौताका पक्षहरू बिचको सबै प्राप्ति तथा भुक्तानी गरको शुल्कहरू पर्दछन ।

**ख) शुल्क तथा कमिशन आम्दानी**

कुनै सेवा दिंदा वा महत्वपूर्ण काम गर्दा निर्धारण गरिएको मूल्य भन्दा लाभ बढी भएको अवस्थामा शुल्क र कमिशनहरू प्रोदभावी (accrual) आधारमा लेखाङ्कन गरिन्छ । जब प्रोदभावी आधारमा लेखाङ्कन गरिएको शुल्क र कमिशनको लागत लाभ भन्दा बढी हुन्छ, त्यस्तो अवस्थामा कमिशन र शुल्कलाई सोही वर्ष खर्च लेखाङ्कन गरिन्छ ।

**ग लाभांश आम्दानी**

लाभांश प्राप्त गर्न अधिकार स्थापित भएको अवस्थामा लाभांश आय लेखाङ्कन गरिन्छ ।

**घ) खुद व्यापारिक आम्दानी**

खुद व्यापारिक आम्दानी अन्तर्गत व्यापारिक सम्पत्ति तथा दायित्व सम्बन्धी आम्दानी र खर्चहरू पर्दछन् । साथै यसमा व्यापारिक सम्पत्ति तथा दायित्वको उचित मूल्यमा आएको परिवर्तन, प्राप्त व्याज, लाभांश र विदेशी विनिमयको फरकहरू पनि पर्दछन् ।

३.१२ **व्याज खर्च**

परिषोधित मूल्यमा मापन गरिएका सम्पूर्ण वित्तीय दायित्वहरूको निम्ति प्रभावकारी व्याज दरको करिबी दर प्रयोग गरी व्याज खर्च लेखाङ्कन गरिन्छ ।

३.१३ **कर्मचारी सुविधा**

**क) अल्पकालीन कर्मचारी सुविधा**

अल्पकालीन कर्मचारी सुविधा यस्तो सुविधा हो जुन वार्षिक रिपोर्टिङ समयको समाप्ति पछि १२ महिना अघि पूर्णतय राफसाफ हुने अपेक्षा गरिएको हुन्छ । यसमा निम्न सुविधाहरू समावेश छन् :

- ज्याला, तलव र सामाजिक सुरक्षा योगदान
- तलबी वार्षिक विदा र विरामी विदा
- नाफा बाँडफाँड र लाभांश
- गैरनगद लाभ

छोटो अवधिको कर्मचारी लाभलाई discount नगरी मापन गरिन्छ र सेवा प्रदान गरेको बखत नै खर्च जनाइन्छ । छोटो अवधिको नगद वोनस र नाफा बाँडफाँड योजना बमोजिम भुक्तानी गर्नु पर्ने रकमको हकमा यदि कर्मचारीको पूर्व अवधिको सेवाको कारण सहकारीको वर्तमान कानुनी तथा निर्मित दायित्व भएमा र उक्त दायित्व भरपर्दो तरिकाले मापन गर्न सकेमा सो बराबरको रकमलाई दायित्वको रुपमा लेखाङ्कन गरिन्छ ।

**ख) रोजगार पछिको सुविधा**

**परिभाषित योगदान योजना**

NAS 19 कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा सहकारीले निश्चित रकम सामाजिक सुरक्षा कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरूको वर्तमान तथा पूर्व सेवावापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन । परिभाषित योगदान योजनामा कर्मचारीले सहकारीलाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर नियत (due) भएको दिन कर्मचारी खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ ।

सहकारीले सामाजिक सुरक्षा कोषमा प्रत्येक कर्मचारीको साधारण तलवको पुर्वनिर्धारित दर अनुसार २० प्रतिशत र कर्मचारीको तलबबाट ११ प्रतिशत कट्टा गरि कुल ३१ प्रतिशत जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरू NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तरगत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

३.१४ IFRS 15 : Revenue from contracts with customers (**ग्राहकहरूसागको अनुबन्धनबाट आय**)

IASB ले आय पहिचान र लेखाङ्कनका लागि जारी गरेको मानक अनुसार आय पहिचान र लेखाङ्कनका लागि निम्न पाँच चरण मोडेल प्रारुप अनुसरण गर्न आवश्यक छ :

- ग्राहकसँग अनुबन्धनको लेखाङ्कन
- अनुबन्धनमा भएको दायित्व पालनाको लेखाङ्कन
- कारोबार मूल्यको निर्धारण
- अनुबन्धनमा भएको दायित्व पालनाको लागि कारोबार मूल्यको विनियोजन (चरण २ मा भनिए जस्तो)
- दायित्व पालनापछि आयको लेखांकन

नयाँ मानक १ जनबरी २०१८ बाट कार्यान्वयन भएको छ । व्यवस्थापनले IFRS 15 बाट वित्तीय विवरणमा हुने सम्भावित प्रभावको मूल्याङ्कन गरेको छ र यस आर्थिक वर्षमा कुनै प्रभाव परको छैन।

३.१६ **IFRS 16 Lease (पट्टा)**

IFRS 16 पट्टा को लागि नयाँ लेखामान मानक हो जसले NAS 17 'पट्टा' र IFRIC 4 'कुनै व्यवस्थाले पट्टा समावेश गरेको छ कि छैन निर्क्योल गर्ने' व्यवस्थालाई विस्थापित गर्छ । नयाँ मानकले पट्टा लेखाङ्कनका लागि सञ्चालन वा वित्तीय पट्टाको भिन्नतालाई हटाउँछ र सबै पट्टालाई वित्तीय पट्टाको रुपमा अर्थ्याउँछ ।

दायित्व भुक्तान गर्नेले अन्तरनिहित पट्टा सम्पत्तिको प्रतिनिधित्व गर्दै प्रयोग अधिकार लेखाङ्कन र पट्टा भुक्तानी गर्ने दायित्व प्रतिनिधित्व गर्दै पट्टा दायित्व लेखाङ्कन गर्न आवश्यक छ । यस परिवर्तनको मुख्य कारण यो हो कि यस दृष्टिकोणले अन्य कम्पनीहरूको सम्बन्धमा एक पट्टेदारको सम्पत्ति र दायित्वहरूको अधिक तुलनात्मक प्रतिनिधित्वको परिणाम दिनेछ र सँगै वृद्धि गरिएको प्रकटीकरणको साथ पट्टेदारका वित्तीय लिभरेज र पूँजीमा पारदर्शिता प्रदान गर्दछ । मानकले पट्टेदारलाई कि त पूर्ण परावर्तित वा संशोधित परावर्तित संक्रमण विधि छनौट गर्न अनुमति दिन्छ ।

सहकारीले NFRS 16 को संशोधित परावर्तित संक्रमण विधि (Modified retrospective approach) को प्रयोग गरिएको छ । तसर्थ तुलनात्मक जानकारीहरूलाई पुनःलेखन गरिएको छैन, NAS 17 बमोजिम नै प्रस्तुत गरिएको छ । NFRS 16 बमोजिमको लेखा नितिहरू भन्दा भिन्न भएका NAS 17 लेखा नितिहरू छुट्टै प्रस्तुत गरिएका छन् तथा त्यसबाट पर्ने प्रभावहरूलाई लेखा टिप्पणीमा खुलासा गरिएको छ ।

पट्टा सम्झौता लागु हुदा सहकारीले प्रयोग गर्ने अधिकार (Right to use) सम्पति र पट्टा दायित्वको पहिचान गर्दछ । प्रयोग गर्ने अधिकार शुरुमा परल मूल्यमा निर्धारण गरिन्छ, जसमा सम्झौता शुरु भन्दा पहिला वा शुरुमै तिरेको रकमलाई पट्टा दायित्वसँग समायोजिन गरेपछिको रकम, अन्य कुनै प्रत्येक्ष खर्च, अनुमानित भत्काउने खर्च र अन्य कुनै खर्चहरूको जोड तथा कुनै पट्टा प्रोत्साहन घटाएको रकममा मापन गरिन्छ ।

प्रयोग गर्ने अधिकारलाई प्रत्यक आर्थिक बर्षको अन्यमा प्रयोग गर्न मिल्ने अवधि वा पट्टा अवधिमा समानान्तर विधिद्वारा ह्रास गरिन्छ । सम्पतिको अनुमानित आयुको निर्धारण सम्पति तथा उपकरणको जस्तै आधारमा गरिन्छ ।

सम्झौता हुदा भुक्तान हुन बाँकी पट्टा रकमलाई वर्तमान मूल्यमा सहकारीको उधारो लिने दरले Discounting गरी दायित्वको मापन गरिन्छ ।

तलको तालिकाले डिस्काउन्ट नगरिएको पट्टा दायित्वको परिपक्व विश्लेषण र प्रतिवेदन मितिपछि पट्टा भुक्तानी स्थिति देखाउँछ ।

| विवरण | यस वर्ष |
|---|---|
| एक वर्ष भन्दा कम | ४२८,४८५ |
| एक वर्ष भन्दा बढी तर ५ वर्ष भन्दा कम | १३९,८७९ |
| ५ वर्षभन्दा बढी | - |
| जम्मा | ५६८,३६४ |

### ३.१५ शेयर पूँजी

सहकारीले पूँजीगत उपकरणहरूलाई वित्तीय दायित्व तथा इक्विटी उपकरणमा सम्झौताका शर्तका आधारमा वर्गिकरण गर्ने गरको छ । इक्विटी भनेको सहकारीको सम्पत्तिहरूमा सम्पूर्ण दायित्वहरू घटाएर बाँकी रहेको स्वार्थमा दावी हो । अवधिभरमा इक्विटीमा भएको परिवर्तन अन्तर्गत शेयर पूँजी, वित्तीय विवरणमा लेखाङ्कन गरिएका आम्दानी र खर्च साथै सदस्यको योगदानमा सदस्यहरूलाई बाँडिएको रकम घटाई बाँकी भएको रकम पर्दछ ।

### ३.१६ कोष

**जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ अनुरूप करपछिको खुद नाफाको २५% साधारण जगेडा कोषमा छुट्टाइएको छ । यस कोषअन्तर्गत रहेको रकम अविभाज्य रहको छ ।

**पूँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ अनुरूप पूँजी फिर्ता कोष सिर्जना गरिएको छ । साधारण जगेडा कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट २५% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ ।

**सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ को दफा ७० अनुरूप सहकारी प्रवर्द्धन कोष सिर्जना गरिएको छ । साधारण जगेडा कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट ०.५% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ ।

**शेयर लाभांश कोष**

सहकारीको आन्तरिक नीति नियमअनुसार शेयर लाभांश कोषको सिर्जना गरिएको छ । साधारण जगेडा कोष, पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट ६०% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ । संस्थाका सदस्यहरूलाई शेयर लाभांस वितरण गर्नको निमित्त यस कोषको सिर्जना गरिएको छ ।

**घाटापूर्ति कोष**

सहकारीको आन्तरिक नीति नियमअनुसार घाटापूर्ति कोषको सिर्जना गरिएको छ । साधारण जगेडा कोष, पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट ५% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ । संस्थामा आइपर्न सक्ने नोक्सानीको भरपाई गर्नको निमित्त यस कोषको सिर्जना गरिएको छ ।

**सदस्य शिक्षा कोष**

सहकारीको आन्तरिक नीति नियमअनुसार डुबन्ते ऋण कोषको सिर्जना गरिएको छ । साधारण जगेडा कोष, पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट ५% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ ।

### कर्मचारी बोनस कोष

सहकारीको आन्तरिक नीति नियमअनुसार कर्मचारी बोनस कोषको सिर्जना गरिएको छ। साधारण जगेडा कोष, पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोषमा छुट्टाइएर बाकि रहेको रकमबाट १०% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ। संस्थाका कर्मचारीलाई यस कोषबाट तिन महिना सम्मको बोनस वितरण गरिने गरिएको छ।

### सहकारी विकास कोष

सहकारीको आन्तरिक नीति नियमअनुसार सहकारी विकास कोषको सिर्जना गरिएको छ। साधारण जगेडा कोष, पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट ५% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ। संस्थाले सहकारी सम्बन्धि विभिन्न कार्यक्रम संचालन गर्ने हेतुले यस कोषको सिर्जना गरिएको छ।

### सामुदायिक विकास कोष

सहकारीको आन्तरिक नीति नियमअनुसार सामुदायिक विकास कोषको सिर्जना गरिएको छ। साधारण जगेडा कोष, पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट ५% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ। संस्थाले सहकारी सम्बन्धि विभिन्न कार्यक्रम संचालन गर्ने हेतुले यस कोषको सिर्जना गरिएको छ।

### सहकारी शिक्षा कोष

सहकारीको आन्तरिक नीति नियमअनुसार सहकारी शिक्षा कोषको सिर्जना गरिएको छ। साधारण जगेडा कोष, पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट ५% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ।

### स्थिरिकरण कोष

सहकारीको आन्तरिक नीति नियमअनुसार स्थिरिकरण कोषको सिर्जना गरिएको छ। साधारण जगेडा कोष, पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट ५% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ।

### अन्य जोखिम व्यहोर्ने कोष

सहकारीको आन्तरिक नीति नियमअनुसार अन्य जोखिम व्यहोर्ने कोषको सिर्जना गरिएको छ। साधारण जगेडा कोष, पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्टाइएर बाँकी रहेको रकमबाट ५% रकम यस कोषमा वार्षिक रुपमा छुट्टाउने गरिएको छ।

### ४.१ नगद तथा नगद सरह

नगद वा नगद सरह भन्नाले आफूसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम र नगदमा रुपान्तरण हुने समयावधि तीन वा तीन महिना भन्दा कम समयमा परिपक्वता अवधि भएको अति तरल वित्तीय सम्पत्ति बुझिन्छ। सहकारीले अल्पकालिन प्रतिवद्धता पूरा गर्न प्रयोग गर्ने र वास्तविक मुल्य (Fair value) परिवर्तनमा नगण्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो। वित्तीय अवस्थाको विवरणमा नगद र नगद समानलाई परिशोधित मूल्यमा राखिएको छ।

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| नगद मौज्दात | ७३८,१०४ | १,३२१,५३४ |

| | | |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थासँग रहेको मौज्दात | ८१,३०८,३७६ | ३२,४४२,९०४ |
| अन्य संस्थासँग रहेको मौज्दात | १६८,७३१,१३८ | १०४,६०२,७६० |
| जम्मा | २५०,७७७,६१८ | १३८,३६७,१९८ |

४.२ **बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात**

वित्तीय संस्थामा राखिएको मुद्धती निक्षेप वित्तीय सम्पत्ति हो जुन केवल साँवा र व्याजको भुक्तानी हुने अनुबन्धित (contractual) नगद प्रवाहहरू संकलन गर्ने व्यवसाय मोडेल अन्तर्गत राखिन्छ । यिनिहरूलाई पछि प्रभावकारी ब्याज दर ('EIR') विधि प्रयोग गरी परिशोधित मुल्य (Amortised Cost) मा क्षयिकरण (Impairment) घटाई मापन गरिन्छ । यदि प्रभावकारी ब्याज दर ('EIR') को परिशोधन र क्षयिकरण (Impairment) बाट नोक्सान, उत्पन्न भएमा नाफा र नोक्सानको विवरणमा जनाईन्छ । त्यस्ता वित्तीय सम्पत्तिहरूको विवरण निम्नानुसार छन् ।

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २५,५००,३९४ | ४०,४५५,७०३ |
| घटाउनेः क्षयिकरणको लागि व्यवस्था | - | - |
| **जम्मा** | २५,५००,३९४ | ४०,४५५,७०३ |

४.३ **सदस्यलाई ऋण लगानी**

सहकारीले आफ्ना सदस्यहरूलाई विभिन्न कर्जा तथा सापट सुविधाहरू प्रदान गर्दै आएको छ । यी सम्पत्तिहरू केवल साँवा र व्याजको भुक्तानी हुने अनुबन्धित (Contractual) नगद प्रवाहहरू संकलन गर्ने व्यापारिक मोडेल भित्र राखिन्छ । यिनिहरूलाई पछि प्रभावकारी ब्याज दर ('EIR') विधि प्रयोग गरी परिशोधित मुल्य (Amortised Cost) मा क्षयिकरण (Impairment) घटाई मापन गरिन्छ । यदि प्रभावकारी ब्याज दरको परिशोधन र क्षयिकरण (Impairment) बाट नोक्सान, उत्पन्न भएमा नाफा र नोक्सानको विवरणमा जनाईन्छ ।

सहकारीले ऋणको क्षयिकरण (impairment) मूल्याङ्कनको लागि वैकल्पिक विधि अपनाएको छ । तदनुसार, NFRS अनुसार गणना गरिएको व्यक्तिगत र सामूहिक क्षयिकरण (impairment) को रकमलाई नेपाल राष्ट्र बैंकद्वारा जारी बचत तथा ऋणको करोबार गर्ने सहकारी संस्थाका लागि निर्देशिन र मापदण्ड, २०८१ अन्तर्गत आवश्यक क्षयिकरण (न्यूनतम ऋण नोक्सानी व्यवस्था) प्रावधानसँग तुलना गरिन्छ, यी उपायहरूबाट प्राप्त हुने रकममध्ये जुन बढि हुन आउँछ त्यही रकम ऋण लगानीको लागि क्षयिकरणका रूपमा लिइन्छ ।

नेपाल राष्ट्र बैंकद्वारा जारी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ अनुसार निम्न उमेर (ageing) म्याट्रिक्स अनुसार क्षयिकरणको व्यवस्था गर्नँपर्छ ।

| विवरण | न्यूनतम ऋण नोक्सानी व्यवस्था (प्रतिशत) |
|---|---|
| असल ऋण (भाखा ननाघेको र भाखा नाघी ३ महिना व्यतीत नभएका) | १% |
| कमसल (३ देखि ६ महिनासम्म भाखा नाघेका) | २५% |
| शकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका) | ५०% |
| खराब ऋण (१२ महिनाभन्दा बढीले भाखा नाघेका) | १००% |

NFRS ९ **अनुसार क्षयिकरण** (Impairment)

सहकारीले गत आ.व. सम्म NAS ३९ अनुसार "incured loss model" प्रयोग गरेर क्षयिकरण हिसाव गरेको थियो ।

आर्थिक वर्ष २०८१-८२ देखि; सहकारीले "अपेक्षित क्रेडिट नोक्सानी मोडेल (Expected Credit Loss

Model)" अनुसार ऋण लगानीमा क्षयिकरण गणना गरेको छ । ECL मोडेल अन्तर्गत, सहकारीले परिशोधित लागत (Amortized Cost) / FVTOCI मा मापन गरिएको ऋण लगानीसँग सम्बन्धित अपेक्षित क्रेडिट घाटा (ECL) को परिलक्षित (forward - looking) आधारमा मूल्याङ्कन गदर्छ । सहकारीले प्रत्येक समिक्षा मितिमा यस्तो नोक्सानका लागि नोक्सानी व्यवस्था पहिचान गदर्छ । ECL को मापनले निम्न कुरा प्रतिबिम्बित गर्दछः

- सम्भावित परिणामहरूको दायराको मूल्याङ्कन गरेर निर्धारण गरिएको निष्पक्ष र सम्भाव्यता-भारित रकम;
- पैसाको समय सम्बन्धि मूल्य (time value of money); र
- विगतका घटनाहरू, वर्तमान अवस्था र भविष्यको आर्थिक अवस्थाको पूर्वानुमानको बारेमा समिक्षा मितिमा अनुचित लागत वा प्रयास बिना उपलब्ध तर्कसंगत र समर्थनयोग्य जानकारी ।

नोट ३.३ मा अपेक्षित क्रेडिट घाटा मोडल कसरी मापन गरिन्छ भन्ने बारे थप जानकारी दिइएको छ ।

सदस्यहरूलाई प्रदान गरिएको ऋण लागानीको विवरण यस साथ प्रस्तुत गरिएको छ ।

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| परिषोधित लागतमा मापन गरिएको कर्जा तथा सापट | १,०९७,६०४,९४७ | १,१४७,७३८,४७७ |
| घटाउने : क्षयिकरण व्यवस्था | (३५,२६२,५१७) | (२८,५५४,३३३) |
| **खुद रकम** | १,०६२,३४२,४३० | १,११९,१८४,१४४ |
| नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मापन गरिएका कर्जा तथा सापट | - | - |
| **जम्मा** | १,०६२,३४२,४३० | १,११९,१८४,१४४ |

कर्जा सामान्यतया जग्गा तथा भवन, सदस्यहरूको व्यक्तिगत तथा सामूहिक जमानत, सहकारीमा रहेको मुद्दती निक्षेपलगायत विभिन्न धितोमा को सुरक्षणमा दिइन्छ ।

**क्षयिकरणको लागि व्यवस्था**

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| नियामक आवश्यकता अनुसारको क्षयिकरण | ३५,२६२,५१७ | २८,५५४,३३३ |
| NFRS ९/ NAS ३९ अनुसारको क्षयिकरण | ३२,०८८,४८९ | २७,३४५,६९२ |
| **क्षयिकरण व्यवस्था प्रदान गरिएको (माथिको मध्ये बढी)** | ३५,२६२,५१७ | २८,५५४,३३३ |

## ४.४ लगानी धितोपत्रहरू

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मापन गरिएको शेयर (इक्विटी) मा लगानी | ७,८५०,००० | ७,८५०,००० |
| जम्मा | ७,८५०,००० | ७,८५०,००० |

**अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मापन गरिएको शेयर (इक्विटी) मा लगानी**

सहकारीले केही संस्थाहरूको इक्विटी उपकरणहरूमा लगानी गरेको छ जुन व्यापारको लागि नभई दीर्घकालीन रणनीतिक लगानीको रूपमा राखिएको छ । सहकारीले उचित मुल्यमा आएको परिवर्तनहरू अन्य विस्तृत आय ९इऋक्ष० मार्फत आम्दानी जनाई उपकरणलाई अन्य विस्तृत आम्दानी मार्फत उचित मुल्य ९ँख्इऋक्ष० मा मापन गर्ने गरि अपरिवर्तनीय चुनाव गरेको छ ।

**इक्विटीमा लगानी सम्बन्धी जानकारी**

| सूचिकृत नभएकामा लगानी | कित्ता शेयर | जम्मा रकम |
|---|---|---|
| भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ | ५०,००० | ५,०००,००० |
| नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेड | १०,००० | १,०००,००० |
| जिल्ला सहकारी संघ भक्तपुर | १,१५० | ११५,००० |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | १७,००० | १,७००,००० |
| बाग्मती प्रदेश संघ | १०० | १०,००० |
| हब सहकारी सर्भिस लिमिटेड | २५० | २५,००० |
| **जम्मा शेयर लगानी** | ७८,५०० | ७,८५०,००० |

माथिका लगानीहरू सूचीकृत गरिएका छैनन् र व्यवस्थापनले वास्तविक मुल्य लगभग लागत बराबर हुने मूल्याङ्कन गर्दछ ।

## ४.५ चालु कर सम्पत्ति

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| **चालु कर सम्पत्ति** | | |
| चालु वर्षको आय कर सम्पत्ति | २,६९२,४७३ | ३,०४५,६५७ |
| अघिल्लो वर्षहरूको कर सम्पत्ति | | |
| | | |
| **चालु कर दायित्व** | | |
| चालु वर्षको आयकर दायित्व | २,२३३,२१६ | २,९५२,९५४ |
| गत वर्षहरूको कर दायित्वहरू | | |
| | ४५९,२५७ | ९२,७०३ |

## ४.६ लगानी सम्पत्ति

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| **उचित मूल्यमा मापन गरिएको लगानी सम्पत्ति** | | |
| शरुको मौज्दात | - | - |
| यस वर्षको थप/बिक्री | - | - |
| यस वर्षको फेयर मूल्यमा परिवर्तन | - | - |
| समायोजनर स्थानान्तरण | - | - |
| **खुद रकम** | - | - |
| **परल मूल्यमा मापन गरिएको लगानी सम्पत्ति** | | |
| शरुको मौज्दात - Gross Value | २,११०,८८७ | २,११०,८८७ |
| यस वर्षको थप/बिक्री | - | - |
| समायोजन /स्थानान्तरण | - | - |
| संचित ह्रासकट्टी | २७०,६२५ | २१६,५०० |
| संचित जोखिम व्यवस्था | - | - |
| **खुद रकम** | १,८४०,२६२ | १,८९४,३८७ |
| | | |
| **जम्मा** | १,८४०,२६२ | १,८९४,३८७ |

## ४.७ सम्पत्ति तथा उपकरण

| विवरण | जग्गा | भवन | फर्निचर तथा फिक्स्चर | कम्प्युटर तथा सामानहरू | कार्यालय उपकरण | परिवहन साधन | सम्पति प्रयोग गर्ने अधिकार | लिजहोल्ड सम्पत्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **परल मोल** | | | | | | | | | |
| १ श्रावण २०८० को मौज्दात | १३,१९२,५०० | ८,१४४,५७२ | १,१८७,४८८ | ७५१,१०० | १,६६९,५१२ | १७९,५७५ | २,९१५,०५८ | १४३,०२५ | २८,१८२,८३० |
| यस वर्ष थप | | | १९,३०० | | | | | २७,१२० | ४६,४२० |
| प्राप्तीबाट थप | | | | | | | | | - |
| यस वर्षको विक्रि/ डिस्पोजल | | | | | | | | | - |
| समायोजन/पुनःमूल्याङ्कन | | | | | | | | | - |
| **आषाढ मसान्त २०८१ को मौज्दात** | १३,१९२,५०० | ८,१४४,५७२ | १,२०६,७८८ | ७५१,१०० | १,६६९,५१२ | १७९,५७५ | २,९१५,०५८ | १७०,१४५ | २८,२२९,२५० |
| | | | | | | | | | |
| १ श्रावण २०८१ को मौज्दात | १३,१९२,५०० | ८,१४४,५७२ | १,२०६,७८८ | ७५१,१०० | १,६६९,५१२ | १७९,५७५ | २,९१५,०५८ | १७०,१४५ | २८,२२९,२५० |
| यस वर्ष थप | | | | १७९,२७५ | ७३,३०० | | | | २५२,५७५ |
| प्राप्तीबाट थप | | | | | | | | | - |
| यस वर्षको विक्रि/ डिस्पोजल | | | | | | | | | - |
| समायोजन/पुनःमूल्याङ्कन | | | | | | | | | - |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | १३,१९२,५०० | ८,१४४,५७२ | १,२०६,७८८ | ९३०,३७५ | १,७४२,८१२ | १७९,५७५ | २,९१५,०५८ | १७०,१४५ | २८,४८१,८२५ |
| | | | | | | | | | |
| **ह्रासकट्टी तथा हानी नोक्सानी** | | | | | | | | | |
| १ श्रावण २०८० को मौज्दात | | ८१४,४६० | ७२१,४०० | ४७६,६११ | ९९९,४१४ | ८९,७८८ | १,२५७,५२८ | १०८,५१९ | ४,४६७,७२० |
| यस वर्षको ह्रासकट्टी | | २०३,६१५ | २३८,५५७ | १३३,८९७ | २७५,१९३ | २२,४४७ | ६२८,८११ | २८,६०५ | १,५३१,१२५ |
| यस वर्षको हानी नोक्सानी | | | | | | | | | - |
| विक्रि/ डिस्पोजल | | | | | | | | | - |
| समायोजन/पुनःमूल्याङ्कन | | | | | | | | | - |
| **आषाढ मसान्त २०८१** | - | १,०१८,०७५ | ९५९,९५७ | ६१०,५०८ | १,२७४,६०७ | ११२,२३५ | १,८८६,३३९ | १३७,१२४ | ५,९९८,८४४ |
| | | | | | | | | | |
| १ श्रावण २०८१ को मौज्दात | | १,०१८,०७५ | ९५९,९५७ | ६१०,५०८ | १,२७४,६०७ | ११२,२३५ | १,८८६,३३९ | १३७,१२४ | ५,९९८,८४४ |
| यस वर्षको ह्रासकट्टी | | २०३,६१५ | २३८,५५७ | १३३,८९७ | २७८,८५८ | २२,४४७ | ६२८,०८४ | ३३,०२१ | १,५३८,४७९ |
| यस वर्षको हानी नोक्सानी | | | | | | | | | - |
| विक्रि/ डिस्पोजल | | | | | | | | | - |
| समायोजन/पुनःमूल्याङ्कन | | | | | | | | | - |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | - | १,२२१,६९० | १,१९८,५१४ | ७४४,४०५ | १,५५३,४६५ | १३४,६८२ | २,५१४,४२३ | १७०,१४५ | ७,५३७,३२३ |
| | | | | | | | | | |
| **खुद कितावी मूल्य** | | | | | | | | | |
| **आषाढ मसान्त २०८१ को मौज्दात** | १३,१९२,५०० | ७,१२६,४९७ | २४६,८३१ | १४०,५९२ | ३९४,९०५ | ६७,३४० | १,०२८,७१९ | ३३,०२१ | २२,२३०,४०६ |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | १३,१९२,५०० | ६,९२२,८८२ | ८,२७४ | १८५,९७० | १८९,३४७ | ४४,८९३ | ४००,६३५ | ० | २०,९४४,५०२ |

४.८ ख्याति तथा अमूर्त सम्पत्ति

| विवरण | ख्याति | सफ्टवेयर | जम्मा |
|---|---|---|---|
| परल मोल | | | |
| १ श्रावण २०८० को मौज्दात | २,२५५,११७ | ४०९,१५७ | २,६६४,२७४ |
| यस वर्ष थप | | | - |
| प्राप्तीबाट थप | | | - |
| यस वर्षको विक्रि/ डिस्पोजल | | | - |
| समायोजन/पुनःमूल्याङ्कन | - | | - |
| **आषाढ मसान्त २०८१ को मौज्दात** | २,२५५,११७ | ४०९,१५७ | २,६६४,२७४ |
| | | | |
| १ श्रावण २०८१ को मौज्दात | २,२५५,११७ | ४०९,१५७ | २,६६४,२७४ |
| यस वर्ष थप | | | - |
| प्राप्तीबाट थप | | | - |
| यस वर्षको विक्रि/ डिस्पोजल | | | - |
| समायोजन/पुनःमूल्याङ्कन | - | | - |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | २,२५५,११७ | ४०९,१५७ | २,६६४,२७४ |
| | | | |
| परिशोधन खर्च | | | |
| १ श्रावण २०८० को मौज्दात | - | १७०,७०७ | १७०,७०७ |
| यस वर्षको ह्रासकट्टी | | ८१,८३१ | ८१,८३१ |
| यस वर्षको हानी नोक्सानी | - | | - |
| विक्रि/ डिस्पोजल | | | - |
| समायोजन | | | - |
| **आषाढ मसान्त २०८१ को मौज्दात** | - | २५२,५३८ | २५२,५३८ |
| | | | |
| १ श्रावण २०८१ को मौज्दात | - | २५२,५३८ | २५२,५३८ |
| यस वर्षको ह्रासकट्टी | | ८१,८३१ | ८१,८३१ |
| यस वर्षको हानी नोक्सानी | - | | - |
| विक्रि/ डिस्पोजल | | | - |
| समायोजन | | | - |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | - | ३३४,३६९ | ३३४,३६९ |
| | | | |
| खुद किताबी मूल्य | | | |
| **आषाढ मसान्त २०८१ को मौज्दात** | २,२५५,११७ | १५६,६१९ | २,४११,७३६ |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | २,२५५,११७ | ७४,७८८ | २,३२९,९०५ |

४.९ स्थगन कर सम्पत्ति

| विवरण | यस वर्ष | | |
|---|---|---|---|
| | स्थगन कर सम्पत्ति | स्थगन कर दायित्व | खुद स्थगन कर सम्पत्ति/(दायित्व) |
| **अस्थायी भिन्नतामा स्थगन कर** | | | |
| सदस्यलाई दिएको कर्जा तथा सापट | | | |
| लगानी सम्पत्ति | | १८९,४३९ | (१८९,४३९) |
| सुरक्षणपत्रमा लगानी | | | |
| सम्पत्ति तथा उपकरण | | ४५,६०८ | (४५,६०८) |
| ख्याति तथा अमूर्त सम्पत्ति | | १,८२४ | (१,८२४) |
| लिज दायित्व | १३३,८८२ | | १३३,८८२ |
| व्यवस्था | | | |
| अन्य अस्थायी भिन्नताहरू | | | |
| **अस्थाई भिन्नतामा स्थगन कर** | १३३,८८२ | २३६,८७१ | (१०२,९८९) |
| अघि सारेको अनुपयोग कर घाटामा स्थगन कर | | | |
| करको दरमा परिवर्तनले सिर्जना भएको स्थगन कर | | | |
| **आषाढ मसान्त २०८२ मा खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | | | (१०२,९८९) |
| १ श्रावण २०८१ मा स्थगन कर (सम्पत्ति)/दायित्व | | | (१०२,९८९) |
| **यस वर्ष सिर्जना भएको/(फिर्ता भएको)** | | | - |
| नाफा नोक्सान हिसाबमा देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | - |
| अन्य विस्तृत आम्दानीमा देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | |
| इक्विटीमा सिधै देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | |
| | | | |
| **अस्थायी भिन्नतामा स्थगन कर** | | | |
| सदस्यलाई दिएको कर्जा तथा सापट | | | - |
| लगानी सम्पत्ति | | १८९,४३९ | (१८९,४३९) |
| सुरक्षणपत्रमा लगानी | | | |
| सम्पत्ति तथा उपकरण | | ४५,६०८ | (४५,६०८) |
| ख्याति तथा अमूर्त सम्पत्ति | | १,८२४ | (१,८२४) |
| लिज दायित्व | १३३,८८२ | | १३३,८८२ |
| व्यवस्था | | | |
| अन्य अस्थायी भिन्नताहरू | | | |
| **अस्थाई भिन्नतामा स्थगन कर** | १३३,८८२ | २३६,८७१ | (१०२,९८९) |
| अघि सारेको अनुपयोग कर घाटामा स्थगन कर | | | |
| करको दरमा परिवर्तनले सिर्जना भएको स्थगन कर | | | |
| **आषाढ मसान्त २०८१ मा खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | | | (१०२,९८९) |
| १ श्रावण २०८० मा स्थगन कर (सम्पत्ति)/दायित्व | | | (१०३,२४६) |
| **यस वर्ष सिर्जना भएको/(फिर्ता भएको)** | | | २५७ |
| नाफा नोक्सान हिसाबमा देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | २५७ |
| अन्य विस्तृत आम्दानीमा देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | |

| | | | |
|---|---|---|---|
| इक्विटीमा सिधै देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | |

## ४.१० अन्य सम्पत्ति

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| अग्रिम भुक्तानी र धरौटी | ५७९,६१८ | ६३०,०९१ |
| लिन बाँकी आसामी | ९१४,७३९ | ९०८,७५७ |
| स्थगन कर्मचारी खर्च | - | ९३३ |
| अन्य | - | - |
| **जम्मा** | १,४९४,३५७ | १,५३९,७८२ |

## ४.११ सदस्यबाट निक्षेप

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| अनिवार्य बचत | ४१,३६८,२४९ | ३१,०८६,३२४ |
| कारोबार बचत | ७९९,५४८,९२१ | ३८६,०३८,४३९ |
| आवधिक (मुद्दती) निक्षेप | ३१९,४९३,७०० | ५८३,१०५,४०० |
| **जम्मा** | १,१६०,४१०,८७० | १,०००,२३०,१६३ |

## ४.१२ तिर्न बाँकी कर्जा सापटी

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थाहरूबाट | - | - |
| अन्य संस्थाबाट | - | १२३,०१३,७२२ |
| **जम्मा** | - | १२३,०१३,७२२ |

## ४.१३ व्यवस्था

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| लापरवाही (redundancy) को लागि व्यवस्था | - | - |
| पुनःसंरचनाको लागि व्यवस्था | - | - |
| कानुनी तथा करको मुद्धा मामिला | - | - |
| Onerous सम्झौता | - | - |
| अन्य | - | - |
| **जम्मा** | - | - |

## ४.१४ अन्य दायित्व

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| परिभाषित कर्मचारी लाभ योजना सम्बन्धि दायित्व | - | - |
| करकट्टी तिर्न बाँकी | १,९४१,५२९ | १,७७५,७३३ |
| क्रेडिटर्स तथा बक्यौता | ६७३,१६७ | १,१९०,९१८ |
| सामाजिक सुरक्षा कोषमा जम्मा गर्न बाँकी | १३७,७१० | १३३,०१२ |

| | | |
|---|---|---|
| पट्टा दायित्व | ५६८,३६४ | १,३३८,८१७ |
| अन्य | ६२०,६४० | ५८७,४४९ |
| **जम्मा** | ३,९४१,४१० | ५,०२५,९२९ |

४.१५ **शेयर पूँजी**

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| साधारण शेयर | १४३,८३१,२०० | १४५,००८,८०० |
| जम्मा | १४३,८३१,२०० | १४५,००८,८०० |

| साधारण शेयर | | |
|---|---|---|
| **विवरण** | **यस वर्ष** | **गत वर्ष** |
| अधिकृत पूँजी | | |
| ५,०००,०००, साधारण शेयर प्रति रु. १०० | ५००,०००,००० | |
| ५,०००,०००, साधारण शेयर प्रति रु. १०० | | ५००,०००,००० |
| जारी पूँजी | | |
| १,४३८,३१२ साधारण शेयर प्रति रु. १०० | १४३,८३१,२०० | |
| १,४५०,०८८ साधारण शेयर प्रति रु. १०० | | १४५,००८,८०० |
| **जम्मा** | १४३,८३१,२०० | १४५,००८,८०० |

४.१६ **जगेडा तथा अन्य कोषहरू**

| विवरण | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
|---|---|---|
| साधारण जगेडा कोष | ४०,७८५,९९८ | ३६,३६१,२८० |
| पूँजी फिर्ता कोष | ३,३१८,५३८ | ३,७१३,३७१ |
| सहकारी प्रवर्द्धन कोष | ४१४,८७५ | ३४८,५०५ |
| लाभांश कोष | ५,९३७,७५६ | ६,६३९,५०७ |
| कर्मचारी बोनश कोष | ९८८,९२४ | १,१०६,५८५ |
| सहकारी बिकास कोष | ४९४,४६२ | ५५३,२९२ |
| सहकारी शिक्षा कोष | ४९४,४६२ | ५५३,२९२ |
| घाटापूर्ति कोष | ३,९३०,७६३ | ३,४३६,३०१ |
| स्थिरीकरण कोष | ४९४,४६२ | - |
| अन्य जोखिम व्यहोर्ने कोष | १,०४७,७५४ | ५५३,२९२ |
| सामुदायिक बिकास कोष | ४९४,४६२ | ५५३,२९२ |
| **जम्मा** | ५८,४०२,४५८ | ५३,८१८,७१८ |

४.१७ **व्याज आम्दानी**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| सदस्यलाई दिएको कर्जा तथा सापट | १५७,३४६,७८३ | १६६,२१८,८८६ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ३,१८६,८५० | ४,०३८,८२८ |
| सुरक्षणपत्रमा लगानी | २,६३०,१४४ | १,१०१,५७५ |

| | | |
|---|---|---|
| कर्मचारी कर्जा तथा सापट | - | १८,२७३ |
| अन्य | - | - |
| **जम्मा व्याज आम्दानी** | १६३,१६३,७७७ | १७१,३७७,५६३ |

**४.१८ व्याज खर्च**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| सदस्यको निक्षेप | १२०,९२१,९३७ | ११५,४९५,२१० |
| बैंक तथा वित्तीय संस्थाको सापटी | - | - |
| अन्य संस्थाको सापटी | ४,६९८,६७१ | १८,६२२,१३१ |
| **जम्मा व्याज खर्च** | १२५,६२०,६०८ | १३४,११७,३४१ |

**४.१९ शूल्क तथा कमिशन आम्दानी**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| कर्जा व्यवस्थापन तथा प्रशासनिक शुल्क | ३,९१६,५९० | ९,४८७,८६९ |
| सेवा शुल्क | ७,६१४,२२३ | ८,९६५,७३१ |
| अन्य शूल्क तथा कमिशन आम्दानी | २५०,६४७ | ३४२,७५० |
| **जम्मा शूल्क तथा कमिशन आम्दानी** | ११,७८१,४५९ | १८,७९६,३४९ |

**४.२० शूल्क तथा कमिशन खर्च**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| कर्जा व्यवस्थापन तथा प्रशासनिक खर्च | - | - |
| अन्य शूल्क तथा कमिशन खर्च | १२३,७७४ | २४०,७१७ |
| **जम्मा शूल्क तथा कमिशन खर्च** | १२३,७७४ | २४०,७१७ |

**४.२१ खुद व्यापारिक आम्दानी**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| व्यापारिक सम्पत्तिको उचित मूल्यमा परिवर्तन | - | - |
| व्यापारिक सम्पत्तिको विक्रिमा भएको आम्दानी/(नोक्सान) | - | - |
| व्यापारिक सम्पत्तिमा व्याज आम्दानी | - | - |
| व्यापारिक सम्पत्तिमा लाभांश आम्दानी | - | - |
| अन्य | - | - |
| **जम्मा खुद व्यापारिक आम्दानी** | - | - |

**४.२२ अन्य संचालन आम्दानी**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|

| | | |
|---|---|---|
| लगानी सम्पतिको उचित मूल्यमा आम्दानी/(नोक्सान) | - | - |
| इक्विटी उपकरणमा लाभांश | ९४५,४०७ | ८६३,६५७ |
| सम्पत्ति तथा उपकरण विक्रीमा आम्दानी/(नोक्सान) | - | - |
| लगानी सम्पत्तिको विक्रीमा आम्दानी/(नोक्सान) | - | - |
| संचालित पट्टा (लिज) को आम्दानी | २१७,८०० | १९८,००० |
| विविध | ५८६,८२३ | ३३६,७७१ |
| **जम्मा अन्य संचालन आम्दानी** | १,७५०,०३० | १,३९८,४२९ |

४.२३ **कर्जा तथा अन्य सम्पतिमा भएको नाक्सानी / (फिर्ता)**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| ग्राहकलाई दिएको कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/(फिर्ता) | ६,७०८,१८४ | ५,३०१,५७० |
| सम्पत्ति तथा उपकरणमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| ख्याती र अमुर्त सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| लगानी सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता | - | - |
| **जम्मा** | ६,७०८,१८४ | ५,३०१,५७० |

४.२४ **कर्मचारी खर्च**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| तलव तथा भत्ता | ८,४०४,८३५ | ७,८२९,७२३ |
| सामाजिक सुरक्षा कोषमा योगदान | १,०४३,०२३ | १,१३०,६३३ |
| पोशाक | ५६,८७५ | १०६,०५९ |
| तालिम तथा विकास खर्च | १,६९५ | ९०० |
| NFRS अन्तर्गत वित्तीय खर्च | - | १८,२७३ |
| जम्मा | ९,५०६,४२८ | ९,०८५,५८८ |

४.२५ **अन्य संचालन खर्च**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| संचालक बैठक भत्ता | १,७५६,००० | २,२१६,००० |
| संचालन सम्बन्धि खर्च | १,९३२,६२० | ३,२०३,३३२ |
| वार्षिक/विशेष साधारण सभा बैठक खर्च | १,६७२,९२० | १,६६४,२४६ |
| कार्यालय प्रशासनिक खर्च | ३,४७१,८८८ | ३,३५०,५६८ |
| लेखापरीक्षण शुल्क | ३१६,४०० | २२६,००० |
| व्यवसायिक तथा कानुनी खर्च | २५९,९०० | ३१६,४०० |
| अन्य खर्च | ३,६९५,९६५ | ७,४२६,१५८ |
| **जम्मा अन्य संचालन खर्च** | १३,१०५,६९२ | १८,४०२,७०३ |

४.२५.१ **कार्यालय प्रशासनिक खर्च**

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| बिजुली तथा पानी | १८५,४६१ | १९७,२९२ |
| मर्मत तथा सम्भार | ११३,५६४ | ६०,४७२ |
| वीमा खर्च | ३४२,३०५ | २६४,०९० |
| संचार खर्च | ९५,४०३ | ११०,१४९ |
| मसलन्द तथा छपाई | ७७९,४०१ | ५६६,९८६ |
| विज्ञापन खर्च | ११०,७८० | ९३,६९० |
| चन्दा | १०,००० | १५२,००० |
| सफ्टवेयर AMC खर्च | ७२५,८०७ | ८५८,६२० |
| प्रोवेशन नविकरण | ७५,००० | ७५,००० |
| अन्य कार्यालय प्रशासनिक खर्च | १,०३४,१६७ | ९७२,२६९ |
| **जम्मा कार्यालय प्रशासनिक खर्च** | ३,४७१,८८८ | ३,३५०,५६८ |

### ४.२६ ह्रास तथा परिशोधन खर्च

| विवरण | २०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको | २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको |
|---|---|---|
| सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी | १,५३८,४७९ | १,५३१,१२४ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी | ५४,१२५ | ५४,१२५ |
| अमुर्त सम्पत्तिको परिषोधन | ८१,८३१ | ८१,८३१ |
| **जम्मा ह्रास तथा परिशोधन खर्च** | १,६७४,४३५ | १,६६७,०८० |

## ५. अतिरिक्त प्रकटिकरण तथा जानकारी

### ५.१ सम्बन्धित पक्षहरूसंगको कारोबारको खुलासा

सहकारीले साधारण तबरले NAS-24- Related party disclosures अन्तर्गत परिभाषित देहाय बमोजिमका सम्बन्धित पक्षहरूसँग कारोबार गरको छ।

| क्र.सं. | नाम | वर्ग | सहकारीसंग सम्बन्ध |
|---|---|---|---|
| १ | मोहन कृष्ण श्रेष्ठ | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | अध्यक्ष |
| २ | सरु श्रेष्ठ | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | उपाध्यक्ष |
| ३ | बालकृष्ण श्रेष्ठ | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | सचिव |
| ४ | श्याम प्रधान | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | कोषाध्यक्ष |
| ५ | विवेक श्रेष्ठ | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | संचालक |
| ६ | बाबुकृष्ण श्रेष्ठ | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | संचालक |
| ७ | नविनमान श्रेष्ठ | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | संचालक |
| ८ | करुणा मर्हजन | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | संचालक |
| १० | अनिता अवाले श्रेष्ठ | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | संचालक |
| ११ | श्रीराम श्रेष्ठ | | लेखा सुपरिवेक्षण समिति संयोजक |
| १२ | रमिता ख्वाँउजु | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | लेखा सुपरिवेक्षण समिति सदस्य |

| | | | |
|---|---|---|---|
| १३ | अभन्तिका श्रेष्ठ | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | लेखा सुपरिवेक्षण समिति सदस्य |
| १४ | जगत कृष्ण श्रेष्ठ | प्रमुख व्यवस्थापकीय व्यक्तित्व | प्रमुख कार्यकारी अधिकृत |

**सम्बन्धित पक्ष**

NAS 24 "Related Party Disclosures" को अनुच्छेद ९ अनुसार सम्बन्धित पक्ष भन्नाले वित्तीय विवरण तयार गर्दै गरको प्रतिवेदक संस्थासंग सम्बन्धित व्यक्ति भन्ने बुझिन्छ । कुनै व्यक्ति वा उसको निकट परिवारको सदस्य प्रतिवेदक संस्थाको सम्बन्धित व्यक्ति भनेर कहलिन्छ , यदि उक्त व्यक्तिको :

क) प्रतिवेदक संस्थामा नियन्त्रण वा संयुक्त नियन्त्रण भएमा, वा

ख) प्रतिवेदक संस्थामा अर्थपुर्ण प्रभाव भएमा, वा

ग) प्रतिवेदक संस्थामा प्रमुख व्यवस्थापकीय व्यक्तित्व अन्तर्गत सदस्यता भएमा

सम्बन्धित पक्ष कारोबार भन्नाले प्रतिवेदक संस्था र सम्बन्धित पक्षको बिचमा, मुल्य सहित वा मुल्य रहित, स्रोत तथा साधान, सेवा र दायित्वको हस्तानतरण भन्ने बुझिन्छ ।

**प्रमुख व्यवस्थापकीय व्यक्तित्वहरू (Key Management Personnels)**

संस्थाको गतिविधिहरूसम्बन्धि योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका, संचालक (कार्यकारी वा अन्यथा) सहितका, व्यक्तिहरूलाई त्यस संस्थाको प्रमुख व्यवस्थापकीय व्यक्तित्वहरूको रुपमा लिइन्छ ।

सहकारीले यस परिभाषा अनुरुप सहकारीको संचालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण व्यवस्थापन तहका कर्मचारीहरूलाई सहकारीको प्रमुख व्यवस्थापकीय व्यक्तित्वका रुपमा पहिचान गरेको छ ।

संचालक समिति तथा विभिन्न समितिका पदाधिकारीहरूको बैठक भत्ता :

| **विवरण** | **बैठक भत्ता** (रु.) |
|---|---|
| संचालक समिति | १,६७५,००० |
| लेखा सुपरिवेक्षण समिति | ४५,००० |
| ऋण उप समिति | ९,००० |
| अन्य उप समितिहरू | २७,००० |
| जम्मा खर्च | १,७५६,००० |

**प्रमुख व्यवस्थापकीय व्यक्तित्वहरूसागको ऋण कारोबार**

| प्रमुख व्यवस्थापकिय व्यत्तित्वहरू (KMPs) | ऋण बाँकि (रु.) |
|---|---|
| संचालक समिति | १७,१५९,९०३ |
| कुल जम्मा | १७,१५९,९०३ |

**प्रमुख कार्यकारी अधिकृतको प्राप्ति तथा सुविधा**

| विवरण | प्रमुख कार्यकारी अधिकृत (रु.) |
|---|---|
| तलब तथा भत्ता | १,६२३,९०४ |
| समाजिक सुरक्षा कोष | १९५,९४८ |
| बोनस | २१३,३५४ |
| कुल जम्मा | २,०३३,२०६ |

### ५.२ प्रतिवेदन मिति पछिका घटना

प्रतिवेदन मिति पछिका घटना भन्नाले त्यस्ता अनुकल तथा प्रतिकुल घटनाहरू पर्दछन, जुन प्रतिवेदन मिति र वित्तीय विवरणको प्रकाशनका लागि अधिकार प्रदान गरिएको मितिको बिचमा आईपर्दछन । वित्तीय विवरणमा समायोजन तथा खुलासा आवश्यक हुने कुनै त्यस्ता परिस्थितिहरूको प्रतिवेदन मितिपछि सिर्जना भएन ।

| | | | | | |
|---|---|---|---|---|---|
| **विवेक श्रेष्ठ**<br>सञ्चालक | **श्याम प्रधान**<br>कोषाध्यक्ष | **बालकृष्ण श्रेष्ठ**<br>सचिव | **सरु श्रेष्ठ**<br>उपाध्यक्ष | **मोहनकृष्ण श्रेष्ठ**<br>अध्यक्ष | **सि.ए. सुदिप पाण्डे**<br>सुदिप पाण्डे एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |
| **बाबुकृष्ण श्रेष्ठ**<br>सञ्चालक | **नविनमान श्रेष्ठ**<br>सञ्चालक | **करुणा महर्जन**<br>सञ्चालक | **अनिता अवाले श्रेष्ठ**<br>सञ्चालक | **जगतकृष्ण श्रेष्ठ**<br>प्रमुख कार्यकारी अधिकृत | **श्रीराम श्रेष्ठ**<br>संयोजक<br>लेखासुरीवेक्षण समिति |


# बंगलामुखी साकोस गीत

बंगलामुखी बचत तथा ऋण सहकारी ।
पार्दशीताले मन बुझाइदिने यही हो सहकारी ।

थोपा थोपा, पानीका बुँदले, भोली गीत गाउँछ ।
तिर्खा लाग्दा, प्यास मेटाउन, उभाउन पाउँछ ।
दिनौं जम्मा, गर्ने बानीले नसोचेकै हुन्छ ।
जस्तो विरुवा, रोपियो उस्तै, सुवास दिएकै हुन्छ ।

मन र वचन, साक्षी राखी, सुरक्षित पारौं ।
तीन तीन महिनामा, ब्याज पाइने, आजै जम्मा पारौं ।
चाहेको बेला, सहकारीबाट, ऋण पनि सहजै पाइने ।
आफ्नै ठाउँको सहकारी भए सुरक्षित हुने ।

**रचना तथा संगीत**
**लोक गायक रत्न बेहोसी**


विजयादशमी तथा
शुभ दीपावली २०८२ तथा
नेपाल सम्वत् ११४६ नयाँ वर्षको
सुखद उपलक्ष्यमा यहाँको सुख,
शान्ति, सुस्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको लागि हार्दिक मंगलमय
शुभकामना
बंगलामुखी
बचत तथा ऋण सहकारी संस्था लि.
Bangalamukhi Saving and Credit Co-operative Ltd.
केन्द्रीय कार्यालय : सूर्यविनायक नगरपालिका वडा नं. २, बसिडोल, बालकोट, भक्तपुर
फोन नं. ०१-५२११११६७, ०१-५९०८७०४
सेवा केन्द्र : शंखधरचोक, मध्यपुर थिमि, भक्तपुर, फोन नं. ०१-५०९३२४४,
ग्वार्को, ललितपुर, फोन नं. ०१-५२०१२०१, ०१-५२०३०७४
Email: banglamukhisaving@hotmail.com
Website: banglamukhisaving.coop.np
facebookpage: Banglamukhi Saving and Credit Co-operative Ltd

## शिक्षा उपसमिति


करुणा महर्जन
संयोजक


रवि श्रेष्ठ
सदस्य


गणेशहरि कुटु
सदस्य

## युवा उपसमिति


विवेक श्रेष्ठ
संयोजक


शौरफ नेपाल
सदस्य


बिरेन्द्र कुटु
सदस्य

## महिला उपसमिति


अनिता अवाले श्रेष्ठ
संयोजक


अनुराधा श्रेष्ठ
सदस्य


सुशिला श्रेष्ठ
सदस्य

## स्वास्थ्य उपसमिति


नविनमान श्रेष्ठ
संयोजक


सरिता श्रेष्ठ
सदस्य


खेमराज खड्का
सदस्य

## संस्थामा कार्यरत कर्मचारीहरु


जगतकृष्ण श्रेष्ठ
(प्रमुख कार्यकारी अधिकृत)


विनेशमान स्थापित
सेवा केन्द्र प्रमुख
(ग्वार्को)


रमिता कायस्थ
सेवा केन्द्र प्रमुख
(मध्यपुर थिमि)


राजकुमार श्रेष्ठ
(शाखा प्रमुख, बालकोट )


प्रतिभा श्रेष्ठ
(कानुनी अधिकृत)


स्मृति श्रेष्ठ
(अधिकृत)


वरुण श्रेष्ठ
(वरिष्ठ सहायक)


रिना महर्जन
(वरिष्ठ सहायक)


सुनिता श्रेष्ठ
(सहायक)


उमेश कायस्थ
(सहायक)


कमला बस्नेत
(सहायक)


प्रतिमा श्रेष्ठ
(सहायक)


जगतकृष्ण श्रेष्ठ
(बजार प्रतिनिधि)


बाबुसुन्दर कायस्थ
(बजार प्रतिनिधि)


बिणा महर्जन
(बजार प्रतिनिधि)


रामकृष्ण दुवाल
(सुरक्षागार्ड)


गीता श्रेष्ठ
(कार्यालय सहयोगी)


कमला श्रेष्ठ
(कार्यालय सहयोगी)


दुर्गा गिरी
(कार्यालय सहयोगी)

# संस्थाको गतिविधिहरू



भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष कृष्णगोविन्द लाखाजुज्यूले संस्थाका १७ औं वार्षिक साधारणसभा उद्घाटन गर्नुहुँदै ।



संस्थाको १७ औं वार्षिक साधारणसभामाबाट निर्वाचित सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समिति ।



संस्थाको १८ औं स्थापना दिवसका दिन संस्थाका अध्यक्ष मोहनकृष्ण श्रेष्ठ, सञ्चालक समितिका पदाधिकारी तथा अतिथिहरू ।



संस्थाका अध्यक्ष मोहनकृष्ण श्रेष्ठज्यूले रणनीतिक व्यवसायिक योजना निर्माण कार्यशालाको उद्घाटन गर्नुहुँदै ।



तीज विशेष कार्यक्रममा सहभागि महिला शेयर सदस्यहरू ।



नेफ्स्कूनका उपाध्यक्ष शान्ति अधिकारीज्यूले साकोस सञ्चालकहरूको क्षमता अभिबृद्धि तालिमको उद्घाटन गर्नुहुँदै ।




नेफ्स्कूनका वरिष्ठ तालिम अधिकृत प्रेमनाथ वाग्लेज्यूले संस्थाको कर्मचारी क्षमता अभिबृद्धि तालिममा उद्घाटन गर्नुहुँदै ।




उद्घोषण तालिममा सहभागिहरू ।